# लेखापरीक्षण प्रतिवेदन

## मिक्लाजुङ गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मिक्लाजुङ गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन
गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय
लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/726

श्रीमान् अध्यक्षज्यू,
मिक्लाजुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मधुमल्ला मोरङ।

**विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
### प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
### काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/726

श्रीमान् अध्यक्षज्यू ,

मिक्लाजुङ गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, मधुमल्ला, मोरङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको राय**

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्ययतर्फ रु१ अर्ब ५१ करोड २ लाख ७९ हजारको लेखापरीक्षण गर्दा रु.५ करोड १५ लाख ८६ हजारको बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.६ लाख ३१ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु १ करोड ७९ लाख ५५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८२ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९ लाख ४१ हजार र पेश्की बाँकी रु.३७ लाख ६० हजार गरी जम्मा रु.५ करोड ९ लाख ५६

हजार बाँकी  रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१९ करोड ६७ लाख ३८ हजार  मध्ये रु.५ करोड २५ लाख २९ हजार सम्परीक्षण भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.१९ करोड ५१ लाख ६५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा-**लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध,  स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वियन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( श्रीकुमार राई )

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १०७ | ५२८ | ५,१५,८६,४५५ | ० | ३२ | ६,३०,८८५ | ० | १०७ | ४९६ | ५,०९,५५,५७० | १,७९,५५,२३४ | २,०९,४१,३१६ | ८२,९९,२०४ | ० | ० | २,९२,४०,५२० | ३७,५९,८१६ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | १९,६७,३८,१७६ | | ५,२५,२८,८६६ | १४४२०९३१० | | ५,०९,५५,५७० | १९५१६४८८० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ८१ | बढी भुक्तानी | २५,५०० |
| २ | २०८१/८२ | ९६ | प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क | ४,२४,६४७ |
| ३ | २०८१/८२ | १०९ | प्रविवेदन पेश नगरेको | ८,५०० |
| ४ | २०८१/८२ | ९५ | नापि बमोजिम भुक्तानी भएको परिमाण भन्दा न्यून खरिद | ३२,७३८ |
| ५ | २०८१/८२ | ८८ | दोहोरो सुविधा | १,३१,५०० |
| ६ | २०८१/८२ | ८६.२ | आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | ८,००० |
| ७ | २०८०/८१ | ६३ | हेमाटोलोजी मेशिनः | ९,५८,२४० |
| ८ | २०८०/८१ | ७५ | स्वरोजगार तालिम :- | ४३,१०० |
| ९ | २०८०/८१ | ४२ | सवारी साधन भाडा | १,१४,३५० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | ८७ | विद्यालयलाई अनुदान | ३,९०० |
| ११ | २०८०/८१ | ३२ | मोटरसाईकल मर्मत :- | १,२३,४०० |
| १२ | २०८०/८१ | ७२ | प्रमाण पेश :- | २४,४१० |
| १३ | २०८०/८१ | ६९ | नविकरण शुल्क : | ९०,००० |
| १४ | २०८०/८१ | ३४ | चाडबाड खर्च :- | ४८,७३७ |
| १५ | २०८०/८१ | ३१ | घर भाडा :- | १,४०,४०० |
| १६ | २०८०/८१ | ३३ | गत आ.ब.को भुक्तानी :- | १,८५,४२८ |
| १७ | २०८०/८१ | २९ | कर्मचारी संचयकोष : | ५,८१,६१० |
| १८ | २०८०/८१ | ९७.३ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (व.उ.शि.नं.३७०००११६४) | १,२६,१४,३१३ |
| १९ | २०७९/८० | ६५ | सहभागी भत्ता | १,९५,००० |
| २० | २०७९/८० | ५७ | लोकसेवा तयारी कक्षा | ५,००० |
| २१ | २०७९/८० | ६० | पुल तथा फाजिल कर्मचारी | १२,९९,०५१ |
| २२ | २०७९/८० | ६८ | पकेट विकास कार्यक्रम | ५,८२,४०० |
| २३ | २०७९/८० | ४५ | खेलकुद कार्यक्रम | ९७,००० |
| २४ | २०७९/८० | १४ | कर्मचारी करार | ४०,८९,८८६ |
| २५ | २०७८/७९ | ३६ | वार्षिक खरिद योजना | २,८६,१७२ |
| २६ | २०७८/७९ | ४७.३ | आन्तरिक लेखापरीक्षण तर्फको बेरुजु | ८२,९८७ |
| २७ | २०७८/७९ | ९२.1 | आन्तरिक आय तर्फ | ६१,३८,४३८ |
| २८ | २०७७/७८ | ३३.४ | योजनागत खर्च स्थिति | १०,००,००० |
| २९ | २०७७/७८ | ३५ | महशुलमा थप भुक्तानी | १,१७० |
| ३० | २०७७/७८ | ३७ | फरक खर्च शिर्षक | ६,७०,५४० |
| ३१ | २०७७/७८ | २३ | करार कर्मचारी | १४,९९,२९० |
| ३२ | २०७६/७७ | २ | बढी जिम्मेवारी | ४१४४०७७ |
| ३३ | २०७६/७७ | ८ | करार कर्मचारी | १७८३३४४ |
| ३४ | २०७६/७७ | १४ | अन्य निकायको खर्च | १२५७९० |
| ३५ | २०७६/७७ | ५१ | रकमान्तर | ९८७२५० |
| ३६ | २०७५/७६ | २६ | परामर्शदाताबाट बिस्तृत सर्वेक्षण | ६६४१००७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | २०७५/७६ | २७ | कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको | २१०९७८३ |
| ३८ | २०७५/७६ | ५० | समानिकरण अनुदानबाट प्रोत्साहन भत्ता | १६२४४९९ |
| ३८ | २०७५/७६ | ५३ | विद्युत जरिवाना | ३२३३९ |
| ३९ | २०७५/७६ | ५४ | गाडी भाडा | ८३५३२५ |
| ४० | २०७५/७६ | ६० | बोर्डिङ पास नभएको | २३७०० |
| ४१ | २०७५/७६ | ७६ | निजि शिक्षक नियुक्ति | १०९८००० |
| ४२ | २०७५/७६ | ९९ | आलेप नियुक्ति | १७०००० |
| ४३ | २०७४/७५ | ८ | कर्मचारीलाई खाजा खर्च | १२४२००० |
| ४४ | २०७४/७५ | २५ | दाखिला प्रमाण नभएको | २२६९३० |
| ४५ | २०७४/७५ | २८ | वितरण भरपाइ पेश नभएको | ४१०००० |
| ४६ | २०७४/७५ | २९ | वितरण भरपाइ नभएको | २००००० |
| जम्मा | | | | ५,३१,५९,७५१ |

# मिक्लाजुङ गाउँपालिका, मोरङ

# (८०११३५०८३००)

# मिक्लाजुङ गाउँपालिका , मोरङ

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १५८.९८ वर्ग किलोमिटर तथा ३३ हजार १६७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२५ देखि २०८२।९।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र,

लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्ययतर्फ रु.१ अर्ब ५१ करोड २ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३८३२१।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी तलब भुक्तानी | १८७२१ |
| २ | दोहोरो पदाधिकारी सुविधा | ११९६०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिबेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोबारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोबार सुत्रमा लेखाङ्कन गरेको देखिँदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरुमौज्दात** | | १२३७६७०३२ | **चालुखर्च** | | ३५५०७२७२२ |
| १.संचितकोष | ९९२७९५७० | | १. पालिकातर्फ | १३६४९८५५३ | |
| २.धरौटी | १७५९५७५३ | | २. संघीयसशर्त | २१४९५४२१२ | |
| ३.कार्यसञ्चालनकोष | ६०११०७९ | | ३. संघीयविशेष | ० | |
| ४.अन्य कोष | ८८०६३० | | ४. प्रदेशसशर्त | ३६१९९५६ | |
| **यसवर्षको आय** | | | ५. प्रदेशविशेष | ० | |
| **१.आन्तरिकआय** | | १२९७८७७३ | **पुँजीगतखर्च** | | १८३२६१९१४ |
| **२.वित्तीय हस्तान्तरण (संघ)** | | ४४९५९५६५४ | १. पालिकातर्फ | १४३५७७२३८ | |
| क)समानीकरण अनुदान | १०२५८७६८० | | २. संघीयसशर्त | १०९२०३१४ | |
| ख)राजस्व बाँडफाँट | ९०६३१३२४ | | ३. संघीयविशेष | ७८२९४०० | |
| ग)सशर्त अनुदान | २४७४९६००० | | ४. संघीयसमपुरक | ० | |
| घ)समपुरक अनुदान | ० | | ५. प्रदेशसशर्त | १०९३४९६२ | |
| ङ)विशेष अनुदान | ८०७५००० | | ६. प्रदेशविशेष | ० | |
| च)रोयल्टी | ८०५६५० | | ७. प्रदेशसमपुरक | १००००००० | |
| छ)अन्य | | | अन्तर सरकारी अख्तियारी (संघ) | | १७१४५७१४५ |
| **३.वित्तीय हस्तान्तरण (प्रदेश)** | | ३७४५६०७० | क) सामाजिकसुरक्षा | १५११८८६८० | |
| क)समानीकरण अनुदान | ६९२७००० | | ख)बिद्यालय शिक्षा क्षेत्र योजना केन्द्रस्तर | ३१८००० | |
| ख)राजस्व बाँडफाँट | ५७७९०७० | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७०९३१५० | |
| ग)सशर्त अनुदान | १४७५०००० | | घ) एकिकृतस्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १२८५७३१५ | |
| घ)समपुरक अनुदान | १००००००० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ० |
| ङ)विशेष अनुदान | ० | | ऋणफिर्ता(साँवा) | | ० |
| च)रोयल्टी | ० | | **ऋणको ब्याजभुक्तानी** | | ० |
| छ)अन्य | ० | | **धरौटी फिर्ता तथा सदर स्याहा** | | ७३२१७४७ |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | १७१४५७१४५ | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | ३११५२६५३ |
| क)सामाजिक सुरक्षा तथा संरक्षण | १५११८८६८० | | **अन्य कोषबाट भएको खर्च** | | |
| ख)बिद्यालय शिक्षा क्षेत्र योजना केन्द्रस्तर | ३१८००० | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | ० |
| ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७०९३१५० | | **अन्य सहयोगमा सञ्चालित योजना** | | ० |
| घ)एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १२८५७३१५ | | **अन्य खर्चभएमा** | | ० |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | ० | **अनुदानफिर्ता** | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | ० | **१. संघतर्फ** | | २१८६७०७३ |
| **७. धरौटी आय** | | ७४९५१५७ | क) सशर्तअनुदान | २१६२१४७३ | |
| **८. कार्यसञ्चालन कोष आय** | | २४५९७७५१ | ख) विशेषअनुदान | २४५६०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. अन्य कोषको आय | | १८४७८४९ | ग) समपुरकअनुदान | ० | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | ० | २. प्रदेशतर्फ | | १९५०८२ |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | ० | क) सशर्तअनुदान | १९५०८२ | |
| १२.लागत सहभागिता नगद | | ५८९४१३७ | ख) विशेषअनुदान | ० | |
| १२.राँजश्व बाँडफाँड मालपोत रजिस्ट्रसन | | ३५२६७४४ | ग) समपुरकअनुदान | ० | |
| १२.राँजश्व बाँडफाँड दहत्तर बहत्तर | | २०२८७७२२ | **अन्तिममौज्दात** | | ९३३८९४९९ |
| १२.अन्य आय भएमा | | ४८१३८०० | १. संचितकोषको मौज्दात | ७३४३५६८० | |
| | | | २.धरौटी | १७७६९१६३ | |
| | | | ३. कार्यसञ्चालन कोष विविध खर्च खाता | १२०४०२६ | |
| | | | ४. विविधकोष खाता | ९७४६३० | |
| | | | ३. प्रकोपव्यवस्थापन कोष खाता | ६००० | |
| **जम्मा** | | ८६३७१७८३५ | **जम्मा** | | ८६३७१७८३५ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५११८८६८०।०० , स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ७०९३१५०, एकीकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम रु १२८५७३१५.३ विद्ध्यालय शिक्षा क्षेत्र योजना रु ३१८००० गरी रु १७१४५७१४५.३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ४ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार, यस वर्षको प्राप्ति रु. -२२७४६००५८ र यस वर्षको भुक्तानी रु. -२३१९९३७०१ र बैङ्क मौज्दात रु -४८३७६४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।एकीकृत आर्थिक विवरणमा बैंक मौज्दात रु ९३३८९४९९ भएतापनि बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.३)मा स्रेस्ता अनुसार बैंक मौज्दात रु ९,२९,०५,७३५.४५ उल्लेख भएकोले फरक रु -४८३७६४।०० को सम्वन्धमा हिसाव मिलान हुनुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं २७० अनुसार | १२,३७,६७,०३२.६० | ५१,२४,९०,७४४.९६ | ५३,८३,३४,६३५.११ | ९,२९,०५,७३५.४५ |
| एकीकृत आर्थिक विवरणअनुसार | १२३७६७०३२ | ७३९९५०८०३ | ७७०३२८३३६ | ९३३८९४९९ |
| **फरक** | | **-२२७४६००५८** | **-२३१९९३७०१** | **-४८३७६४** |

५ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १२३७५८३३२.६ मौज्दात रहेकोमा यो वर्ष रु. १२,३७,६७,०३२.६० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८७०० वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

६ **ऋणात्मक मौज्दात**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन म.ले प.फा. नं. २७०मा धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट शिर्षकमा ऋणात्मक मौज्दात रु (५०,१७,४०७.००)उल्लेख भएकोमा सो ऋणात्मक रकमको कारणले आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात मा कमि हुनेहुनाले सो रकम एकिन गरि हिसाब मिलान हुनुपर्दछ ।

७ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमशः सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपूरक र विशेष अनुदानको रकम सम्बन्धीत आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धीत सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| निकाय | अनुदान | प्राप्त | खर्च | बाँकी | फिर्ता गरेको |
|---|---|---|---|---|---|
| सघीय सरकार | शसर्तअनुदान चालु | २३,६४,९६,०००.०० | २१,४९,५४,२१२.१७ | २,१५,४१,७८७.८३ | २,१५,४१,७८७.८३ |
| | शसर्त अनुदान पुँजीगत | १,१०,००,०००.०० | १,०९,२०,३१४.०० | ७९,६८६.०० | ७९,६८६.०० |
| | विषेश अनुदान पुँजीगत | ८०,७५,०००.०० | ७८,२९,४००.०० | २,४५,६००.०० | २,४५,६००.०० |
| प्रदेश सरकार | शसर्तअनुदान चालु | ३७,००,०००.०० | ३६,१९,९५६.०० | ८०,०४४.०० | ८०,०४४.०० |
| | शसर्त अनुदान पुँजीगत | १,१०,५०,०००.०० | १,०९,३४,९६२.०० | १,१५,०३८.०० | १,१५,०३८.०० |
| | विषेश अनुदान पुँजीगत | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० | १,००,००,०००.०० | ० | ० |
| **जम्मा** | | **२८०३२१०००.** | **२५८२५८८४४.१७** | **२२०६२१५५.८३** | **२२०६२१५५.८३** |

८ **बजेट पेश, पारीत र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारीत गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु ७७ करोड ५० लाख ७५ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।९ मा पारीत भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।तोकिएको समयमा अख्तियारी प्रदान गरी आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । उपर्युक्त विवरण अनुसार सभाले विनियोजन

गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक मा सबैभन्दा बढी ८९.०३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा २७.५६ प्रतिशत रहेको छ।

| क्र.सं. | विवरण | बजेट | खर्च | बजेट । खर्चप्रतिशतमा |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | २,६४,०७,५००.०० | १,५२,१०,८३२.०० | ५७.६ |
| २ | सामाजिकविकास | २९,७९,०३,५००.०० | २५,७९,८१,१६८.७७ | ८६.५९ |
| ३ | पूर्वाधारविकास | २७,७५,४७,९००.०० | १४,४९,००,७५०.०० | ५२.२ |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | ६,९४,००,६००.०० | १,९१,२७,२९८.२० | २७.५६ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ११,३५,६६,०००.०० | १०,११,१४,५८६.१४ | ८९.०३ |
| ६ | जम्मा | ७८,४८,२५,५००.०० | ५३,८३,३४,६३५.११ | ६८.५९ |

## १० पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष गाँउपालिका पुँजिगत,संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम,प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम शिर्षकबाट रु १९०४६४४६० खर्च गरेकोमा रु ८६४४५१३१ अर्थात् प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै खरिद रु३५३४०३५ र उपभोक्ता समितिबाट रु७३१०७९८४ अमननतबाट रु.१३६८८६५५ र अन्य(बस,जस्तापाता,खापापाइप,हयुम पाइप,मेशिनरी औजार,फर्निचर,डिपिआर)बाट रु१३६८८६५५ को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| **क्र.सं.** | **उपशीर्षकको नाम** | **खर्च शीर्षक नम्बर** | **खरिद विधि** | **संख्या** | **खर्च रकम** |
|---|---|---|---|---|---|
| **१** | गाँउपालिका पुँजिगत,संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम,प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम | **विभिन्न** | खुला बोलपत्र | २० | ८६४४५१३१ |
| **२** | | | सिलबन्दी दरभाउपत्र | ० | |
| **३** | | | सोझै | ७ | ३५३४०३५ |
| **४** | | | अमानत | ० | १३६८८६५५ |
| **५** | | | उपभोक्ता समिति वा लाभग्राही समुदाय | १४९ | ७३१०७९८४ |
| **६** | | | अन्य(बस,जस्तापाता,खापापाइप,हयुम पाइप,मेशिनरी औजार,फर्निचर,डिपिआर) | २३ | १३६८८६५५ |
| | | | कन्टीन्जेन्सी | ० | |

## ११ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो |
| पुँजीगत खर्चतर्फ | १८,३२,६१,९१३.५६ | २,४९,३३,९४६.०० | २,११,७०,६९०.०० | ५,०४,९०,५४३.५६ | ८,६६,६६,७३४.०० |
| प्रतिशत | १०० | १३.६१ | ११.५५ | २७.५५ | ४७.२९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८,३२,६१,९१३.५६ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २,४९,३३,९४६.०० ( १३.६१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २,११,७०,६९०.०० (११.५५ प्रतिशत) तेस्रो त्रैमासिकमा रु. ५,०४,९०,५४३.५६ (२७.५५ प्रतिशत) र चौथो त्रैमासिक रु. ८,६६,६६,७३४.०० ( ४७.२९प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु५,३१,०९,३९२.०० ( २८.९८प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढ मा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम**

१२.१ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पुँजीगत तथा चालु शीर्षकका ७० योजना तथा कार्यक्रममा विनियोजन भएको रु ५८३१०४००।०० बजेट घट गरी र ७८ कार्यक्रम तथा योजनामा रु. ५८३१०४००।०० थप रकमान्तर गरेको छ । उक्त रकम बजेट रु. ७८ करोड ४८ लाख २५ हजार को तुलनामा ७.४२ प्रतिशत हुन आउँछ। रकमान्तर थप तथा घट गर्दा रकम फरक पर्नुको कारण पालिकाको विशेष सभाले कतिपय थप गरेका योजनामा समेत बजेट विनियोजन गर्ने र सो रकम समेत रकमान्तर थपमा देखिने भएकाले घट र थप भएको रकम फरक पर्न गएको पालिकाले जनाएको छ। कार्यापलिकाले विभिन्न समयमा रकमान्तर निर्णय गरेकोमा सुत्र प्रणालीमा सुरु विनियोजन भएकै कार्यक्रमबाट भुक्तानी भएकाले वास्तविक रकमान्तर रकम र खर्च रकमका सम्वन्धमा यकिन गर्न सकिएन । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१२.२ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय,राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठनको व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ।ऐनमा भएको व्यावस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ

१२.३ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम गठन हुने बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता जनाएतापनि उक्त वैठकको माइन्युट माग गरिएकोमा माईन्युट लेखापरीक्षणमा पेश भएन । जसबाट बजेट तथा तर्जुमा समितिले कानुन वमोजिम कार्यक्रमको प्राथमिकिकरण विषयगत कार्यक्रम लगायतका विषयमा परीक्षण गर्न सकिएन आगामी आर्थिक वर्षको नीति तथा

कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता गर्नेगरी बजेट तर्जुमा गर्नुपर्नेमा सो व्यवस्थाको पालना गरे नगरेको सम्वन्धमा यकिन गर्न सकिएन । पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १३ लेखाप्रणालीको प्रयोग

सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । पालिकाले हाल दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS (Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएकोमा प्रयोग भएका दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय स्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वियन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० मा समावेश हुने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धीत निकायको ध्यान जानुपर्दछ ।

## १४ समानीकरण अनुदानको उपयोग

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट बजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन अनुकुल नहुने गरी पालिकाले समानिकरण अनुदानबाट इन्धन (पदाधिकारी), अनुगमन, मूल्यांकन खर्च जस्ता चालु प्रकृतिका कार्यमा रु.३,१७,४८,७५०.०० बजेट विनियोजन गरी रु.१,४८,७९,७८४.०० खर्च गरेको देखिन्छ । पालिकाले प्राप्त गर्ने अनुदानको रकम पुँजी निर्माण हुने तथा दीर्घकालीन प्रकृतिका खर्चमा विनियोजन गरी खर्च गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | खर्च |
|---|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार -नगद अनुदान | | ३,०८,१८,७५०.०० | १,४१,२४,०६४.०० |
| १ | २२२११ | इन्धन (पदाधिकारी) | १६,९०,०००.०० | ९,८४,९७३.०० |
| २ | २२४११ | सेवार परामर्श खर्च | १५,००,०००.०० | १५,००,०००.०० |
| ३ | २२४१३ | करारसेवा शुल्क | ४,००,०००.०० | ० |
| ४ | २२४१९ | अन्यसेवा शुल्क | १,५०,०००.०० | ० |
| ५ | २२५२२ | कार्यक्रमखर्च | १,४४,७३,७५०.०० | १,११,१२,४९१.०० |
| ६ | २२५२९ | विविधकार्यक्रम खर्च | ३०,०००.०० | ० |
| ७ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ७५,०००.०० | २६,६००.०० |
| ८ | २७२१३ | औषधीखरिदखर्च | २५,००,०००.०० | ५,००,०००.०० |
| ९ | २८२११ | राजस्वफिर्ता | १,००,००,०००.०० | ० |
| २ | कोशी प्रदेश - समानिकरण अनुदान : कोशी प्रदेश -नगद अनुदान | | ९,३०,०००.०० | ७,५५,७२०.०० |
| १ | २२५२२ | कार्यक्रमखर्च | ९,३०,०००.०० | ७,५५,७२०.०० |
| कुल जम्मा | | | ३,१७,४८,७५०.०० | १,४८,७९,७८४.०० |

## १५ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारीत सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५९१ |
| मृत्युदर्ता | २५२ |
| बसाईसराई दर्ता | २९९ |
| विवाह दर्ता | ३१२ |
| सम्बन्धविच्छेद दर्ता | ६२ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण (कि.मी) | ७ किमि |
| कालोपत्रे सडक मर्मत(कि.मी) | ३०० मि |
| ग्राभेल सडक निर्माण(कि.मी) | १५.५ किमि |
| ग्राभेल सडक मर्मत(कि.मी) | ४ किमि |

## १६ दिगो विकास लक्ष्यहरुको स्थानीयकरण

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धी विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ। पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

## १७ वार्षिक खरिद योजना/गुरु योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १८ करोड ३२ लाख ६१ हजार पुँजीगत खर्च खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र

गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १८ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.१ लाखभन्दा साना ४२ योजनामा रु ३१८०९५६ र रु.१ देखि ५ लाखसम्म ९१ योजनामा रू. २७४३८३५४ खर्च गरेको देखियो। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | बजेट विनियोजित योजना संख्या | विनियोजित बजेट रु. | कार्यान्वयन योजना संख्या | बजेट खर्च रु. |
|---|---|---|---|---|
| रु.१ लाखसम्म | ४५ | ३७१५९५६ | ४२ | ३१८०९५६ |
| रु.१ देखि ५ लाखसम्म | १४६ | ४६८०८९९८ | ९१ | २७४३८३५४ |
| रु.५ देखि १० लाखसम्म | ३९ | ३२०५५००० | १६ | ११५०२६५६ |
| रु.१० देखि २० लाखसम्म | १५ | २५५००००० | ४ | ४५९२९३९ |
| रु.२० देखि ५० लाखसम्म | ११ | ३४९००००० | ११ | २८७६३०४५ |
| रु.५० लाख देखि माथी | ११ | १६८४२२००० | ११ | ११४९८६५१० |
| जम्मा | २६७ | ३११४०१९५४ | १७५ | १९०४६४४६० |

स-साना योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखीनुपर्दछ।

## १९ संगठन तथा कर्मचारी व्यवस्थापन

१९.१ **सँगठन तथा कर्मचारी व्यवस्थापनः** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ६ मा स्थानीय तहमा स्थानीय सरकारी सेवाको सँगठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो सँगठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गरी सँगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सँगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सँगठनको दरबन्दी सृजना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा तोकिएको आधार तथा कारण खुलाई सो समितिले नगर/गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्ने र नगर/गाउँ कार्यपालिकाको सिफारिसमा नगर/गाउँ सभाले दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने र दफा ७ मा दफा ६ बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरुको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा त्यस्तो पद दर्ता गराउनुपर्ने उल्लेख छ। पालिकाको नगरसभाबाट स्वीकृत भएको संशोधित सँगठन तथा व्यवस्थापन सर्भेक्षण,२०८१ मुख्यमन्त्री तथा मन्त्रीपरीषदको कार्यालयमा पठाएकोमा हालसम्म पनि पद दर्ता भई नआएको पाइएको छ। स्वीकृत भएको सँगठन तथा व्यवस्थापन सर्भेक्षण, २०८१ अनुसार नगरपालिकामा १७५ विभिन्न पद नगरसभाबाट स्वीकृत भएको पाइयो। स्वीकृत दरवन्दीमध्ये कार्यपालिकातर्फ ३० ,वडा तर्फ १८ , कृषि तथा पशु सेवा केन्द्र तर्फ ५ ,स्वस्थ्य चौकी तर्फ २८, अस्पताल ३४, सेवा करारमा ६० सहित १७५ दरबन्दी मध्ये ६१ स्थानी पदपूर्ति १०९ जना करारमा नियुक्ति गरी सेवा प्रवाह गरेको छ ।

१९.२

**करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. २५४५८०९२।०० खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले सशर्त कार्यक्रम मा १४, स्वास्थ्य करार २७, पालिका तर्फ १५ , कार्यालय सहयोगी ३४, सरसफाइ कर्मचारी १३, नगरप्रहरी ६ सहित १०९ जना करार सेवा तलब भत्ता बापत रु.२५४५८०९२।०० भुक्तानी गरेको छ। स्थायी पदपुर्ती गर्नुपर्ने पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ।

## २० **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विविध खर्च वापत रु ५०२८७९०।०० खर्च गरेको छ । उक्त खर्च पालिकाको कुल आन्तरिक आय रु १२९७८७७२.६७ को तुलनामा ३८.७४ प्रतिशत रहेको देखिन्छ। यस्तो खर्च खाना खाजा लगायतमा खर्च हुने गरेको देखिन्छ। पालिकाबाट सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा कार्यक्रममा सहभागी हुनेलाई खाना र खाजाको दर तोकेको भएतापनि अन्य अवस्थामा त्यस्तो खर्च कसरी गर्ने वा नगर्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन ।कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड विकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## २१ **सरकारी सम्पत्ती व्यवस्थापन**

२१.१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान मर्मत सम्भार र लिलाम गर्नुपर्ने सामान लिलाम गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको कम्प्युटर मनिटर ५थान, प्रिन्टर ४ थान, फोटोकपी १ थान लगायत ५१ प्रकारका २०८ परिमाणका जिन्सी सामान लिलाम गर्नुपर्ने भनी उल्लेख भएको छ । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदनमा उल्लेख भएको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२१.२ **सरकारी सम्पत्ती अभिलेख** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७(४) मा पालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अद्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अद्यावधिक गरेको देखिएन । पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पूर्ण रुपमा विवरण अद्यावधिक गर्नु पर्दछ ।स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।

• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयबाट यकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ । भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र

आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । नगरपालिकामा भु-उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र वर्गीकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

## २२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्वेश्य अनुसार पालिकाले निर्धारीत विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

बजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो विकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिबाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पूर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९. मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्यावधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यवस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका बिल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोबारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो बेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ ।

२३ **अनुगमन, मूल्यांकन र भ्रमण खर्च परीक्षण**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धीत कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी अनुगमन तथा मूल्याकंनमा रु २२०१६४०।०० र भ्रमण खर्चमा रु २८५५१४।०० लेखेकोछ। नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२४ **कानून निर्माण एवं कार्यान्वयन**

२४.१ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ ऐन, ७ नियमावली , ४१ कार्यविधि , ८ निर्देशिका लगायत ७५ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवस्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२४.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप २९ विवाद दर्ता भएकोमा ३१ वटा फर्स्यौट भई १२ बाँकी वटा रहेको विवरण प्राप्त भएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२५ **खर्च स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाले चालु खर्चमा विनियोजन रु ४५,४९,८३,०००.०० को ७८.०४ प्रतिशत खर्च रु३५,५०,७२,७२१.५५ गरेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा रु३२,९८,४२,५००.०० विनियोजन गरी ५५.५६ प्रतिशत खर्च रु

१८,३२,६१,९१३.५६ गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| क .सं. | विवरण | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | बजेट | ४५,४९,८३,०००.०० | ३२,९८,४२,५००.०० | ७८,४८,२५,५००.०० |
| २ | खर्च | ३५,५०,७२,७२१.५५ | १८,३२,६१,९१३.५६ | ५३,८३,३४,६३५.११ |
| ३ | खर्चप्रतिशत | ७८.०४ | ५५.५६ | ६८.५९ |

## २६ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु १२९७८७७२.६७ र राजस्व बाँडफाँट र अनुदानबाट प्राप्त समेत रु ५१,२४,९०,७४४.९६आम्दानी भएकोमा चालु तर्फ रु ३५,५०,७२,७२१.५५ र पुँजीगत तर्फ रु १८,३२,६१,९१३.५६ समेत रु ५३,८३,३४,६३५.११ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु ७१०८०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ५४.७६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६५.९५ प्रतिशत चालु र ३४.०५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## २७ कार्यालय सम्बन्धी खर्च

कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिदमा रु ५५११८८०।०० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी छ । पटक पटक बिभिन्न मितिहरुमा सोझै खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

## २८ इन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ४ पाङ्ग्रे सवारी साधन ३ थान , ट्याक्टर १ ,जे.सि.बि. ब्याको लोडर १, एम्बुलेन्स १ , मोटरसाइकल २६ थान रहेकोमा इन्धन पदाधिकारी शीर्षक मा रु ३१६६९७३।०० इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू ४६००८२६।०० र इन्धन अन्य शिर्षकमा रू ३९६००। गरी जम्मा रू. ७८०७३९९।०० इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र ,जे.सि.बि. ब्याको लोडर जस्ता सवारीको प्रयोग अवधि र उक्त सवारीले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारीत बनाउनु पर्दछ।

## २९ पदाधिकारी सुविधा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३. मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रु ७१०८००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. १२९७८७७२.६७ रहेको छ।जुन आन्तरिक आयको ५४.७६ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारीत बनाउनु पर्दछ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष ९ जना | कार्यपालिका सदस्य ५ जना | सभा सदस्य ३3 जना | जम्मा 49 जना |
|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन भत्ता | १०००० | १०००० | ४००० | २००० | ० | ६६००० |
| २ | यातायात खर्च | ० | ० | ४००० | २५०० | २००० | ११४५०० |
| ३ | टेलिफोन,मोबाइल | ३००० | ३००० | २००० | १५०० | १००० | ६४५०० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | २००० | २००० | १००० | १००० | १००० | ५१००० |
| ५ | समन्वय तथा सहजीकरण/ खाजा खर्च | ५००० | ५००० | ३००० | १५०० | १५०० | ९४००० |
| ६ | अतिथि सत्कार | ९००० | ५००० | ४००० | २००० | १५०० | १०९५०० |
| ७ | खानेपानी/ बिजुली | २५०० | २५०० | १००० | ५०० | ५०० | ३३००० |
| ८ | सरसफाई | २५०० | २५०० | १००० | १००० | ० | १९००० |
| | जम्मा | ३४००० | ३०००० | २०००० | १२००० | ७५०० | ५४१०००० |
| | चाडपर्व खर्च | १०००० | १०००० | १०००० | १०००० | १०००० | ४९०००० |
| | **वार्षिक जम्मा** | **४१८०००** | **३७००००** | **२२५००००** | **७७००००** | **३३०००००** | **७१०८०००** |

३० **बैठक भत्ता भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता वापत रू. १७४६०००।०० र कर्मचारीको बैठक भत्ता वापत रू६०००००।००. समेत जम्मा रू.२३४६०००।०० खर्च गरेको देखियो। जुन आन्तरिक आयको तुलनामा १८.०७ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारीत बनाउनु पर्दछ।

३१ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ४ पाङ्ग्रे सवारी साधन ३ थान , ट्याक्टर १ ,जेसिबि ब्याको लोडर १, एम्वुलेन्स १ , मोटरसाइकल २६ थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. २९८८५४८।०० खर्च गरेको छ ।मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अद्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

३२ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने

र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सबै व्यवस्थाको पालना गरी बिल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

### ३३ त्रुटि सच्याउने अवधिको अभिलेख

सार्वजनिक खरिद नियमावलीको नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धीत निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटि सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा यकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

### ३४ खरिद अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

### ३५ उपभोक्ता समिति/टोल विकास संस्था मार्फत कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । पालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले टोल विकास संस्था गठन परिचालन तथा व्यवस्थापन गरेको छ । योजना तथा कार्यक्रम संचालनको क्रममा देहायको अवस्था देखिएको छ । हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति/टोल विकास संस्थामार्फत नगराउनु पर्नेमा सो समेत गराएको छ ।संस्था मार्फत हुने सबै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

•योजना कार्यान्वयनको लागि संस्था र पालिकाबीच सम्झौता गरेपनि सम्झौता किताबमा रहेका ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

•कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वियनको लागि कार्यतालिका लिएको छैन ।

•पालिकाले संस्थालाई एकमुष्ट भुक्तानी गरेको छ । सार्वजनिक परीक्षण भनी सम्झौता किताबमा रहेको ढाँचा आंशिकरुपमा भरी राखेको छ । अनुगमन समितिबाट अनुगमन भएको देखिन्छ तर अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

•उपभोक्ता समितिसँग सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता संस्थाको लगत राख्ने काम भएको छैन ।

•उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण गर्ने तथा उक्त आयोजनाको स्वामित्व लिई मर्मत

सम्भार गरेको देखिएन ।

•उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा यकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अद्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति भए नभएको यकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक बिल भर्पाई पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३६ **नापी किताब प्रबिष्टी एवं अभिलेख**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि नापी किताबको ढाँचा म.ले.प.फा.न.५०३ मा छ। उक्त ढाँचामा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाइयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धीत नापी किताब स्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

३७ **योजनाको अनुगमन**

स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १६ को उपदफा (४) मा गाउँपालिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार अन्तर्गत योजना तथा कायक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाको सभाले २६७ योजना स्वीकृत गरेकोमा १७५ योजना कार्यान्वयन गरेको देखिन्छ। नमुना छनौटका आधारमा स्रेस्ता परिक्षण गर्दा योजना अनुगमन समितिले पेश गरेको अधिकांश योजना अनुगमन फारमहरुमा योजनाको कार्य प्रगति, सुधार गर्नुपर्ने विषय तथा सुझाव सम्बन्धमा कुनै पनि विवरण उल्लेख नगरी पदाधिकारीहरुले हस्ताक्षरमात्र गरेको देखिन्छ । योजनाहरुलाई उद्देश्य अनुरुप गुणस्तरीय रुपमा सम्पन्न गर्नको लागि निरन्तर अनुगमन गरी यथार्थ अवस्थाको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

३८ **वित्तीय जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कनमा यस पालिकाले २०८१।८२ मा ६१.५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो भने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको आधारमा पालिकाले २०८१।८२ मा ८१.७५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमूल्याङ्कनका क्रममा सँगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मूल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखी नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

३९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

| सि न | क्रियकलाप | संख्या |
|---|---|---|
| १ | कोपोमिसको पासवर्ड प्राप्त गर्ने सहकारी संख्या | १५ |
| २ | कोपोमिस मार्फत आ.ब. ८०/८१ को समष्टिगत प्रतिवेदन पठाउने सहकारी संख्या | १ |
| ३ | कोपोमिस मार्फत मासिक प्रतिवेदन पठाउने औसत सहकारी संख्या | 0 |
| ४ | कोपोमिस मार्फत साधारण सभाको जानकारी पठाउने सहकारी संख्या | १ |
| ५ | कोपोमिस मार्फत साधारण सभाको प्रतिवेदन पठाउने सहकारी संख्या | १ |
| ६ | कोपोमिस मार्फत सम्पत्तिसुद्धिकरण सम्वन्धी विवरण पठाउने सहकारी संख्या | 0 |
| ७ | कोपोमिस मार्फत बैठक सम्वन्धि विवरण पठाउने सहकारी संख्या | 0 |
| ८ | कोपोमिस मार्फत निर्वाचन विवरण पठाउने सहकारी संख्या | 0 |

४० **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ। खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाई प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पूर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४१ **आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धीत विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वियनमा ल्याएको पाइएन।आयोजना वैङ्क स्थापना गरी आयोजनाको छनौट गर्नुपर्ने व्यहोरा गत विगत वर्षको लेखपरीक्षण प्रदिवेदनमा समेत सुझाएकोमा अवस्था यथावत रहेको छ । अत: स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

४२ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण

गरेको पाइएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

४३ **शुन्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।पालिकाले निम्नानुसार कार्यक्रममा शुन्य प्रगति गरेको छ ।लक्ष्य अनुरुप कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

| क्र.सं. | मुख्य कार्यक्रम | बजेट विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्भाव्यउत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाकोसमुहमा प्रबिधि हस्तान्तरण | १,४०,०००.०० | ० | ० |
| २ | कृषि, पशुपन्छीतथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ६०,०००.०० | ० | ० |
| ३ | विपद्का समयमासिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना १५ कार्यान्वयन | ४,००,०००.०० | ० | ० |
| ४ | पोषणमैत्रीस्थानीय शासन प्रवर्द्धन | ३,००,०००.०० | ० | ० |
| ५ | IMNCI कोसचेतनात्मक कार्यक्रम | १,००,०००.०० | ० | ० |
| ६ | रोजगार संवादमञ्चको सञ्चालन | ३०,०००.०० | ० | ० |
| ७ | सीपप्रमाणिकरणका क्रममा परिचालन खर्च | १,००,०००.०० | ० | ० |
| ८ | सेवा प्रदायकसंस्थाहरु संग समन्वय बैठक (बिडीएस, वित्तीय संस्था) | ३०,०००.०० | ० | ० |
| ९ | बजार सम्बन्धविकासका लागि सेवा प्रदायक परिचालन | २,००,०००.०० | ० | ० |
| १० | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु को संजाल, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीहरू बीचअन्तरक्रिया बैठक | १,००,०००.०० | ० | ० |
| ११ | बृति विकासपरामर्स (Career Counseling) | १,००,०००.०० | ० | ० |
| | **जम्मा रु** | **१५६००००।००** | | |

४४ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बेरुजु वापत अनुमानित रु. २,८५,४१,५००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १,२९,७८,७७२.६७ आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने

परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

४६ **आन्तरिक आय अवस्था**

आन्तरिक आय अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| सि.न | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | प्राप्त रु |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | २५,००,०००.०० | ७,१३,१८७.०० |
| २ | ११३१४ | भुमिकर/ मालपोत | १०,००,०००.०० | १४,७३,४५५.२३ |
| ३ | ११३१७ | वहालकर | ७,५०,०००.०० | १५,७२,७३६.४८ |
| ४ | ११३१८ | वहालविटौरी कर | ५०,०००.०० | ७८,५००.०० |
| ५ | ११४५२ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | २५,००,०००.०० | ० |
| ६ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | १,००,०००.०० | ० |
| ७ | ११६२१ | व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | ५०,०००.०० | ० |
| ८ | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १५,००,०००.०० | ९००. |
| ९ | ११६९१ | अन्यकर | १,००,००,०००.०० | ० |
| १० | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | १,५०,०००.०० | ० |
| ११ | १४२११ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | ५,०००.०० | ० |
| १२ | १४२१२ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० | ० |
| १३ | १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | ५,०००.०० | १०,४१०.०० |
| १४ | १४२१७ | नहरतथा कुलो उपयोग वापतको शुल्क | ५,०००.०० | ० |
| १५ | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | २०,०००.०० | ९८,२१०.०० |
| १६ | १४२२१ | न्यायिकदस्तूर | २५,०००.०० | १५,२००.०० |
| १७ | १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | ५०,०००.०० | २,०००.०० |
| १८ | १४२२४ | परीक्षाशुल्क | १,००,०००.०० | १८,२००.०० |
| १९ | १४२२५ | यातायातक्षेत्रको आम्दानी | ५०,०००.०० | ० |
| २० | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ५,००,०००.०० | १,४९,०००.०० |
| २१ | १४२४१ | पार्किङ्गशुल्क | २५,०००.०० | ० |
| २२ | १४२४२ | नक्सापासदस्तुर | १,००,०००.०० | १,२८,२९३.०३ |
| २३ | १४२४३ | सिफारिशदस्तुर | १५,००,०००.०० | १८,२८,६७३.३८ |
| २४ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | १०,००,०००.०० | ४,३०,०५०.०० |
| २५ | १४२४५ | नाताप्रमाणित दस्तुर | २,००,०००.०० | १,११,०००.०० |
| २६ | १४२४९ | अन्यदस्तुर | ७,०५,०००.०० | २,७७,२६५.०० |
| २७ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ६,००,०००.०० | ४,५८,४९५.७५ |
| २८ | १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १०,०००.०० | ० |
| २९ | १४२६२ | विद्युतसम्बन्धी दस्तुर | १०,०००.०० | ० |
| ३० | १४२६३ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ५,०००.०० | ० |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १४२६५ | अन्यक्षेत्रको आय | ५,०००.०० | ० |
| ३२ | १४३११ | न्यायिकदण्ड, जरिवाना र जफत | ३,००,०००.०० | ० |
| ३३ | १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ५,००,०००.०० | ९,५१,६७०.०० |
| ३४ | १४३१३ | धरौटीसदरस्याहा | ४,५८,७००.०० | ० |
| ३५ | १४५२१ | प्रदुषणनियन्त्रण शुल्क | ५,०००.०० | ० |
| ३६ | १४५२९ | अन्यराजस्व | २५,५७,८००.०० | ३७,०४,०६१.०० |
| ३७ | १४६११ | व्यवसायकर | १,००,०००.०० | ६,५७,१४९.०० |
| ३८ | १५१११ | बेरूजू | १०,००,०००.०० | ३,००,३१६.८० |
| **जम्मा** | | | **२,८५,४१,५००.००** | **१,२९,७८,७७२.६७** |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्यून रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७ **नक्शा पास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९. बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरी रहेको छ छैन पालिकाले जाँचबुझ र कारबाही गर्न सक्ने व्यवस्था छ । ऐनमा उक्त व्यवस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति जारी नै नगरेकोमा स्वीकृत मापदण्ड बमोजिम निर्माण भए नभएको जाँचबुझ र कारबाही गरेको अद्यावधिक अभिलेख तयार गरी राखेको पाइएन ।पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४८ **आन्तरिक राजस्व अनुमान र असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५,५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको ५ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण तथा असुलीको अवस्था देहाय बमोजिम रहेको छ ।

| **विवरण** | **आर्थिक वर्ष २०८१।८२** | **आर्थिक वर्ष २०८०।८१** | **आर्थिक वर्ष २०७९।८०** | **आर्थिक वर्ष २०७८।७९** | **आर्थिक वर्ष २०७७।७८** |
|---|---|---|---|---|---|
| अनुमान रु | २,८५,४१,५००.०० | १३,४५,३४,७००.०० | ८,२६,००,०००.०० | १,१७,६०,३३४.०० | २,२२,९३,५००.०० |
| प्राप्ती रु | १,२९,७८,७७२.६७ | ३,२५,६५,१८६.१३ | ३,७२,३३,८७५.०३ | १,७२,६४,५३६.६८ | ६,१७,०३,७६७.६१ |
| **प्रतिशत** | **४५.४७** | **२४.२१** | **४५.०८** | **१४६.८** | **२७६.७८** |

उपर्युक्त विवरण अनुसार पालिकाले आ. व. २०७७।७८ मा आन्तरिक राजस्वको अनुमान रु. २ करोड २२ लाख गरेकोमा रु. ६ करोड १७ लाख( २७६.७८ प्रतिशत) असुली भएको देखिन्छ, आ. व. २०७८।७९ मा आन्तरिक राजस्वको अनुमान रु. १ करोड ७६ लाख गरेकोमा रु. १ करोड ७२ लाख( १४६.८ प्रतिशत) असुली भएको देखिन्छ आ. व. २०७९।८० मा आन्तरिक राजस्वको अनुमान रु. ८ करोड २६ लाख गरेकोमा रु. ३ करोड ७२ लाख( ४५.०८प्रतिशत) असुली भएको देखिन्छ आथिक वर्ष २०८०।८१ यस्तो राजस्व रु.१३ करोड ४५ लाख अनुमान गरेकोमा रु.३करोड २५ लाख ( २४.२१ प्रतिशत) असुली भएको विवरणबाट देखिएको छ । ५ आर्थिक वर्ष को तुलनात्मक विवरणमा आर्थिक वर्ष २०७७।७८मा राजस्व रु. २ करोड २२ लाख अनुमान गरेकोमा रु. ६ करोड १७ लाख असुली भएकोमा यस आर्थिक वर्षमा आन्तरिक राजस्व १ करोड २९ लाख प्राप्त भएको सम्वन्धमा क्रमिक रुपमा आन्तरिक

राजस्व घटेको देखिन्छ सो राजस्व घट्नुको कारण वित्तीय प्रतिवेदनमा खुलासा गरेको छैन । राजस्व घट्नुको कारण को प्रतिवेदन हुनुपर्दछ । आन्तरिक राजस्व अनुमान गर्दा तथ्यपरक ढंगबाट अनुमान गरी असुली गर्ने तथा राजस्वका दायरा बढाई आय वृद्धि गर्नेतर्फ पालिकाले थप पहल गर्नुपर्ने देखिन्छ ।

४९ **दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ मा गाउँपालिकाले आफ्नो क्षेत्रको वातावरणीय प्रभाव मूल्याङकन तथा प्रारम्भिक वातावरणीय परीक्षणवाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटी वालुवा एंव माटोजन्य वस्तुको विक्री गर्न सक्ने व्यवस्था छ । पालिकाको ५ आर्थिक वर्षको दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय को प्रक्षेपण तथा असुलीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विवरण | आर्थिक वर्ष २०८१।८२ | आर्थिक वर्ष २०८०।८१ | आर्थिक वर्ष २०७९।८० | आर्थिक वर्ष २०७८।७९ | आर्थिक वर्ष २०७७।७८ |
|---|---|---|---|---|---|
| अनुमान रु | १६,७१,००,०००.०० | ७,००,००,०००.०० | ६,७०,००,०००.०० | ५,३२,७३,०००.०० | ८,९६,०२,०००.०० |
| प्राप्ती रु | २,०२,८७,७२२.१६ | ६,३२,३१,३९०.७६ | ५,९८,६८,६२५.१२ | ४,४७,५२,००६.९६ | ५,१२,५१,१८५.०५ |
| **प्रतिशत** | **१२.१४** | **९०.३३** | **८९.३६** | **८४.०१** | **५७.२** |

५ आर्थिक वर्ष को तुलनात्मक विवरणमा आर्थिक वर्ष २०८०।८१ मा दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय रु. ७ करोड अनुमान गरेकोमा रु. ६ करोड ३२ लाख असुली भएकोमा यस आर्थिक वर्षमा आन्तरिक राजस्व २ करोड २ लाख प्राप्त भएको सम्वन्धमा क्रमिक रुपमा दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय घटेको देखिन्छ सो रकम घट्नुको कारण वित्तीय प्रतिवेदनमा खुलासा गरेको छैन । राजस्व घट्नुको कारण र प्रभावको प्रतिवेदन हुनुपर्दछ । दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय अनुमान गर्दा तथ्यपरक ढंगबाट अनुमान गरी असुली गर्ने तथा दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आयको दायरा बढाई आय वृद्धि गर्नेतर्फ पालिकाले थप पहल गर्नुपर्ने देखिन्छ ।

५० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान (समानिकरण अनुदान र राजस्व बाँडफाटको योग) | आन्तरिक आय रु. | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४९९५११९७२.२९ | १,२९,७८,७७२.६७ | २.५९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.९८ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

५१ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय रजिष्टेसन दस्तूर वापत रु र व्यवसाय कर रु कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

५२ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यस वर्ष कार्यमा रु ६१७५४५० खर्च गरेको

छ। यसरी कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्श तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

| **क्र.सं.** | **बजेट उपशीर्षक** | **खर्च** | | | | **खरिद विधि** | | | | **कार्यन्वयमा गएको** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **गत वर्ष** | | **यो वर्ष** | | **सिलबन्दी दरभाउपत्र** | | **सिधै वा आसयपत्र** | | **गत वर्ष** | | **यो वर्ष** | |
| | | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| १ | विभिन्न | | | ७ | ६१७५४५० | | | ७ | ६१७५४५० | | | ६ | ५१८१८४ |

५३ **कृषी पशु अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट रु १६६३९३५ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **कार्यक्रम** | **अनुदान रकम** |
|---|---|
| भकारो सुधार कार्यक्रम | १४०००० |
| गडयौला मल उत्पादन कार्यक्रम | १५०००० |
| तरकारी खेती प्रोत्साहन ५०प्रतिशत साझेदारी | ७९९९४६ |
| कृषि औजार उपकरण बितरण ४० प्रतिशत साझेदारीमा | ७१३९८९ |
| सिंचाइ बिशेष कार्यक्रम | ७९४२४० |
| जम्मा रु | १६६३९३५ |

५४ **Construction of cold store Building (ठेक्का नम्बर- १४/MRMM/WORKS/NCB/०८१-८२)**

पालिकाले शित भन्डार निर्माण गर्न रू.१८३७६९०३।५१ को लागत अनुमान तयार गरी बोलपत्रको सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये रू.१२५१२९६३।९७ कबोल गर्ने श्री के.एल.निर्माण सेवाको बोलपत्र स्वीकृत गरी २०८२।२।३०सम्म सम्पन्न गर्ने गरी २०८१।४। २८ मा रू.१२५१२९६३।९७ को खरिद सम्झौता गरेकोमा कार्यपालिकाको २०८२।३।६ को निर्णय बमोजिम २०८२।८।३० सम्म म्याद थप गरेको देखिन्छ। हालसम्म प्रथम रनिङ विल वापत रु.१२५०८९७।४० भुक्तानी भएको छ।जस अनुसार हालसम्मको निर्माण कार्यको वित्तीय प्रगति ९.९९ प्रतिशत मात्र देखिन्छ। यस सम्वन्धमा निम्नानुसारका व्यहोरा देखिएको छ:

५४.१ **पेश्की फछ्यौंट** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने साथै उपनियम ३ बमोजिम पेश्कि दिँदा

वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवम त्यस्तो जमानत लिई पेश्की दिनु पर्ने र उपनियम ४ बमोजिम उपनियम (३) बमोजिम बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले शित भन्डार निर्माणको लागि निर्माण व्यवसायि श्री के.एल.निर्माण सेवालाई पहिलो किस्ता वापत रु.१०७९९०८।०० र दोस्रो किस्ता वापत रु.१०७९९०८।०० गरी रु.२१५९८१६।०० पेश्की दिएकोमा रु.१०७९९०८।०० को म्यान्य अवधी २०८१।१०।२६(२०२५।२।२८) र रु.१०७९९०८।०० को म्यान्य अवधि २०८२।३।१ सम्म रहेको देखियो। लेखापरीक्षणको अवधिसम्म निर्माण कार्यको म्याद समाप्त भएको र म्याद थपको लागि निवेदन समेत नदिएको जानकारी प्राप्त भएकोले खरिद सम्झौता तथा नियमावलीमा भएको व्यवस्था बमोजिम उक्त पेश्की फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २१,५९,८१६ |

५४.२ **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ। पालिकाले शित भन्डार निर्माणका लागि निर्माण व्यवसायि सँग सम्झौता गर्दा कार्यसम्पादन जमानत वापत निर्माण व्यवसायी श्री के.एल.निर्माण सेवाले राखेको जमानत रु.२१,७९,३५५।०० को मान्य अवधि २०८३।३।३० सम्म मात्र रहेको देखियो। पालिकाले निर्माण कार्यको म्याद थप गरी २०८२।८।३० सम्म कायम गरेको अवस्थामा कार्यसम्पादन जमानतको समेत म्याद थप गर्नुपर्ने देखिएकाले कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने देखिन्छ।

५४.३ **सम्झौता विपरित पेश्की** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायी श्री के.एल.निर्माण सेवा र पालिकाबिच भएको मिति २०८१।४।२८ को सम्झौताको बुदा नम्बर ५१.१(GCC५१.१) बमोजिम दोस्रो किस्ता वापतको पेश्की रकम भुक्तानी गर्दा सम्झौता रकमको १० प्रतिशत कार्य सम्पन्न भएको हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाले शित भन्डार निर्माण कार्यको ९.९९ प्रतिशत मात्र कार्य सम्पन्न गरी प्रथम रनिङ बिल पेश गरे पश्चात दोस्रो किस्ता वापत रु.१०७९९०८।०० भुक्तानी गरेको देखिन्छ। पालिकाले खरिद सम्झौताको पुर्ण कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५४.४ **न्युन कार्य प्रगति** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८३।८।३० मा सम्पन्न गर्नुपर्नेमा म्याद थप भएको मितिमा समेत निर्माण कार्य सम्पन्न भएको देखिएन।लेखापरीक्षणको अवधिमा निर्माण कार्यको म्याद समाप्त भएकोमा म्याद थप भएको देखिएन। पालिकाले सम्झौताका शर्त तथा खरिद कानुन वमोजिम निर्माण व्यवसायिलाई थप जवाफदेही वनाई निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनु पर्दछ।

५५ **बेतेनी सिमसार संरक्षण पर्यटकिय क्षेत्र (ठेक्का नम्बर- १२/MRMM/WORKS/NCB/०७७-७८)**

पालिकाले सिमसार संरक्षण पर्यटकिय क्षेत्र निर्माण गर्न रू.७०५४७५१८।३७ को लागत अनुमान तयार गरी बोलपत्रको सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये रू.३७३२६१२२।०० कबोल गर्ने श्री बानिया त्रिवेणी जेभीको बोलपत्र स्वीकृत गरी २०७९।११।३० सम्म सम्पन्न गर्ने गरी २०७८।४।२८ मा रू.३७३२६१२२।०० को खरिद सम्झौता गरेकोमा कार्यपालिकाले तेस्रो पटकको म्याद थप गरी २०८२।९।३० सम्म पुर्याएको देखिन्छ। यस निर्माण कार्यको लागि पेश भएको चौथो रनिङ विलसम्म रु.११५९९७३४।००

भुक्तानी भएको देखिन्छ। यस आर्थिक वर्ष २०८१।८२ मा यस निर्माण कार्यको लागि कुनै भुक्तानी भएको देखिएन। यस सम्वन्धमा निम्नानुसारका व्यहोरा देखिएको छ:

५५.१ **कार्यसम्पादन जमानत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ। पालिकाले सिमसार संरक्षण पर्यटकिय क्षेत्र निर्माणका लागि निर्माण व्यवसायि सँग सम्झौता गर्दा कार्यसम्पादन जमानत वापत निर्माण व्यवसायी श्री बानिया त्रिवेणी जेभीले राखेको जमानत रु.१,०७,४५,७९०।०० को मान्य अवधि २०८३।९।१० सम्म मात्र रहेको देखियो। पालिकाले निर्माण कार्यको म्याद थप गरी २०८२।९।३० सम्म कायम गरेको अवस्थामा कार्यसम्पादन जमानतको समेत म्याद थप गर्नुपर्ने देखिएकाले कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ।

५५.२ **न्युन कार्य प्रगति** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८२।९।३० मा सम्पन्न गर्नुपर्नेमा म्याद थप भएको मितिमा समेत निर्माण कार्य सम्पन्न भएको देखिएन।लेखापरीक्षणको अवधिमा निर्माण कार्यको म्याद समाप्त भएकोमा म्याद थप भएको देखिएन। पालिकाले यस निर्माण कार्यको लागि संस्कृत,पर्यटन तथा नागरिक उड्यन मन्त्रालयसंग आवश्यक स्रोतको व्यवस्था गरिदिने गरी निर्माण कार्य अगाडी बढाएकोले स्रोतको अभावको कारण निर्माण कार्य अलपत्र परि सम्पन्न हुन नसकेको जवाफ पेश गरेको छ। यस निर्माण कार्यको केहि अंश सम्पन्न भएकोले पालिकाले आवश्यक बजेटको व्यवस्थापन गरी सम्झौताका शर्त तथा खरिद कानुन वमोजिम निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

५६ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.100000 बाँकी रहेको देखिन्छ। म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ रु

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको |
|---|---|---|---|---|---|---|---|
| १ | १२/०७/२०८१ | १३९ | ह्विलचियर निर्माण | हरिप्रसाद कोइराला | खापासटे | ०१/११/२०८२ | १०००००। |
| | | | | | | पेश्की | १,००,००० |

५७ **Construction of work in Laxmi Narayan Mandir, Radha Krishna Mandir, Bhagawati shiva Radha Durga mandir and Narayan Mandir (ठेक्का नम्बर ११/MRMM/WORKS/NCB/२०८०-८१)**

पालिकाले विभिन्न मन्दिर निर्माण गर्न रू.११५०७९९४।०० को लागत अनुमान तयार गरी बोलपत्रको सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये रू.७७९५००४।१६ कबोल गर्ने मुक्कुमलुङ बिल्डर्स प्रा.लि.को बोलपत्र स्वीकृत गरी २०८२।२।३० सम्म सम्पन्न गर्ने गरी २०८१।३।९ मा रू.७७९५००४।१६ को खरिद सम्झौता गरेकोमा कार्यपालिकाको २०८२।३।६ को निर्णय बमोजिम २०८२।८।३० सम्म म्याद थप गरेको देखिन्छ। हालसम्म विभिन्न गोश्वरा भौचरबाट दोस्रो रनिङ विलसम्म रु.३९३८६९९।१७ भुक्तानी भएको छ।जस अनुसार हालसम्मको निर्माण कार्यको वित्तीय प्रगति ५०.५३ प्रतिशत मात्र देखिन्छ। यस सम्वन्धमा निम्नानुसारका व्यहोरा देखिएको छ:

५७.१

**पेश्की फछ्र्यौट:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने साथै उपनियम ३ बमोजिम पेश्कि दिँदा वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवम त्यस्तो जमानत लिई पेश्की दिनु पर्ने र उपनियम ४ बमोजिम उपनियम (३) बमोजिम बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न मन्दिर निर्माणको लागि निर्माण व्यवसायि श्री मुक्कुमलुङ बिल्डर्स प्रा.लि.लाई दिएको पेश्की रकम रु.९,००,०००।०० मध्ये रु.४०००००।०० को म्यान्य अवधि २०८२।२।३० सम्म मात्र रहेको देखियो।लेखापरीक्षणको अवधिसम्म निर्माण कार्यको म्याद समाप्त भएको र म्याद थपको लागि निवेदन समेत नदिएको जानकारी प्राप्त भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम उक्त पेश्की फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ४,००,००० |

५७.२ **कार्यसम्पादन जमानत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ। पालिकाले विभिन्न मन्दिर निर्माणका लागि निर्माण व्यवसायि सँग सम्झौता गर्दा कार्यसम्पादन जमानत वापत निर्माण व्यवसायी श्री मुक्कुमलुङ बिल्डर्स प्रा.लि.ले नेपाल बैङ्क लिमिटेडमा राखेको जमानत रु.१२,२२,८५०।०० को मान्य अवधि २०८३।४।१० सम्म मात्र रहेको देखियो। पालिकाले निर्माण कार्यको म्याद थप गरी २०८२।८।३० सम्म कायम गरेको अवस्थामा कार्यसम्पादन जमानतको समेत म्याद थप गर्नुपर्ने देखिएकाले कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने देखिन्छ ।

५७.३ **न्युन कार्य प्रगति** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८३।८।३० मा सम्पन्न गर्नुपर्नेमा म्याद थप भएको मितिमा समेत निर्माण कार्य सम्पन्न भएको देखिएन।लेखापरीक्षणको अवधिमा निर्माण कार्यको म्याद समाप्त भएकोमा म्याद थप भएको देखिएन। पालिकाले सम्झौताका शर्त तथा खरिद कानुन वमोजिम निर्माण व्यवसायिलाई थप जवाफदेही वनाई निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनु पर्दछ।

५८ **साखरे खोला पक्की पुलको डिपिआर**

२९,२०८२।३।२५ सार्वजनिक खरिद नियमावली,२०६४ को अनुसुची १(क) मा परामर्श सेवाको लागत अनुमानको ढाँचा तोकेको छ। पालिकाले साखरे खोला पक्की पुल निर्माणको डिपिआरको लागत अनुमान तयार गर्दा विभिन्न चरण गरी ४ चरणमा कार्य गर्नुपर्ने र उक्त चरण पुरा गर्न ६ हप्ता अर्थात ४२ दिन लाग्ने गरी लागत अनुमात तयार गरेको र सोहि बमोजिम कार्य दिन निर्धारण गरी कुल रु.८८९०८७.६८(कर सहित रु.१००४६६९.००) कोटेशनको माध्यमबाट मिति २०८२।२।१८ मा २०८२।३।२४ मा कार्य सम्पन्न गर्ने गरी श्री फाइनर इन्जिनियरिङ्ग कन्सल्टेन्सि प्रालि संग सम्झौता गरेको देखिन्छ। उक्त सम्झौता पश्चात परामर्शदाताले २०८२।२।१८ बाट कार्य गरी २०८२।३।२३ मा कुल ३७ दिनमा कार्य सम्पन्न गरेको देखिन्छ। पालिकाले उक्त कार्यको लागि चरणबद्ध रुपमा कार्य गर्नुपर्ने भएकोले ४२ दिन लाग्ने गरी लागत अनुमान तयार गरेको र सोहि बमोजिम भुक्तानी गरेकोमा उक्त कार्य ३७ दिनमा सम्पन्न गरेकोले पालिकाले प्रतिदिन रु.२११६८.७५ को दरले ५ दिनको रु.१०५८४३.७७ मा कर सहित रु.११९६०३।०० बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम श्री फाइनर इन्जिनियरिङ्ग कन्सल्टेन्सि प्रालिबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,६०३ |

५९ **डिपिआर तथा गुरुयोजना निर्माण**

२७४,२०८२।३।२५ सार्वजनिक खरिद नियमावली,२०६४ को अनुसुची १(क) मा परामर्श सेवाको लागत अनुमानको ढाँचा तोकेको छ। पालिकाले मंगलबारे सांम्लिग बाटो निर्माणको डिपिआरको लागत अनुमान रु.४४२४२३।००(मुअकर बाहेक) तयार गरी

कोटेशनको माध्यमबाट रु४९७६५२।००(मुअकर सहित) मा श्री विल्ड एण्ड सर्भे इन्जिनियरिङ्ग प्रा.लि.संग सम्झौता गरी रु.४९७६५२।०० भुक्तानी गरेको देखिन्छ। उक्त कार्यको लागि लागत अनुमान तयार गर्दा गर्दा विभिन्न व्यक्तिहरुको यातायात वापतको रकम दोहोरो(पारिश्रमिकको गणना गर्दा पारिश्रमिक र भ्रमण वापत दिन निकालेको र पुन यातायात वापत एकमुष्ट १० प्रतिशत थप समेत गरेको) पर्ने गरी लागत तयार गरेको देखिएकोले दोहोरो पर्ने गरी भुक्तानी भएको रु.४९२५०।००(सम्बन्धित प्राविधिक संग लेखापरीक्षणको क्रममा पारिश्रमिक संग थप गरेको दिनको हिसाब गरी रकम एकिन गरिएको र सोको प्रमाण समावेश गरिएको) श्री विल्ड एण्ड सर्भे इन्जिनियरिङ्ग प्रा.लि.बाट असूल गर्नुपर्ने रु.



| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,२५० |

६० **स्लाब कल्भर्ट निर्माण(ठेक्का नम्बर १०/RMM/WORK/NCB/०८०-८१)**

पालिकाले स्लाब कल्भर्ट निर्माण गर्न रू.९७१०८४१।६२ को लागत अनुमान तयार गरी बोलपत्रको सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये सबैभन्दा न्यून कबोल गर्ने श्री रेनता निर्माण सेवाको बोलपत्र स्वीकृत गरी २०८२।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।२।२० मा रू.६६१४२०९।०४ को खरिद सम्झौता गरेकोमा कार्यपालिकाले म्याद थप गरी २०८२।८।३० सम्म पुर्याएको देखिन्छ। यस निर्माण कार्यको लागि पेश भएको प्रथम रनिङ विल वापत रु.९१७८६२।०० भुक्तानी भएको देखिन्छ। यस सम्वन्धमा निम्नानुसारका व्यहोरा देखिएको छ:

६०.१ **पेश्की फछ्यौंट** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने साथै उपनियम ३ बमोजिम पेश्कि दिँदा वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवम त्यस्तो जमानत लिई पेश्की दिनु पर्ने र उपनियम ४ बमोजिम उपनियम (३) बमोजिम बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले स्लाब कल्भर्ट निर्माणको लागि निर्माण व्यवसायि श्री रेनता निर्माण सेवालाई पहिलो किस्ता वापत रु.५६००००।०० र दोस्रो किस्ता वापत रु.५४००००।०० गरी रु.११०००००।०० पेश्की दिएकोमा म्यान्य अवधी २०८२।३।११ सम्म रहेको देखियो। लेखापरीक्षणको अवधिसम्म निर्माण कार्यको म्याद समाप्त भएको र म्याद थपको लागि निवेदन समेत नदिएको जानकारी प्राप्त भएकोले खरिद सम्झौता तथा नियमावलीमा भएको व्यवस्था बमोजिम उक्त पेश्की फछ्यौंट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ११,००,००० |

६०.२ **सम्झौता विपरित पेश्की** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायी श्री रेनता निर्माण सेवा र पालिकाबिच भएको मिति २०८१।२।२० को सम्झौताको बुदा नम्बर ५७.१(GCC५७.१) बमोजिम दोस्रो किस्ता वापतको पेश्की रकम भुक्तानी गर्दा सम्झौता रकमको १० प्रतिशत कार्य सम्पन्न भएको हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाले प्रथम किस्ता वापत २०८१।६।९ मा रु.५६००००।०० भुक्तानी दिएको र कुनै कार्य प्रगति वापत दोस्रो किस्ताको रकम रु.५४००००।०० मिति २०८१।९।१७ मा दिएको देखिन्छ। पालिकाले खरिद सम्झौताको पुर्ण कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६०.३ **कार्यसम्पादन जमानत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ। पालिकाले स्लाब कल्भर्ट निर्माणका लागि निर्माण व्यवसायि सँग सम्झौता गर्दा कार्यसम्पादन जमानत वापत निर्माण व्यवसायी श्री रेनता निर्माण सेवाले राखेको जमानत रु.११,५०,७१४।०० को मान्य अवधि २०८३।४।३० सम्म मात्र रहेको देखियो। पालिकाले निर्माण

कार्यको म्याद थप गरी २०८२।८।३० सम्म कायम गरेको अवस्थामा कार्यसम्पादन जमानतको समेत म्याद थप गर्नुपर्ने देखिएकाले कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने देखिन्छ।

६०.४ **न्युन कार्य प्रगति-** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८२।८।३० मा सम्पन्न गर्नुपर्नेमा म्याद थप भएको मितिमा समेत निर्माण कार्य सम्पन्न भएको देखिएन।लेखापरीक्षणको अवधिमा निर्माण कार्यको म्याद समाप्त भएकोमा म्याद थप भएको देखिएन। पालिकाले सम्झौताका शर्त तथा खरिद कानुन वमोजिम निर्माण व्यवसायिलाई थप जवाफदेही वनाई निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनु पर्दछ।

६१ **यातायात गुरुयोजना निर्माण**

२७६,२०८२।३।२५ सार्वजनिक खरिद नियमावहिली,२०६४ को नियम १२३(१)(ख) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय सडकहरुको डिजिटल रुपमा प्रोफाइल निर्माण गर्ने गरी यातायात गुरुयोजना निर्माणको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नको लागि मिति २०८१।९।२२ मा श्री पाथवे नेपाल प्रालि संग रु.१२८४०००।०० मा सम्झौता गरेकोमा ड्राफ्ट प्रतिवेदन पेश गरेकोले रु.६४२०००।०० मात्र भुक्तानी गरेको देखिन्छ। पालिकाले उक्त विस्तृत अध्ययन प्रतिवेदन वापतको रकम भुक्तानी गर्दा सोको अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात रकम भुक्तानी गर्नुपर्नेमा मस्यौदा प्रतिवेदन पेश गरेको आधारमा भुक्तानी गरेको देखिन्छ। तसर्थ सम्झौता बमोजिम उक्त कार्यको अन्तिम प्रतिवेदन पेश गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,८४,००० |

६२ **ट्याककोटमा वढि भुक्तानी**

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ को बुँदा १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटरसम्म हुने व्यवस्था छ। पालिकाले यस वर्ष निर्माण गरेका विभिन्न सडक आयोजनाहरुमा फरक फरक दरमा ट्याक कोटको स्प्रे दर प्रयोग गरेको नापि किताबबाट देखिन्छ। पालिकाले उक्त नर्म्स बमोजिम औषत दरमा रकम भुक्तानी गर्नुपर्नेमा बढी दरमा भुक्कतानी गरेको पाइयो। यसै जिल्ला अन्तर्गतका अन्य पालिकाले प्रयोग गरेको औषत दर ०.५० प्रति वर्ग मिटरको दरले भुक्तानी गर्नुपर्नेमा ०.६ लिटर प्रतिवर्गमिटर को दरले भुक्तानी गरेकोले बढी दर भुक्तानी गरेको ०.०५ लिटर प्रति वर्ग मिटरको दरले ट्याक कोटको स्प्रे दर भुक्तानी गर्नुपर्नेमा सो भन्दा वढि दरमा भुक्तानी गर्दा निम्न निर्माण कार्य मितव्ययी नदेखिदाँ पालिकालाई थप व्ययभार परेको रु

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

| | |
|---|---|
| अनियमित भएको | ३,३६,२८५ |

६३ **प्रशासकीय भवन थप पूर्वाधार निर्माण ठेक्का नं. 6/MRMM/Works/NCB/2077/2078**

**पेश्की फछ्र्यौट** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने साथै उपनियम ३ बमोजिम पेश्कि दिँदा वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवम त्यस्तो जमानत लिई पेश्की दिनु पर्ने र उपनियम ४ बमोजिम उपनियम (३) बमोजिम बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ।पालिकाले प्रशासकिय भवन निर्माणको लागि दिएको पेश्की रकम रु.४८०००००।०० मध्ये अन्तिम बिल भुक्तानी गर्दासम्म रु.४००००००।०० पेश्की फछ्र्यौट गरेको देखिएकोले अन्तिम बिल भुक्तानी गर्दाको वखतमा समेत कट्टा नगरेको पेश्की रकम श्री मार्गदेवी/एस पुर्वाञ्चल जे.भीबाट नियमानुसार ब्याज सहित असुल गर्नुपर्ने रु

| सि.नं. | रनिङ बिल | भुक्तानी सिफारिस रकम | भुक्तानी | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | पेश्की | पे.फ.रकम | गो.भा.नं./ मिति |
| १ | पेश्की प्रथम | | | ३२००००० | | 123/ 2077.11.13 |
| २ | प्रथम रनिङविल | ४३०५६१३ | ४३०५६१३ | | ० | 369/ 2078.03.29 |
| ३ | दोश्रोरनिङ विल | ३८२३६६२ | ३८२३६६१ | | ० | 24/ 2078.06.21 |
| ४ | तेश्रो रनिङ विल | समायोजनभौचर | | | ८००००० | 73/ 2078.08.24 |
| ५ | | ३१६४५४५ | २३६४५४४ | | | 74/ 2078.08.24 |
| ६ | | समायोजनभौचर | | ८००००० | | 7५/ 2078.08.24 |
| ७ | | | | | ८००००० | 76/ 2078.08.26 |
| ८ | चौथो रनिङविल | ५४१७५०६ | ५४१७५०६ | | ० | 298/ 2079.01.05 |
| ९ | पाचौ रनिङ विल | ४७९७३३८ | ३९९७३३८ | | | 58/ 2079.08.26 |
| १० | | | | | ८००००० | |
| ११ | छैटौ रनिङविल | ४७९६९७२ | ३९६१९४१ | | ८००००० | 353/ 2081.03.24 |
| १२ | | समायोजनभौचर | | ८००००० | | 378/ 2081.03.30 |
| १३ | | समायोजनभौचर | | | ८००००० | 29/ 2081.08.09 |
| १४ | सातौ फाइनल रनिङ विल | ५०९२१४३ | ५०९२१४३ | | | 59/ 2081.10.09 |
| | **जम्मा** | **३१३९७७७९** | **२८९६२७४६** | **४८०००००** | **४००००००** | |

| असुल गर्नुपर्ने | ८,००,००० |
|---|---|

## ६४ मूल्यांकन विलभन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) ख मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले ठेक्का नं 4/MRMM/Works/NCB/2081/82 को वाल अस्पताल निर्माण कार्यको रु.३३२८२९४।०० बरावरको तेस्रो रनिङ्ग विल वापतको रकम पेश्की फर्स्यौट तथा भुक्तानी गरी विभिन्न ३ वटा गो भौ नं र मितिबाट भुक्तानी गरेकोमा रु.५३४२२६६०।०० अर्थात मूल्यांकन विलभन्दा रु.३७०००।०० बढी भुक्तानी भएको पाइयो। यसरी मूल्यांकन विलभन्दा बढी भुक्तानी भएको रकम निर्माण व्यवसायी प्रविन निर्माण सेवाबाट असूल हुनुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | ३७,००० |
|---|---|

## ६५ नाइटेपानी मलामी टहरा सडक कालोपत्रे (२/MRMM/WORKS/NCB/०८१-८२)

पालिकाले सडक कालोपत्रेको लागि रू.१९०८६८८९।०० को लागत अनुमान तयार गरी बोलपत्रको सूचना अनुसार दाखिला हुन आएका ३ बोलपत्रमध्ये रू.१४२६३५१५।३१ कबोल गर्ने श्री प्रत्यग्र बिल्डर्स को बोलपत्र स्वीकृत गरी २०८२।३।१५ सम्म सम्पन्न गर्ने गरी २०८१।१०।०७ मा रू.१४२६३५१५।३१ को खरिद सम्झौता गरेकोमा कार्यपालिकाको २०८२।३।१५ निर्माण कार्य सम्पन्न गरेको देखिन्छ। यस सम्वन्धमा निम्नानुसारका व्यहोरा देखिएको छ:

**बजेट खर्च** कोशी प्रदेश समपुरक सम्बन्धि कार्यविधि,२०७५ को दफा ४(२) बमोजिम कुल लागतको बढीमा सत्तरी प्रतिशत रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने र दफा ९(१)(ख) बमोजिम स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बजेट तथा कार्यमक्रमा समावेश गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस आयोजनाको लागि प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान वापको ७० प्रतिशतले हुने रु.१००००००००.०० आर्थिक वर्ष २०८१।८२ मा भुक्तानी गरेको र पालिकाले बेहोर्नुपर्ने ३० प्रतिशत रु.४१,६२,५१०।०० आर्थिक वर्ष २०८२।८३ को गोश्वरा भौचर नम्बर १४,२०८२।६।९ बाट भुक्तानी गरेको देखिन्छ। पालिकाले समपूरक अनुदानबाट सञ्चालन गरिने आयोजनामा सोहि आर्थिक वर्षमा खर्चको अनुपात बमोजिमको रकम खर्च लेख्नुपर्नेमा प्रदेश तर्फको अनुपात मात्र यस आर्थिक वर्ष २०८१।८२ मा गरेको र पालिकातर्फको अनुपात आ.व २०८२।८३ मा गरेको देखिएकोले पालिकाले समपूरक अनुदानको रकम खर्च गर्दा स्थानीय तहले बेहोर्नुपर्ने अशंको बजेट सुनिश्चित गरी सोहि आर्थिक वर्षमा खर्च गर्ने गरी बजेट तर्जुमा तथा कार्यान्वियन गर्नुपर्दछ।

६६ **१० शैय्या अस्पताल निर्माण (11/MRMM/WORKS/NCB/077/78)**

पालिकाले ठेक्का नं 11/MRMM/WORKS/NCB/077/78 को १० शैय्या अस्पताल निर्माण कार्यको लागि मिति २०८०।३।२१ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०७८।३।२२ मा निर्माण व्यवसायी लामा युनिभर्सल जे भी सँगमू अ कर समेत रु.८५८९४५२५।४८ बराबरको ठेक्का सम्झौता भएको पाइयो। मिति २०८२ पौष मसान्तसम्म म्याद थप भएको यस निर्माण कार्यको यस आ व सम्म पेश नवौं रनिङ्ग विलसम्म मूल्य समायोजन सहित रु.७८०४२९८७।६८ बराबरको मूल्यांकन विल पेश भएको पाइयो। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्।

सम्झौताभन्दा बढी पेश्की भुक्तानीः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ (क) तथा खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की सम्बन्धी व्यवस्था छ। त्यसैगरी निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको GCC 57.3 तथा SCC मा निर्माण व्यवसायीलाई दुई किस्तामा गरी सम्झौता रकम(मू अ कर र पि एस वाहेक) को अधिकतम १० प्रतिशत पेश्की रकम उपलब्ध गराउने उल्लेख छ। यसरी खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीलाई सम्झौता रकम रु.७४६८४७९४।३६ (मू अ कर र पि एस वाहेक) को १० प्रतिशतले हुने रु.७४६८४७८।०० भुक्तानी दिन मिल्नेमा पालिकाले रु.१४९८५५६७।०० अर्थात दिनमिल्नेभन्दा रु.७५१७०८८।०० बढी पेश्की दिएको पाइयो। यसरी सम्झौताभन्दा बढी भुक्तानी भएको पेश्की रकममध्ये रु.१०५३४६८४।७० गो भौ नं ८।२०८२।३।२९ को नवौं रनिङ्ग विलबाट मात्र फर्स्यौट भएको पाइयो। यसरी सम्झौताभन्दा बढी पेश्की दिने कर्मचारीलाई जिम्मेवार वनाई बढी भुक्तानी भएको पेश्की रकम रु.७५१७०८८।०० को पेश्की लगेको मिति २०७८।९।६ देखि फर्स्यौटको मिति २०८२।३।२९ सम्म ४ वर्ष ६ महिना २३ दिनको वार्षिक १० प्रतिशतले हुने व्याज रकम रु.३४१४९०८।०० निर्माण व्यवसायी लामा युनिभर्सल जे.भी बाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,१४,९०८ |

६७ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका छ वटा सरकारी बर्थिङ सेन्टर रहेका छन। पालिकाले यस वर्ष न्यानो झोला खरिद नगरेको र गत वर्ष बाँकी रहेका १०० मध्ये यस वर्ष १४ वितरण गरी र वर्षको अन्त्यमा ८६ परिमाण बाँकी विवरण पेश गरेको छ। विगत वर्षमा खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६८ **अन्य निकायको खर्च**

पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका सघ/सस्था र कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ रकम वितरण गरेको नियम सम्मत नदेखिएको रु

| सि.न. | कार्यलय/ संस्थाको नाम | भुक्तानी प्रयोजन | भुक्तानी रकम रु. |
|---|---|---|---|
| १ | जिल्लासमन्वय समितिको कार्यालय,मोरङ्ग | सवारी साधनमर्मत संभार | ३००००० |
| २ | जिल्ला प्रशासनकार्यालय,मोरङ्ग | अन्य कार्यालय संचालनखर्च | २००००० |
| | | **जम्मा** | **५००००००** |

| अनियमित भएको | ५,००,००० |
|---|---|

६९ **बढी मुल्यमा खरिद**

१९,२०८२।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। ICT वापत प्रदेश सरकारबाट कालिका मावि लाई रु.७५००००।०० र भगवती मावि लाई रु.५०००००।०० सहित रु.१२५००००।०० को परीक्षण गर्दा दुवै माविले कोटेशनको माध्यमबाट श्री आरम्भ कम्प्युटर प्रालिबाट भगवती मा.वि ले प्रति गोटा कर बाहेक रु.११९४६९.०३ को दरले ४ वटा र कालिका मावि ले प्रति गोटा कर बाहेक रु.१३२७४३.३६ को दरले ९ वटा HIKVISION INTERACTIVE BOARD खरिद गरेको देखिन्छ। यसबाट कालिका माविले प्रति गोटा कर बाहेक रु.१३२७४.३३ को दरले बढी मुल्यमा खरिद गरेको देखिन्छ। यसरी एउटै फर्मबाट एकै प्रकारको सामाग्री कोटेशनको माध्यमबाट प्रतिगोटा रु.१३२७४.३३ बढी मुल्यमा खरिद गरेका ५ वटा HIKVISION INTERACTIVE BOARD को रु.६६३७१.६५ मा कर सहित रु.७५०००।०० को सम्बन्धमा यथेष्ठ प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम श्री कालिका माविबाट असुल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ७५,००० |
|---|---|

७० **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैयाँसम्मको लागत अनुमान भएको मालसामान, निर्माण कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु.१० लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले यसवर्ष रु.४००००००।०० बराबरको मसलन्द तथा कार्यालय सामाग्री खरिद गरेकोमा लागत अनुमान तयार गरी खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसारका खरिद विधि अपनाई खरिद गर्नुपर्नेमा सो नगरी विभिन्न फर्मबाट पटक पटक सोझै खरिद गरेको पाइयो। यसरी खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था विपरित सोझै खरिद गर्दा प्रतिस्पर्धा सिमित भई खरिद कार्य मितव्ययी नहुने हुँदा खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परिपालनामा पालिकाको ध्यान जानुपर्ने देखिन्छ। यस सम्बन्धी केही उदाहरण यस प्रकार छन्।

| क्रम संख्या | गो भौ नं. मिति | खरिद विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | ६९।२०८१।६।२१ | मसलन्द तथा कार्यालय सामाग्री | पूर्वाञ्चल इन्टरप्राइजेज | ४९८७३५ |
| 2. | ७०।२०८१।६।२१ | मसलन्द तथा कार्यालय सामाग्री | सगरमाथा स्टेशनरी एण्ड जनरल सप्लायर्स | ९८०३०९ |
| 3. | २६५।२०८१।१०।९ | मसलन्द तथा कार्यालय सामाग्री | मा पाथीभरा सप्लायर्स | ७८२३६६ |
| 4. | ४९२।२०८२।१।११ | मसलन्द तथा कार्यालय सामाग्री | वजरंगवली सप्लायर्स | ९१३५४८ |
| 5. | ६२३।२०८२।३।०९ | मसलन्द तथा कार्यालय सामाग्री | उर्लावारी अपसेट प्रेस | ६००४८२ |
| **जम्मा** | | | | **३७७५४४०** |

७१ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। त्यसैगरी औषधि दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन। यस वर्ष पालिकाले रु.२३४२५२४.३० को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ। पालिकाले यस बर्ष खरिद गरेका तथा प्रदेश सरकारबाट प्राप्त भएका औषधी तथा सर्जिकल सामाग्री मध्ये वर्षान्तमा रु.११९८५६७९.७४ मौज्दातमा रहेको विवरण प्राप्त भएको छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

७२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार मालसामान तथा निर्माण कार्यमा रु ५९२०७९३ सोझै खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता तथा भुक्तानी हुँदा पालिकालाई प्रतिस्पर्धाको लाभ प्राप्त नहुने अबस्था रहने हुँदा सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नुहुदैन।

| क.सं. | गो. भौ. न. | मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| **आरम्भकम्प्युटर प्रा.लि.** | | | | |
| १ | ८६ | ०६/ २१/ २०८१ | मसलन्द तथा कार्यालय सामाग्री | ३१,११६.०० |
| २ | २५७ | ०९/ २५/ २०८१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९४,१६३.०० |
| ३ | ५६ | १०/ ०७/ २०८१ | नगर क्षेत्रमा सिसि क्यामेरा जडान | ९,३२,१३८.०० |
| ४ | २९१ | १०/ ०७/ २०८१ | संलग्नकागजात अनुसार भुक्तानी | १,८८,०६१.०० |
| ५ | ६५ | १०/ २९/ २०८१ | सिसि क्यामरा लगायत सामान खरिद | २,४५,५७५.०० |
| ६ | ६२१ | ०३/ ०९/ २०८२ | मेशिनरि औजार मर्मत संभार | १,८८,०६१.०० |
| ७ | ६६० | ०३/ १७/ २०८२ | मसलन्द तथा कार्यालय सामाग्री | ३,९४०.०० |
| ८ | ३३ | ०३/ २५/ २०८२ | मेशिनरिऔजार | ७८,३८८.०० |
| जम्मा | | | | १७,६१,४४२.०० |
| **नेशनलकम्प्युटर३०४५९०४२१** | | | | |
| १ | २०० | ०८/ २०/ २०८१ | संलग्नकागजात निबेदन बिलका आधारमा सामाग्री मर्मत खरिदको रकम भुक्तानी। | ९३,१४६.०० |
| २ | २४६ | ०९/ १८/ २०८१ | संलग्नभुक्तानि माग निवेदन कर विजक खरिद दाखिला प्रतिवेदन का आधारमा भुक्तानि गरिएको । | ९४,६८८.०० |
| ३ | २८८ | १०/ ०७/ २०८१ | संलग्नबिल भर्पाईका आधारमा कार्यालयमा आवश्यक मेशीनरी सामान खरिद बापतको भुक्तानी | ५५,७५०.०० |
| ४ | ६७ | ११/ ०५/ २०८१ | मेशनरी तथा औजार | ८०,७००.०० |
| ५ | ८१ | ११/ २६/ २०८१ | मेशनरी तथा औजार | ९४,२३७.०० |
| ६ | १०२ | ०१/ ०५/ २०८२ | सोझै खरिद | ८२,०९५.०० |
| ७ | ११८ | ०१/ २१/ २०८२ | नया कार्यालयमा नेटवर्किङ्ग बापतको रकम भुक्तानि । | ५,१४,००४.०० |
| ८ | १६८ | ०३/ ०६/ २०८२ | सोझै खरिद | ८४,७३६.०० |
| ९ | ६०९ | ०३/ ०७/ २०८२ | मेशिनरि सामान मर्मत संभार । | ९८,१२०.०० |
| १० | २०१ | ०३/ १९/ २०८२ | वडा३ कम्प्युटर खरिद | ६४,१३७.०० |
| जम्मा | | | | १२,६१,६१३.०० |

| | मिति | भौ. नं. | भुक्तानी पाउनेको नाम | डेबिट |
|---|---|---|---|---|
| नयाँ भवन सेटअप तथा नेटवर्किङ व्यवस्थापन खर्च रु २८,९७,६५८. | | | | |
| १ | ०१/ २१/ २०८२ | ११८ | नेशनल कम्प्युटर कार्यालयमा नेटवर्किङ्ग | ५,३९,८०१.०० |
| २ | ०२/ ०१/ २०८२ | १२७ | देव्यान्सी द डेकोरेटर | ८,९२,८९६.०० |
| ३ | ०२/ ०४/ २०८२ | १३१ | समृद्धि सप्लायर्स एण्ड ट्रेड | ८,८२,६४३.०० |
| ४ | ०२/ २०/ २०८२ | १४१ | बान्तवा काष्ठ फर्निचर | ३,५०,९७८.०० |
| ५ | ०३/ ०२/ २०८२ | १५१ | भिमा डेकोरेशन स्टोर | ७६,०१९.०० |
| ६ | ०३/ ०२/ २०८२ | १५१ | अम्बे श्री इलेक्ट्रीकल एण्ड सप्लायर्स पसल | ९६,११२.०० |
| ७ | ०३/ ०३/ २०८२ | १५६ | दाहाल फर्निसिङ सेन्टर | ३९,२०९.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | ०३/ ०७/ २०८२ | १७४ | डंगोल फर्निचर एण्ड डेकोरेसन हाउस | २०,०००.०० |
| जम्मा | | | | २८,९७,६५८.०० |

७३ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकृया मितव्ययी र विवेकपूर्ण ढंगबाट गर्नुपर्ने उल्लेख छ। त्यसैगरी नेपाल सरकारका विभिन्न निकायबाट विभिन्न समयमा भएका पत्राचारहरुमा समेत निर्माण कार्यको लागत अनुमान तयारी गर्ने प्रयोजनको लागि दर विश्लेषण नर्म्स प्रयोग गर्दा मितव्ययी तरिकाले जुन नर्म्स प्रयोग गर्दा मितव्ययी हुन्छ सोही नर्म्स प्रयोग गर्नुपर्ने उल्लेख भएको छ। शहरी विकास तथा भवन निर्माण विभागले च.नं. ५६ मिति २०७८।७।०४ मा गरेको परिपत्रमा विज्ञको पारिश्रमिक तोकेको छ जस अनुसार कम्तिमा ५ वर्ष अनुभव भएको नेपाल सरकारको रा.प. प्रथम श्रेणी सरहको टिम लिडरको मासिक रु.११५२२०।०० तथा कम्तिमा ५ वर्ष अनुभव भएको नेपाल सरकारको रा.प. द्वितीय श्रेणीको विषयविज्ञको मासिक पारिश्रमिक रु.९८८९०।०० तोकिएको छ। पालिकाले गाउँपालिका डिजिटल प्रोफाइन निर्माण कार्यको लागि इजि एक्सेस प्रा.ली. सँग मिति २०८२।३।१५ सम्ममा कार्यसम्पन्न गर्नेगरी रु.१७८७०९५।०० बरावरको खरिद सम्झौता गरेको पाइयो। लागत अनुमान रु.१७९०४४९।०० बरावरको रहेको यस कार्यमा परामर्शदाताले लागत अनुमानको हाराहारीमा नै कवोल गरी निम्नानुसारको आइटममा भवन विभागले तोकेको विज्ञको पारिश्रमिकभन्दा बढी कवोल गरी सोही बमोजिम भुक्तानी लगेको पाइयो। यसरी खरिद ऐन तथा विभिन्न परिपत्रमा भएको व्यवस्था अनुसार मितव्ययी भई भवन विभागले तोकेको दररेट अनुसारको लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्नेमा सो नगरी फरक दररेट कायम गरी खरिद कार्य गर्दा परामर्श दातालाई मू अ कर समेत रु.१८०६४१।०० बढी भुक्तानी भएको पाइयो। यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित परामर्शदाता इजि एक्सेस प्रा.ली. बाट असूल हुनुपर्ने रु.

| **क्रम संख्या** | **विवरण** | **भुक्तानी दर** | **पाउने दर** | **फरक दर** | **दिन संख्या** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| 1. | टोली प्रमुख | ६५०० | ३८४० | २६६० | ४५ | ११९७०० |
| 2. | सूचना प्रविधि विज्ञ | ४००० | २९९६ | १००४ | ४० | ४०१६० |
| **जम्मा** | | | | | | **१५९८६०** |
| **मू अ कर रकम** | | | | | | **२०७८१** |
| **कुल जम्मा** | | | | | | **१८०६४१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८०,६४१ |

७४ **स्यानिटरी प्याड डिस्पोजल मेसिन**

स्यानिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ९(१) मा सेनेटरी प्याडको विसर्जन सम्बन्धीमा प्रयोग भएका महिनावारी व्यवस्थापन सामग्रीहरुलाई वातावरणमा प्रतिकुल असर नपर्ने गरी दीगो विसर्जन गर्न विधालयको हाताभित्र खाल्डो खनी पुर्नुपर्नेछ ।साथै विधालयको हातामा पुर्ने ठाउँको अभाव भएमा अन्य फोहोर मैला सरह यस्ता वस्तुहरुको विसर्जन गर्नुपर्ने व्यवस्था छ। गो.भौ.३७३/२०८२/०३/२५ मा सामुदायिक विधालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन बजेट शिर्षकबाट गाउँपालिकामा सेनेटरी प्याड डिस्पोजल मेशिन (Incrinator small 1500w) रु.९८६०० मा श्री क्यारेलिस्ट फर्मबाट खरिद गरिएको छ । सोको खरिद पश्चात प्रयोग गरेको देखिदैन। यस्ता समानहरु खरिद पश्चात् निश्चित समय अवधिको ग्यारेन्टि वा वारेन्टि हुने हुदा सोको समय प्रयोग गरी डिफेक्ट देखा परेमा आपुर्तक वा विक्रेतासँग क्षतिपूर्ति माग गर्न सकिनेमा कार्यालयको स्टोरमै रहि रहदा सोको दावि सम्भव हुदैन र कायम गरिएको समय समेत विना प्रयोग गुज्रिने हुन्छ। विद्यालयलाई वितरण नगरी स्टोर मा नै रहेको देखिएको उक्त स्यानिटरि प्याड डिस्पोजल मेसिनको वितरण/हस्तान्तरण गरी विद्यालयको जिन्सी अभिलेख किताबमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,६०० |

७५ **विज्ञापन कर**

कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा १०(२) मा कोशी प्रदेश सरकार अन्तर्गतका निकाय र स्थानीय तहका सरकारी निकाय तथा बैंक तथा वित्तीय संस्था लगायतका अन्य निकायहरुले विज्ञापन तथा सूचना प्रसारण वापत संचार माध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा विजक रकमको ३ प्रतिशत रकम विज्ञापन कर वापत कट्टा गरी भुक्तानी गर्नुपर्ने र त्यसरी कट्टा गरेको रकम स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्न व्यवस्था छ। तर पालिकाले विभिन्न सूचना प्रकाशन।प्रशारण वापतको रकम विभिन्न संचार माध्यम तथा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा ऐनले व्यवस्था गरे अनुसारको विज्ञापन कर कट्टा नगरी भुक्तानी गरेको पाइयो। यसरी ऐनमा भएको व्यवस्था अनुसार निम्नानुसारको भुक्तानीमा विज्ञापन कर वापत कट्टा गर्न छुट भएको रकम सम्बन्धित फर्मबाट असूल गरी पालिकाको विभाज्य कोषमा जम्मा गर्नुपर्ने देखिएको रु.

| क्रम संख्या | गो भौ नं मिति | भुक्तानी पाउनेको नाम | विजक रकम | ३ प्रतिशत कर रकम |
|---|---|---|---|---|
| 1. | २०८१।६।१८ | उत्सव मिडिया सर्भिस | १३७५५० | ४१२६ |
| 2. | २०८१।६।१८ | इस्टर्न एडभरटाइजिङ्ग प्रा लि | ९४३५० | २८६० |
| 3. | २०८१।६।१८ | बन्धन एडभरटाइजिङ्ग प्रा लि | २०४००० | ६१२० |
| 4. | २८९।२०८१।१०।७ | शुभानी एड्भरटाइजिङ प्रा लि | १९१२५० | ५७३७ |
| 5. | २९०।२०८१।१०।७ | बन्धन एडभरटाइजिङ्ग प्रा लि | १२३७५० | ३७१२ |
| 6. | २९८।२०८१।१०।०९ | इस्टर्न एडभरटाइजिङ्ग प्रा लि | ४८७५० | १४६२ |
| 7. | २९८।२०८१।१०।०९ | कान्तिपुर मिडिया ग्रुप | ४६८०० | १४०४ |
| 8. | २९९।२०८१।१०।९ | युग पब्लिकेशन | ७५५५५ | २२६६ |
| 9. | २९९।२०८१।१०।९ | नवयुग मिडिया | ५०००० | १५०० |
| 10. | ४३८।२०८१।१२।२१ | इस्टर्न एडभरटाइजिङ्ग प्रा लि | ४८७५० | १४३२ |
| 11. | ४९५।२०८२।१।१२ | नवयुग मिडिया | ८८००० | २६४० |
| 12. | ४९५।२०८२।१।१२ | उत्सव मिडिया सर्भिस | ४४८५० | १३४५ |
| 13. | ४९५।२०८२।१।१२ | कान्तिपुर मिडिया सर्भिस | ५०७०० | १५२१ |
| 14. | ४९५।२०८२।१।१२ | पानस मिडिया सर्भिस | ४८२७२ | १४४८ |
| 15. | ५०४।२०८२।१।१२ | रेडियो सुनाखरी १०२.६ मेगाहर्ज | ८६७२६ | २६०२ |
| 16. | ६१३।२०८२।३।७ | युग पब्लिकेशन | ३१०९८० | ९३२९ |
| 17. | ६१३।२०८२।३।७ | पुर्वेली जनसंचार सहकारी संस्था लि | ८८४९५ | २६५५ |
| 18. | ७४४।२०८२।३।२४ | युग पब्लिकेशन | ५६९४० | १७०८ |
| 19. | ७६२।२०८२।३।२५ | सहारा एडभरटाइजिङ्ग प्रा लि | ४०५०० | १२१५ |
| 20. | ७६२।२०८२।३।२५ | बन्धन एडभरटाइजिङ्ग प्रा लि | ४०५०० | १२१५ |
| 21. | ७६२।२०८२।३।२५ | क्वालिटी मिडिया प्रा ली | ४८६०० | १४५८ |
| 22. | ७६२।२०८२।३।२५ | इस्टर्न एडभरटाइजिङ्ग प्रा लि | ५६०७२ | १६८२ |
| 23. | ७६२।२०८२।३।२५ | नवयुग मिडिया | ४९५०० | १४८५ |
| 24. | ७६२।२०८२।३।२५ | उत्सव मिडिया सर्भिस | ४९७२७ | १४९२ |
| 25. | ७६३।२०८२।३।२५ | नवयुग मिडिया | ४५००० | १३५० |
| 26. | ७६३।२०८२।३।२५ | कान्तिपुर मिडिया सर्भिस | ५०७०० | १५२१ |
| 27. | ७६३।२०८२।३।२५ | मिक्लाजुङ्ग मिडिया एण्ड एड्भर्टाइजिङ्ग एजेन्सी | ४४२४७ | १३२७ |
| **जम्मा** | | | | **६६६१२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,६१२ |

७६ **किसान सूचिकरण कार्यक्रम**

१४२, २०८१।१२।१५ किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ को वुँदा न ८ मा किसान सूचिकरण कार्यक्रम कार्यान्वयन गर्दा पालिका भित्रका किसानको विवरण संङ्कलन गरी सोको सूची तयार गरी प्रकाशन गर्नुपर्ने उल्लेख छ। सो सम्बन्धमा सम्बन्धित किसानले सच्याउनको लागि अनुरोध गर्न सक्ने उल्लेख छ। पालिकाले किसानको विवरण संकलन गरेको भएपनि सोको प्रकाशन गरेको देखिदैन। विधिको वुँदाको नं.२४ मा संकलन गरिएको विवरणलाई समय समयमा अद्यावधिक गर्नुपर्ने उल्लेख भएकोमा अद्यावधिक समेत गरेको देखिदैन। विधिको वुँदा नं.२५ मा संघ, प्रदेश र स्थानीय तहले अनुगमन सो कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। पालिकाले संकलन गरेको किसानको विवरणलाई वर्गिकरण गरी सो अनुसार नगरपालिका अन्तर्गतका कृषि तथा पशुपालन जन्य कार्यक्रममा किसानलाई आवद्ध गरेको समेत नदेखिएकोले सो कार्यक्रमको उद्देश्य अनुसार सूचीकृत किसानको वर्गिकरण अवस्थाको आधारमा परिचयपत्र प्रदान तथा पालिका, प्रदेश र संघीय सरकारबाट प्रदान गरिने कृषि तथा पशुपालन सम्बन्धी मल, विउ, अनुदान तथा राहत वितरण गर्दा प्राथमिकताक्रम अनुसार समन्यायिक ढंगबाट किसानलाई प्रोत्साहनहुने गरी प्रदान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७७ **गरिबसँग विश्वेश्वर कार्यक्रम**

१९५, २०८२।०३।०५ गरिबसँग विश्वेश्वर कार्यक्रम लागु भएका स्थानीयतहमा कार्यक्रम सञ्चालन खर्च वापतको रकम गरिब परिवारका व्यक्तिलाई सिप विकास सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने कार्यक्रम सञ्चालन मार्गदर्शनमा उल्लेख छ। पालिकाले १९ जना महिला र १ जना पुरुष गरी कुल २० जनालाई झोला बुन्ने सिप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी रु.२००००० खर्च लेखेको छ। सो कार्यक्रमको सहभागी छनोट सम्बन्धमा आवेदन मागको लागि सूचना प्रकाशन गरेको देखिदैन।सहभागी छनोट सम्बन्धमा कुनैपनि मापदण्ड तयारी नगरी कुल २० जनालाई झोला बुनाई सम्बन्धी सिप विकास तालिममा सहभागि गराई तालिम प्रदान गरेको छ। उक्त कार्यक्रमबाट भएको उपलब्धिको समेत मापन गरेको देखिदैन। सिप विकास तालिमबाट के कति झोला बुनिएको सो तालिममा बुनिएको झोला कसकसलाई वितरण गरिएको सम्बन्धमा कुनै विवरण उल्लेख छैन। सिप विकास तालिम प्रदान गर्दा सोको सूचना जारी गर्ने, सहभागि छनोटको मापदण्ड तयार गरी सहभागि छनोट गर्ने, चरण बद्ध रुपमा विज्ञबाट तालिम प्रदान गर्ने र सोको उपलब्धिको समिक्षा सहितको यथार्थ प्रतिवेदन गर्ने तर्फ तालिम सञ्चालक कर्मचारी तथा पालिकाले ध्यान दिनुपर्दछ।

७८ **अपाङ्गता रोकथाम तथा पुन:स्थापना कायक्रम**

७८.१ **अपाङ्गता अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाले पालिकामा रहेका अपाङ्गता भएका व्यक्तिको विवरण तयार गर्ने, समय समयमा अद्यावधिक तथा नविकरण गर्ने र परिचय पत्र प्रदान गर्ने व्यवस्था गरेको छ। पालकाले तयार गरेको विवरण अनुसार 'क' वर्गको १६४ जना, 'ख' वर्गको २९३ जना, 'ग' वर्गको ९९ जना र 'घ' वगको ३८ जना गरी कुल ५९४ जनाले अपाङ्गता परिचय पत्र प्राप्त गरेका छन्।आर्थिक वर्ष २०८१/८२ मा पालिकाबाट वितरण गरिएका परिचयपत्रको गाम्भिर्यताको आधारमा एक वर्ष भित्र 'क' वर्गको ६ 'ख' वर्गको २८, 'ग' वर्गमा ११ र 'घ' वर्गमा ४६ जना गरी जम्मा ७० जना थपिएको देखिन्छ। पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिको विवरण तयार गर्ने, समय समयमा अद्यावधिक तथा नविकरण गर्ने र परिचय पत्र प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

७८.२ **अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारमा सहयोग:** कार्यक्रमको क्रियाकलाप नं. २.२.३ अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारमा सहयोग कार्यक्रमको उद्देश्य अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सम्बन्धी समस्या कम गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता तुल्यानु रहेको छ। सो कार्यक्रम सञ्चालन प्रक्रिया को वुँदा नं.१३ मा अपाङ्गता भएका व्यक्तिको उपचारमा लागेको खर्चको बिल, भर्पाई र उपचारसँग सम्बन्धित कागजातको प्रतिलिपिको अभिलेख राखि उपचार खर्च नगद वा बैँकमार्फत भुक्तानी गरी सोको भरपाईमा अपाङ्गता भएको व्यक्ति वा निजको परिवारको सहिछाप गराई उनिहरुको अपाङ्गता परिचय खुल्ने कागजात पेश गर्नुपर्ने उल्लेख छ। उक्त शिर्षकको रकमबाट शिभिर सञ्चालन तथा समितिको निर्णय वमोजिम अपाङ्गता भएका व्यक्तिलाई सोझै भुक्तानी गरेको देखिन्छ। अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचार सहयोग कार्यक्रम, अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१/२०८२ को उद्देश्य अनुरुप तोकेको प्रक्रिया अपनाएर सञ्चालन गर्नुपर्दछ।

७८.३ **अनुगमन तथा मूल्याङ्कन:** अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१/२०८२ को क्रियाकलाप नं. ३.२.१० मा अनुगमन तथा मुल्याङ्कन गर्दा क्रियाकलाप भए/नभएको सम्बन्धमा वास्तविक समयमा अनुगमण गरी सोको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका कर्मचारी तथा समुदायमा आधारित पुन:स्थापन सहजकर्ता द्वारा क्रियाकलापहरुको अनुगमन गरी भुक्तानी प्राप्त गरेको मा क्रियाकलाप सञ्चालन भएको समयमा नै अनुगमन गरेको सम्बन्धमा यकिन गर्न सकिएन।कार्यक्रमको उद्वेश्य अनुसार क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गरी सोको वास्तविक प्रतिवेदन गर्नेतर्फ र कार्यक्रमको प्रभावकारिता तर्फ पालिका र सम्बन्धित पक्षले ध्यानदिनुपर्दछ।

## ७९ काठमाण्डौंको होटल विल

कोशी प्रदेश सरकारद्वारा जारी गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ मा गाउँसभाका सदस्यहरुले पाउने सुविधाहरु उल्लेख छ। जस अन्तर्गत पदाधिकारीले भ्रमण गर्दा ऐनको अनुसूची १(क) अनुसारको भ्रमण खर्च पाउने व्यवस्था छ भने कर्मचारीले भ्रमण गर्दा भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम भ्रमण खर्च भुक्तानी लिनुपर्दछ। पालिकाले गाउँपालिका अध्यक्ष लगायतको विभिन्न समयको काठमाण्डौं भ्रमणको भ्रमण खर्च भुक्तानी गर्दा काठमाण्डौंको विभिन्न होटलको विल संलग्न गरी खर्च लेखेको पाइयो। यसरी भ्रमण गर्ने पदाधिकारीलाई ऐनले तोकेको सुविधा भुक्तानी गर्नुपर्नेमा होटलवास खर्च तथा खाजा खानाको विल संलग्न गरी भुक्तानी दिएको पाइयो। ऐनले तोकेको सुविधामात्र भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| **क्रम संख्या** | **गो भौ नं मिति** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| 1. | २९६।२०८१।१०।०९ | होटल मोनार्क प्रा ली | १७१३३० |
| 2. | २९६।२०८१।१०।०९ | पाकशाला रेष्ट्रो वार एण्ड होटल प्रा ली | १५११०२ |
| **जम्मा** | | | **३२२४३२** |

## ८० गाउँ अस्पतालतर्फ

### ८०.१ भुक्तानी बाँकीको कच्चावारी वेगर भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) मा उल्लिखित खर्च शिर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका गो.भौ.नं र मितिबाट गाउँ अस्पतालको गत वर्षको विभिन्न दायित्व भुक्तानी गरेकोमा नियमावलीमा व्यवस्था भए बमोजिम भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी राखेको पाइएन। अतः नियमावलीमा भएको व्यवस्था विपरित भुक्तानी बाँकीको कच्चावारी वेगरको निम्नानुसारको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| क्रम संख्या | गो भौ नं मिति | फर्मको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| 1. | १५।२२०८१।६।२२ | शुभ किरण मेडिको | ३३७५३५० | फार्मेसीको वीमाको औषधि विक्री |
| 2. | २०।२०८१।६।२२ | शुभ किरण मेडिको | १०००००० | फार्मेसीको वीमाको औषधि विक्री |
| 3. | १९।२०८१।६।२२ | गणेश सर्जिकल सप्लायर्स एण्ड फिटनेस | ९८४४६३ | रिएजेन्ट खरिद |
| 4. | २४।२०८१।७।६ | गणेश सर्जिकल सप्लायर्स एण्ड फिटनेस | २२५६०१२ | रिएजेन्ट खरिद |
| 5. | २५।२०८१।७।६ | ग्रिन सर्जिकल एण्ड केमिकल सप्लायर्स | १३०२१२२ | रिएजेन्ट खरिद |
| 6. | ७२।२०८१।१२।२८ | शुभ किरण मेडिको | २०००००० | फार्मेसीको वीमाको औषधि विक्री |
| जम्मा | | | १०९१७९४७ | |

| | |
|---|---|
| अनियमित भएको | १,०९,१७,९४७ |

८०.२ **क्लेम भेरिफिकेसनः** पालिकाले गाउँ अस्पतालतर्फ यस वर्ष गत वर्षको बाँकी समेत शुभ किरण मेडिकोलाई स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गतको औषधि विक्रीको रकम वापतको रु.१०९८५३६५।०० भुक्तानी दिएकोमा फार्मेसीले क्लेम गरेको आधारमा मात्र उक्त रकम फार्मेसीलाई भुक्तानी भएको छ। स्वास्थ्य वीमाको सफ्टवेयरमा अवधि छनौट गरी कुल क्लेम हेर्दा ओपिडि कार्ड, ल्याव टेष्ट र फार्मेसीतर्फ गरी सवैको एकमुष्ट दावी रकम देखाउने तथा अस्पतालले फार्मेसीले क्लेम गरेको रकमलाई व्यक्तिगत क्लेम नं को आधारमा क्लेम भेरीफाई नगरी फार्मेसीले माग गरे अनुसारकै रकम भुक्तानी दिएको तथा लेखापरीक्षणको क्रममा हजारौं क्लेम नं एक एक गरी फार्मेसीतर्फको मात्र क्लेम रकम एकिन गर्न सम्भव नभएकोले वीमाको औषधि विक्री वापत शुभ किरण मेडिकोलाई भुक्तानी दिएको रु.१०९८५३६५।०० को सम्बन्धमा भुक्तानी दिनुपर्ने रकम त्यतिनै हो भनी आश्वस्त हुन सकिएन। अतः फार्मेसीबाट औषधि विक्रीको भुक्तानी दिंदा व्यक्तिगत क्लेम भेरिफिकेशन गरी रद्ध भएको क्लेमको रकम घटाएर मात्र भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्रम संख्या | गो भौ नं मिति | फर्मको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| 1. | १५।२२०८१।६।२२ | शुभ किरण मेडिको | ३३७५३५० | आ.व.२०८०।८१ |
| 2. | २०।२०८१।६।२२ | शुभ किरण मेडिको | १०००००० | आ. व.२०८०।८१ |
| 3. | २९।२०८१।७।१२ | शुभ किरण मेडिको | ४६१००१५ | आ. व२०८१।८२ |
| 4. | ७२।२०८१।१२।२८ | शुभ किरण मेडिको | २०००००० | आ.व. २०८०।८१ |
| जम्मा | | | १०९८५३६५ | |

८०.३ **पारिश्रमिक कर छुटः** आयकर ऐन, २०५८ को दफा ८(१) मा कुनै आय वर्षमा रोजगारीवाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्ने र सोहि ऐनको ८(२) मा रोजगारीवाट प्राप्त पारिश्रमिक गणनामा ज्याला, तलब, विदाको रकम, अतिरिक्त समय काम गरे वापतको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, वोनस लगायतका कुराहरु समावेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोहि ऐनको अनुसुची १ मा तोके बमोजिमको दरमा पारिश्रमिक कर गणना गर्नुपर्ने व्यवस्था रहेको छ। अस्पतालले दमक नगर अस्पतालमा कार्यरत डा. अनुपम घिमिरेलाई विहान ६ वजेदेखि १० वजेसम्म सेवा दिनेगरी विभिन्न सेवामा अस्पताल व्यवस्थापन समितिले तोके बमोजिमको प्रतिशतका आधारमा पारिश्रमिक निर्धारण गरी यस वर्ष निम्नानुसारको पारिश्रमिक भुक्तानी लिएको पाइयो। निज डा. नियमिति रुपमा दमक नगर अस्पतालमा कार्यरत रहेको तथा तलवभत्ता त्यहींबाट भुक्तानी लिइरहेको पाइयो। निजलाई मिक्लाजुङ गाउँ अस्पतालबाट भुक्तानी भएको कुल रकम रु.१५४६०७९।०० मा लाग्ने पारिश्रमिक कर रु.३९६५८८।०० बाट कट्टा भएको कर रकम रु.२३१९१२।०० घटाई वाँकी कर रकम रु.१६४६७६।०० पारिश्रमिक कर दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा डा अनुपम घिमिरेबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | गो भौ नं मिति | भुक्तानी रकम | कुल भुक्तानी | लाग्ने कर | कट्टा भएको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| 1. | ३२।२०८१।७।२८ | २४८६५८ | १५४६०७९ | ३९६५८८ | २३१९१२ | १६४६७६ |
| 2. | ५४।२०८१।११।०४ | ६२८४१८ | | | | |
| 3. | ९७।२०८१।३।१९ | ६६९००३ | | | | |

(निज डा. दमक नगर अस्पतालको कर्मचारी भएको र त्यहाबाट नियमित तलवभत्ता भुक्तानी लिइरहेको जानकारीको आधारमा कर गणना गर्दा कर छुट पाउने रकम रु.६०००००।०० त्यहीबाट घटाइसकिएको हुनाले यहाँ नघटाई गणना गरिएको छ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६४,६७६ |

८१ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८२ **शिक्षकका लागि मनोपरामर्श सम्बन्धी तालिम**

पालिकाले शिक्षा चालुतर्फ गो भौ नं १९।२०८१।१०।२५ बाट शिक्षकका लागि मनोपरामर्श सम्बन्धी तालिम कार्यक्रम वापत शिक्षा अधिकृत काशीनाथ खनालको पेश्की फर्स्यौट तथा सोधभर्ना गरी रु.७०००००।०० खर्च गरेको पाइयो। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्।

८२.१ **फरक खर्च शिर्षक** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा संवन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। स्वीकृत पालिकाको वार्षिक बजेट तथा कार्यक्रम अनुसार शिक्षकका लागि मनोपरामर्श सम्बन्धि तालिम, उपचारात्मक र अतिरिक्त कक्षा संचालन वापत रु.३०००००।०० बजेट विनियोजन भएको पाइयो। तर पालिकाले वार्षिक बजेट भन्दा बढी रकमको लागत अनुमान तयार गरी फरक खर्च शिर्षकबाट बजेट खर्च गरेको पाइयो। तोकिएको शिर्षकवाट वजेट खर्च नगरी फरक शिर्षकवाट वजेट खर्च गरेको पाइएकोले ऐन, नियममा भएको व्यवस्था विपरित फरक खर्च शिर्षकवाट खर्च गरको नियमसम्मत नदेखिएको रु.

| **क्रम संख्या** | **वजेट शिर्षक** | **गो भौ नं मिति** | **खर्च लेखुपर्ने शिर्षक** | **खर्च लेखेको शिर्षक** | **खर्च रकम** |
|---|---|---|---|---|---|
| 1. | शिक्षा चालु | १९।२०८१।१०।२५ | शिक्षकका लागि मनोपरामर्श सम्बन्धि तालिम, उपचारात्मक र अतिरिक्त कक्षा संचालन | विद्यार्थीसँग अध्यक्ष कार्यक्रम | १००००० |
| 2. | | | शिक्षकका लागि मनोपरामर्श सम्बन्धि तालिम, उपचारात्मक र अतिरिक्त कक्षा संचालन | विद्यालय स्काउट कार्यक्रम खेलकुद तथा अतिरिक्त कृयाकलाप | २५०००० |
| 3. | | | शिक्षकका लागि मनोपरामर्श सम्बन्धि तालिम, उपचारात्मक र अतिरिक्त कक्षा संचालन | नियमित बैठक गोष्ठी तथा अभिमूखीकरण र शैक्षिक क्यालेण्डर | १००००० |
| **जम्मा** | | | | | **४५००००** |

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

८२.२ **नर्म्स फरक पारी बढी भुक्तानीः** कार्य सञ्चालन निर्देशिका, २०८१ (नवौं संस्करण) मा सवै प्रकारका तालिम, गोष्ठी, सेमिनार तथा कार्याशाल संचालन सम्बन्धि खर्चको मापदण्ड तोकिएको छ। त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी नियकावाट कुनै तालिम सेमिनार गोष्ठी कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीवाट स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। पालिकाले शिक्षकका लागि मनोपरामर्श सम्बन्धी तालिम कार्यक्रमको लागत अनुमान तयार गर्दा निर्देशिकाले तोकेको सीमाभित्र रही लागत अनुमान तयार गर्नुपर्नेमा सो गरेको पाइएन। अतः तालिम कार्यक्रमका निम्नानुसारका प्रशिक्षकहरुलाई दिएको पारिश्रमिकको सम्बन्धमा खर्चको पुष्ट्याई हुनुपर्ने अन्यथा निर्देशिकाले तोकेको दरभन्दा बढी रकम यकिन गरी सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | प्रशिक्षकको नाम | भत्ता दर | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| 1. | सन्दिप क्षेत्री | १००००० | २००००० | दैनिक रु.१०००००।०० को दरले २ दिन |
| 2. | शौनक भट्ट | ८०००० | ८०००० | दैनिक रु.८००००।०० |
| 3. | तारा प्रसाद गिरी | ५०००० | ५०००० | दैनिक रु.५००००।०० |
| **जम्मा** | | | **३३००००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३०,००० |

## ८३ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ। पालिकाले पेश गरेको विवरण अनुसार कार्यक्रम तर्फका समेत गरी विभिन्न पदमा मासिक ६० देखि ६५ जनासम्म करार कर्मचारी राखी करार सेवा शुल्कबाट रु.१७०२८४९७।०० खर्च लेखेको पाइयो। स्थानीय तहले माथि उल्लेखित पदवाहेक स्थायी पदपूर्ती गर्नुपर्ने असिस्टेन्ट सव इन्जिनियर १, सहायक कम्प्यूटर अपरेटर १, अमिन २ लगायतका कर्मचारी करारमा राखी बजेट खर्च लेखेको पाइयो। यसरी स्थायी पदपुर्ती गर्नुपर्ने पदमा करारमा कर्मचारी राख्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ।

## ८४ तलबी प्रतिवेदन

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७(२) कार्यालयले तलबी प्रतिवेदन पास नगराई खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। विगतका वर्षहरुमा कानूनी अस्पष्टताको कारण तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।०५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन प्राप्त भएकोमा तलबी प्रतिवेदन पारित बिना नै तलब, ग्रेड भुक्तानी भएको पाईयो। यस आर्थिक वर्षमा पालिकाले कर्मचारी पारिश्रमिक बापत नगरपालिका चालुतर्फ रु.२२३३३४१४।०००० तथा सशर्त चालुतर्फ रु.२००३६८२५।०० गरी कुल रु.४२३७०२४०।०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## ८५ प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०८१ को परिच्छेद ७ को ४६(१) मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम प्रदान गरिंदै आएको भत्ता ,पोशाक खर्च, महंगी भत्ता र स्थानीय भत्ता बाहेक अन्य कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था रहेको छ। अभिलेख समेत राखेको देखिएन। पालिकाले गो भौ नं ७४७। २०८२।३।२४ बाट कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट विभिन्न शाखाका ११ जना कर्मचारीलाई रु.१०३९७३५।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले प्रोत्साहन भत्ता सम्बन्धमा कुनै कानून वनाएको पाइएन भने कर्मचारीले अतिरिक्त समय काम गरेको हाजिरी प्रमाणित गरी सोही हाजिरीको आधारमा प्रोत्साहन भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले यस किसिमका

भत्ता वितरण गर्दा कार्यविधि तथा विभिन्न सूचक वनाई उक्त कार्यसम्पादन सूचकको आधारमा मात्र प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्ने देखिन्छ।

## ८६ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको देखियो ।

८६.१ अनियमित व्यहोराहरु:

<table>
<tr><th>सि.नं.</th><th>व्यहोराहर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>वितरण भरपाई गो.भौ २४१/२०८१/०९/१७ मा स्पोर्टस ग्यालरी लाई १९६०० वडा न ९ कार्यालयबाट खेलकुद सामग्री खरिद गरी भुत्तानी गरिएको छ । जसमा वडा कार्यालयले टोला स्तरीय खेलकुद उपभोत्ता समिति लाई समितिको माग निवेदन विना, कोरमेट गरी टिपेक्स लगाएको विल राखी सामग्री बुझेको भरपाइ मा बुझिलिने को नाम समेत उल्लेख नगरी वितरण गरेको नियमसम्मत नदेखिएन ।</td><td>१९६००</td></tr>
<tr><td>२</td><td>फाइनर इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.: सार्वजनिक खरिद नियमावलीको नियम ७२,७३,७४,७५,७६,७७,७८,७९,८०,८१ मा परामर्शदाताबाट प्रस्ताव माग गरी परामर्श लिन सकिने व्यवस्था रहेको छ। प्रदेश चालु गो.भौ.२९/२०८२/०३/२५ का अनुसार गाउँपालिका चालु आ.व मा Shakhare Khola Bridge Miklajung-02, Morang को DPR भइ फाइनर इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि लाई रु.९९३६०९ भुक्तानी भएको छ । जसमा प्राविधिक प्रस्ताव खोलेको मुचुल्का, मिति २०८२ साल जेष्ठ १३ गतेका दिन प्राविधिक प्रस्तावको मूल्याङकन गरिएको छ । प्राविधिक प्रस्तावको मुल्याङकन भएपछी आर्थिक प्रस्ताव खोल्न ७ दिनको सूचना दिनुपर्ने व्यवस्था रहेको छ । सूचना नदिइ २०८२ साल जेष्ठ १४ गतेका दिन आर्थिक प्रस्तावको मुल्याङकन गरिएको छ , आर्थिक प्रस्ताव खोलेको मुचुल्का नभएको आवश्यक प्रकृया पुरा नगरी भुक्तानी दिएको नियमसम्मत नभएको रु.</td><td>९९३६०९</td></tr>
<tr><td>३</td><td>आलुको विउ वितरण : गो.भौ ४१६/२०८१/१२/१७ मा वडा न १ मा आलुको विउ खरिद गरी शाकम्बरी कृषि फार्म लाई रु ४७४७५० (७५ प्रतिशत गाउँपालिका को र २५ प्रतिशत कृषक को सहभागीता ) भुत्तानी भएको छ । जसमा लागत सहभागागीता को अनुपातको निर्णय विना, कार्यक्रमको प्रस्तावना नभएको , वडा बाट सुचना जारी नभएको, कृषक छनौटको मापदण्ड र निर्णय , अनुगमन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन को प्रक्रिया नगरी भुत्तानी गरीएको नियम सँगत देखिएन रु.</td><td>४९९७५०</td></tr>
<tr><td>४</td><td>विभिन्न औषधीहरुको खरिद: सार्वजनिक खरिद नियमावलीको नियम ८५ को १ मा सोझौ खरिद विधिबाट खरिद गर्ने व्यवस्था छ। गो.भौ ९१/२०८१/१०/०२ का अनुसार आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद शिर्षकबाट विभिन्न स्वास्थ्य सामग्रीहरु खरिद गरी श्री रिद्धि सिद्धि मेडिटेक इन्टरनेशनल लाइ रु ९९४३७७ भुक्तानी भएको छ । जसमा सम्झौतामा औषधीजन्य सामाग्रीको दाखिला गर्दा कम्तीमा १८ महिनाको म्याद सकिने मिति हुनुपर्ने भनीएकोमा खरिद मिति 2025 jan 2 मा खरिद भएकोमा १८ महिना 2026 jun 2 पुग्ने देखिएकाले निम्न औषधीजन्य सामाग्रीहरुको म्याद १८ महिना भन्दा कम रहेको खरिद गरिएको र विभिन्न ७ वटा औषधीजन्य Item को Expire Date उल्लेख नगरिएको नियम सँगत नदेखिएको रु
<table>
<tr><th>औषधीको नाम</th><th>रकम</th></tr>
<tr><td>Acetylsalicylic acid</td><td>१३०</td></tr>
<tr><td>Amoxycillion Power</td><td>१३१५८</td></tr>
<tr><td>Cetrizine Hcl Tab</td><td>२०७०</td></tr>
<tr><td>Cipro eyelear drop</td><td>१४३५५</td></tr>
<tr><td>Cloxacillion Power</td><td>२४९८०</td></tr>
<tr><td>Hyocine butylbromide Tab</td><td>१०२९५</td></tr>
<tr><td>Neomycin Skin</td><td>५७४५</td></tr>
<tr><td>Vitamin B Complex Tab</td><td>१४४००</td></tr>
<tr><td>Tetracycline Eyeoint</td><td>४५००</td></tr>
<tr><td>Zinc Sulphate 20 mg Tab</td><td>८१०</td></tr>
<tr><td>Adhesive Tab</td><td>२१०५०</td></tr>
<tr><td>Sprit 500 ml</td><td>२२१०</td></tr>
<tr><td>जम्मा</td><td>११३६९०</td></tr>
</table></td><td>११३६९०</td></tr>
</table>

| अनियमित भएको | १६,२६,६४९ |
|---|---|

८६.२ **प्रमाण पेश गर्नुपर्ने व्यहोराहरु**

आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजुहरुमध्ये निम्नानुसारका बेरुजु अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट नभएको हुँदा उल्लेख भए अनुसारको बेरुजुमा उल्लेखित व्यहोरा अनुसार फछ्र्यौट गराई पेश गर्नुपर्ने रु.

<table>
<tr><td>सि.न</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>१</td><td>कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। गो.भौ ९८/२०८१/०६/२२ वडा न ३ को कार्यालयमा विभिन्न खेलकुद सामग्रीहरु भलिवल, फुटवल ,व्याटमिन्टन र्यकेट खरिद गरीएकोमा महेनद्र भण्डारी लाइ भुक्तानी दिइएको छ । खरिद गरिएको खेलकुद सामग्री विना माग निवेदन वितरण गरीएको मा १५ वटा फुटवल एउटै व्यक्तीले बुझेको देखिन्छ र बाँकी भरपाइ नभएको र ब्याटमिन्टन र्यकेट रु १०४५२.५ र रु ७५७१ को कुन प्रयोजनका लागी वितरण गरीएको हो सो को प्रमाण पेश हुनुपर्ने रु</td><td>५७२८५</td></tr>
<tr><td>२</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। गो.भौ १२१/२०८१/०६/२२ वडा न १ ले न्यु पाथीभरा स्पोर्टस सेन्टर बाट विभिन्न खेलकुदका सामग्रीहरु रु ८३१३९ को खरिद गरिएको छ । र गो.भौ १२२/२०८१/०६/२२ मा वडा न १ ले जाको स्पोर्टस एण्ड म्युजिक बाट विभिन्न खेलकुदका सामग्रीहरु रु ३१०९७ को खरिद गरि भुक्तानी भएको छ । जसमा सरोकारवाला को विना माग निवेदन र भरपाइ समेत नभएकोले सो कुन प्रयोजनका लागी खरिद गरीएको सो को प्रमाण पेश गर्ने रु</td><td>११४२३७</td></tr>
<tr><td>३</td><td>पोषण कार्यक्रम:मुल्यअभिवृद्धि कर नियमावली २०५३ को नियम ५६ बमोजिम नेपाल सरकार,संवैधानिक निकाय वा प्रदेश वा नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित संस्था वा स्थानीय तहले नेपालभित्र एक पटकमा बीस हजार रुपैंयाभन्दा बढीको कर लाग्ने वस्तु वा सेवाको खरिद गर्दा भ्याटमा दर्ता भएको व्यक्तिसँग मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। गो.भौ २५१/२०८१/०९/१९ मा उमादेवी मगर लाइ रु १००००० सुत्केरी र गर्भवती महिला लाई पोषण कार्यक्रम वापत भुत्तानी दिइएको मा निम्न सप्लायर्सको विलमा बीस हजार भन्दा माथीको विल पान विल राखी भुक्तानी गरिएको छ। यसरी पान २०००० भन्दा माथीको रकम भ्याट विल जारी हुनुपर्ने रु
<table>
<tr><td>फर्म तथा सप्लायर्सको नाम</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>निरौला स्टोर</td><td>३५०००</td><td>पान बिल र विलमा कर विजक समेत नभएको</td></tr>
<tr><td>प्रकाश पोलुटरी सप्लायर्स</td><td>२६८००</td><td>पान विल</td></tr>
<tr><td>कामना मौरी पालन स्रोत केन्द्र</td><td>२१२५०</td><td>पान विल</td></tr>
</table></td><td>८७०५०</td></tr>
<tr><td>४</td><td>नेपाल आदिवासी जनजाती महासँघ:<br>गो.भौ ३५४/२०८१/११/०५ अनुसार नेपाल आदिवासी जनजाती महासँघ लाइ कार्यक्रमका लागी रु१२०००० भुत्तानी भएको छ। कार्यक्रमको प्रस्तावना पेश नभइ कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन विना भुत्तानी भएकोले सो कागज प्रमाण समावेश हुनु पर्ने रु</td><td>१२००००</td></tr>
<tr><td>५</td><td>वडा न ९ मा बोरिङ<br>गो.भौ ६७६/२०८२/०३/१९ अनुसार वडा नं.९ मा ५ बोरिङ स्थापनाको लागी वडा समितिले छनौट गरी बोरिङ निर्माण गरिएकोमा जम्मा लागत ५६६३१।५६ रहेकोमा ७० प्रतिशत रु ३९७१२ गाउँपालिकाको तर्फबाट र ३० प्रतिशत रु १७०२० कृषकको तर्फबाट साझेदारी गर्ने भनीएकोमा कृषक श्री भिमा लम्साल को बोरिङ निर्माण को अनुगमन प्रतिवेदन पेश नभएकोले सो पेश हुनुपर्ने रु</td><td>५६६३१.५६</td></tr>
<tr><td>६</td><td>अपाङ्गता सहयोगी सामग्री खरिद:<br>सार्वजनिक खरिद नियमावलीको नियम ८५ को १ मा सोझौ खरिद विधिबाट खरिद गर्ने व्यवस्था छ। गो.भौ ६९९/२०८२/०३/२० अनुसार मिक्लाजुङ गाउँपालिका अन्तर्गत रहेको ९ वटै वडाहरुमा रहेका अपाङ्गता भएको व्यक्तीहरुका लागी विभिन्न सहयोगी सामाग्रीहरु wheel chair , Tricycle, Hearing लगायतका १३ वटा सामानहरु कोटेसन मार्फत समुदायमा आधारित पूनस्थापना परियोजना लाई रु ३०००००।- खरिद गरिएकोमा भुक्तानी गरिएको छ । जसमा लागत अनुमान तयार नपारेको, २ वटा सँग मात्र कोटेसन माग गरेको पत्र रहेको, सम्झौता गर्न आउने पालिकाको पत्र र सम्बन्धीत सप्लायर्सको समझौता गर्न आउने निवेदन पत्र समावेश नभएको, वितरण गरेको भरपाई नभएको सो बमोजिम प्रमाण पेश हुनुपर्ने रु</td><td>३०००००</td></tr>
<tr><td>७</td><td>जडान प्रमाणित:सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।</td><td>१४८१६९</td></tr>
</table>

| | | |
|---|---|---|
| | गो.भौ.२८०/२०८२/०३/२५ का अनुसार मिक्लाजुङ-३ मा रहेको बताहा खोला थोपा सिंचाई महिला कृषि समूह अन्तर्गत व्यवसाय खोली संचालनमा रही रहेको हुँदा अहिले उक्त व्यवसायलाई मौसमी तथा बेमौसमी तरकारी खेती गर्नका लागि आवश्यक पानीको पाइप र मोटरको व्यवस्थापनका लागि गाउँपालिका बाट कोटेसन मार्फत 40mm PN16 HDPE Pipe 200 m / 32 mm PN16 HDPE Pipe 800 m र पानी मोटर २ थान गरी रु.१४८१६९ श्री न्यू विराट एग्रो मार्ट लाई भुक्तानी भएकोमा सम्बन्धित महिला समूहलाई पाइप वितरण भएकोमा सो को जडान प्रमाणित भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | |
| ८ | **वार्षिक समिक्षा कार्यक्रम:**<br>गो.भौ ३३१/२०८२/०३/२४ अनुसार पोषण कार्यक्रम बजेट शिर्षकबाट CBIMNCI को वार्षिक समिक्षा कार्यक्रम मिति २०८२/०३/२२ र २३ गते भएको कार्यक्रम मा २६ वटा व्याग वितरण गरेकोमा व्याग वितरण को भरपाई पेश हुनुपर्ने रु | २७३२३.४ |
| ९ | **शैक्षिक क्यालेन्डर:**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।गो.भौ.४१/२०८२/०२/१४ अनुसार नियमित बैठक गोष्टी अभिमुखीकरण तथा शैक्षिक क्यालेन्डर तयारी खर्च शिर्षकबाट क्यालेन्डर बापत ८५० परिमाणको रु.८५४८४ उर्लाबारी अफसेट प्रेस लाई भुक्तानी भएकोमा सोको वितरण गरेको भरपाई समावेश हुनुपर्ने रु | ८५४८४ |
| १० | **कार्यसम्पन्न प्रतिवेदा पेश हुनुपर्ने :**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गो.भौ.२०८/२०८२/०३/१९ का अनुसार गाउँपालिका वडा नं.३ को धोबेनी बजार व्यवस्थापनका लागी ३००० लिटरको खानेपानी ट्याङ्की र २० mm को ४०० मिटर खानेपानी पाईप खरिद गरी हस्तान्तरण गरिएको छ । खानेपानी ट्याङ्की र पाईप को जडान गरिएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | ५२११५ |
| ११ | **गाउँपालिका डिजीटल प्रोफायल :**<br>गाँपालिका डिजिटल प्रोफायल बनाउनका लागी गाउँपालिकाले रु.१७९०४४९ लागत अनुमान मा परामर्श सेवा खरिद प्रकियाबाट कार्य सुरु गरी रु.१७८७०९५ मा ईजी एक्सेस प्रा.लि. सँग सम्झौता भई २०८१/१२/१९ मा रु.४१२४०६ र २०८२/०३/२५ मा रु.६५९८५१ गरी जम्मा रु.१०७२२५७ भुक्तानी भएको छ तर २०८२/०३/१५ सम्म कार्यसम्पन्न हुनुपर्ने आदेश भएकोमा सो समयमा कार्यसम्पन्न भएको नदेखिएकोले कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | १०७२२५७ |
| १२ | **कार्यक्रमको कार्यपत्र पेश हुनुपर्ने :**गो.भौ १४२/२०८१/१२/१५ का अनुसार किसान सुचीकरण कार्यक्रम शिर्षकबाट किसान सुचीकरण पुनरावलोकन तथा प्रमाणीकरण सम्बन्धी गोष्ठीमा कार्यक्रममा श्री सुमिरा खतिवडा लाइ भुक्तानी भएको छ । कार्यक्रमको ३ वटा सेसन गरेबापतको कार्यपत्र को रकम भुक्तानी भएकोमा २ वटा मात्र कार्यपत्र पेश भएकोले बाँकी १ कार्यपत्र पेश हुनुपर्ने रु. | १४०० |
| १३ | **सि.सि.क्यामरा जडान को कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिका को विभिन्न स्थानहरुमा सि सि क्यामरा विभिन्न फर्महरुसँग खरिद गरी जडान गरिएको छ ।यसमा जडान गरेको कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश नभएकोले सो पेश हुनुपर्ने रु. | **२२२२५०७** |

| गो.भौ/ मिति | जडान गरिएको स्थान | परिमाण | जम्मा खरिद रकम |
|---|---|---|---|
| गो.भौ.५६/२०८१/१०/०७ | तोरीबारी क्षेत्र,कसेनी क्षेत्र र बजार क्षेत्रमा थप | ११ | ९७८९१९ |
| गो.भौ.५७/२०८१/१०/०७ | मिक्लाजुङ ८ तोरीबारी | २ | ९८३९४ |
| गो.भौ.५८/२०८१/१०/०९ | सुन्दरी चोक, याम चोक मिक्लाजुङ ३ , नेपाल चौक मिक्लाजुङ ६ र ईलाका प्रहरी कार्यालय,मधुमल्ला | ८ | ८८७२९४ |
| गो.भौ.६५/२०८१/१०/२९ | वडा नं. ५ मा रहेका सरस्वती आ.वि., चन्द्रमा आ.वि र सिंहदेवी आ.वि. | १६ | २५७९०० |
| | | **जम्मा** | **रु.२२२२५०७** |

| | | |
|---|---|---|
| १४ | **शिक्षक,विधार्थी तथा अभिभावक उत्प्रेरणा अभियान संचालन:**<br>क) गो.भौ.१९/२०८१/१०/२५अनुसार मिति २०८१/१०/०२ देखि २०८१/१०/०५ गते सम्म सुशिला चलचित्र हल, मिक्लाजुङ मा गाउँपालिकाद्धारा शिक्षक,विधार्थी तथा अभिभावक उत्प्रेरणा अभियान संचालन गरी शिक्षा चालु बाट रु.७००००० र गाउँपालिका चालु बाट रु.१८८९६३ गरी जम्मा रु.८८८९६३ खर्च भएको छ । जसमा सहजकर्ता का रुपमा श्री तारा प्रसाद गिरी सँग रु ५०००० प्रति दिनका दरले १ दिनको, श्री शौनक भट्ट सँग रु ८०००० प्रति दिनका दरले १ दिनको र श्री सन्दिप कायस्थ क्षेत्री सँग रु १००००० प्रति दिनका दरले २ दिनको सम्झौता भइ सोही बमोजिम रकम भुक्तानी भएको छ । यसरी सहजकर्ता लाई दिइएको रकम कुन नम्स तथा मापदण्ड अनुसार भएको हो सो पेश हुनुपर्नेरु. ३३००००<br>ख) उक्त कार्यक्रममा मधुमल्ला पार्टी प्यालेस लाई सुशिला हल र टेन्ट भाडा बापतको रकम रु.६०००० , कोशी मिडिया नेटवर्क प्रा.लि. लाई भिडियो सुटिङ, Editing र विराट टेलिभिजनमा प्रसारण गरे बापतको रु.३९५५० , आरिज इलेक्ट्रोनिक्स अर्जुन राई लाई साउन्ड सिस्टम बापतको दिनको रु.१२५०० का दरले ४ दिनको रु.५०००० भुक्तानी भएको छ ।माथी उल्लेखित प्रयोजनका लागी सम्बन्धीत फर्महरु सँग भएको सम्झौता पेश हुनुपर्ने रु. | १४९५५० |
| १५ | **रचना साखरे तथा नुनसरी खोला तटबन्धनको लागी ग्यावीन जाली :**गो.भौ.५/२०८१/०६/०६ अनुसार रचना साखरे तथा नुनसरी खोला तटबन्धन उपभोक्ता समिति लाई गाउँपालिका बाट हस्तान्तरण गरेको जाली प्रयोग गरी कार्यसम्पन्न गरेकोमा रु.३५८१४४ भुक्तानी भएको छ । गाउँपालिका बाट खरिद कार्य मिति २०८१/०५/१३ बाट सुरु गरी तारजाली २०८१/०६/२० मा उपभोक्ता समिति को सचिव इन्द्र कुमार कटुवाल लाई हस्तान्तरण गरिएको छ । तर उपभोक्ता समितिले आफुले गरेको कामको कार्यसम्पन्न अनुगमन प्रतिवेदन मिति २०८१/०४/१७ मा पेश भएको देखिएको हुँदा कार्यसम्पन्न पश्चात तारजाली खरिद भई हस्तान्तरण भएको देखिएकोले के भएको साको यकिन गरी प्रमाण पेश हुनुपर्दछ। तारजाली खरिद गर्दाको ल.इ मा Lacing wire 2.64 रहेको तर उ.स. ले तारजाली लगाउँदाको ल.इ र कार्यसम्पन्नमा Lacing wire 2.4 प्रयोग भएको देखिएको ले के-कति कारणले फरक परेको हो सोको प्रमाण पेश हुनुपर्नेरु. | ३५८१४४ |
| १६ | **टि.ओ.डि मिटर जडान:**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गो.भौ.७७/२०८१/११/०६ का अनुसार गाउँपालिकाले नयाँ प्रशासनिक भवनमा टि.ओ.डि मिटर जडानका लागी आवश्यक विधुतीय सामग्री कोटेसन मार्फत खरिद गरिएकोमा श्री अज्ञात निर्माण सेवालाई रु.२७६५३९ भुक्तानी भएको छ । जसमा ३ वटा फर्महरु प्रसाई बन्धु निर्माण सेवा, सिग्देल बन्धु निर्माण सेवा र अज्ञात निर्माण सेवा प्रा.लि. को कोटेसन पेश गरेको पत्र मिक्लाजुङ गाउँपालिकाले सम्बन्धित फर्महरुलाई दररेट सहितको प्रस्ताव पेश गर्ने गरी पठाएको पत्रमा Rate र Total amount हातले लेखी मिक्लाजुङ गाउँपालिका को Letter Head मा पठाएको देखिन्छ । सम्बन्धित फर्महरुले आफ्नो Letter Head मा दररेट पेश गरेको प्रमाण र जडान गरेको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्नेरु. | २७६५३९ |
| १७ | **प्राविधिक धार संचालन :** गो.भौ ३३/२०८१/०६/२० अनुसार गाउँपालिका अन्तर्गतको श्री कालिका सामुदायिक मा.वि. मिक्लाजुङ-३ को प्राविधिक धार संचालनका लागि अनुदान निकासा रु. १८९०००० गरिएकोमा विधालयको कक्षा ९ का ३५ विधार्थी, १० कक्षाको ३० विधार्थी, कक्षा ११ को २४ | ४००४९४ |

विधार्थी र कक्षा १२ को ३७ विधार्थी गरी जम्मा १२६ विधार्थी रहेको पेश भएको छ । सो को IEMIS को विधार्थीको विवरण प्रमाणित गरी पेश हुनुपर्ने ।

कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१/०८२ को २.६ मा प्राविधिक धार कक्षा ९ देखि १२ सञ्चालित विधालयलाई प्रति विधार्थी लागत अनुदान १५००० दिने व्यवस्था छ । जसमा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यवहारिक अभ्यास वा कक्षा १२ पछि महिनाको व्यवहारिक अभ्यास गराउने व्यवस्था गरिएको छ ।व्यवहारिक अभ्यास मा सहभागी हुने विधार्थीका लागि प्रति महिना १ हजारका का दरले रकम सम्बन्धित विधार्थीको बैंक खातामा उपलब्ध गराउने व्यवस्था गरिएको छ । प्राथमिक तह तृतीय श्रेणी शिक्षक सरहको १ जना ल्याब असिस्टेन्टका लागी १३ महिनाको पारिश्रमिक को व्यवस्था गरेको छ ।

ल्याव असिस्टेन्ट पदमा १३ महिनाको रु३२९०२ का दरले जम्मा रु४२७७२६ रकम भुक्तानी गर्न मिल्ने देखिन्छ। महिनाको रु२४५०० का दरले रु.३१८२३२( श्रावण देखि पौष सम्मको बैंक पठाएको विवरणमा बैंक ले बुझेको कागज पेश हुनुपर्ने) भुक्तनी भएको हुँदा सम्बन्धित शिर्षकको बाँकी रकम रु १०९४९४ संघीय सरकार लाई फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु....

OJT मा सहभागी हुने विधार्थीका लागी प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विधार्थी को बैंक खातामा उपलब्ध हुनु पर्ने रु ३८४००० (विधालयको विवरण अनुसार) ।

| कक्षा | विधार्थी संख्या | महिना | दर | जम्मा |
|---|---|---|---|---|
| १० | ३० | ३ | १००० | ९०००० |
| ११ | २४ | ३ | १००० | ७२००० |
| १२ | ३७ | ६ | १००० | २२२००० |
| | | | जम्मा | ३८४००० |

पेश भएको विवरण अनुसार कक्षा १२ को ३१ विधार्थीलाई रु ३००० का दरले जम्मा रु ९३००० मात्र भुक्तानी भएको हुँदा बाँकी विधार्थीहरुलाइ बैंक मार्फत रकम वितरण गरेको रु. 291000 को प्रमाण पेश हुनुपर्ने रु......

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,२९,१८५.९६ |

८६.३ **मुल्य अभिबृद्धि कर समायोजन :** मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर गाउँपालिका को विभिन्न कार्यक्रम/योजनाहरुमा पेश भएको तथा भुक्तानी भएको विवरणमा सम्बन्धीत सप्लायर्सको विल भ्याट नन् फाइलर तथा विजक कोरमेट देखिएको हुँदा सम्बन्धित फर्मको निम्नानुसारको मु.अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ/मिति | कार्यक्रम तथा योजनाको नाम | सप्लायर्सको नाम/पान नं. | विजक नम्बर/जारी मिति | भ्याट रकम |
|---|---|---|---|---|
| गो.भौ चालु १२/२०८१/०६/०९ | | एच.के.आर इण्डस्ट्रिज प्रा.लि.(३०३३२५८३१) | | १३९८.६६ |
| गो.भौ चालु ८३/२०८१/०६/२१ | | एच.के.आर इण्डस्ट्रिज प्रा.लि.(३०३३२५८३१) | | १२४८ |
| गो.भौ चालु १४९/२०८१/०७/०९ | | एच.के.आर इण्डस्ट्रिज प्रा.लि.(३०३३२५८३१) | २१/२०८१-०७-०९ | १३६१.६८ |
| गो.भौ चालु २३७/२०८१/०९/१७ | | एच.के.आर इण्डस्ट्रिज प्रा.लि.(३०३३२५८३१) | २५/२०८१-०९-११ | ११५२.६५ |
| गो.भौ चालु २३७/२०८१/०९/१७ | | एच.के.आर इण्डस्ट्रिज प्रा.लि.(३०३३२५८३१) | २३/२०८१-०८-१५ | ६२४ |
| गो.भौ चालु ६९६/२०८२/०३/२१ | बक्राह नदी नियन्त्रण व्यवस्थापन उ.स | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | २१/२०८१-१२-३० र ४/२०८१-१०-१२ | १७६०१.८७ र २०८० |
| गो.भौ २५/२०८१/०८/०६ | नुनसरी खोला धप्पर टोल १९ न बाँध तटबन्धन उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | १/२०८१-०७-१५ | २२३०८ |
| गो.भौ २६/२०८१/०८/०६ | वडा नं.६ खाल्डाखुल्डी पुराई उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | २/२०८१-०७-२९ | ८१९० |
| गो.भौ ७३/२०८१/११/१२ | चर्च अफ खामेझोडाको स्तरोन्नती उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | ३/२०८१-१०-१० | ६४६३.६ |
| गो.भौ ९३/२०८१/१२/१५ | भण्डारी चोक उत्तर देविस्थान मर्मत संभार उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | १२/२०८१ | १३०३६.४० |
| गो.भौ १२१/२०८२/०१/२६ | जुना खड्का को घर पुर्व कल्भर्ट निर्माण उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | २४/२०८१-०१-०८ | ६०४५.३९ |
| गो.भौ १२६/२०८२/०२/०१ | गोलाटार जाने बाटो ग्राभेल स्लाभ निर्माण उ.स. | जे.पि. वालुवा प्रशोधन उधोग | ०४/२०८१-०१-२० | ५५२२.४० |
| गो.भौ १०७/२०८२/०१/११ | कालिझोर खोला नयाँ कुलो महान मर्मत उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | १८/२०८१-१२-०८ | १०५८६ |
| गो.भौ १११/२०८२/०१/१६ | रातो पुल देखि पश्चिम जाने बाटो विष्णु मगरको घरसम्म बाटो स्तरोन्नती | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | ६/२०८१-११-०९ | ३२१४२.५ |
| गो.भौ ११५/२०८२/०१/१७ | देविथान खोल्सिमा ह्युमपाईप समिति मेशिनरीवाल निर्माण उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | २२/२०८२-१-०७ | ४२४७१.६५ |
| गो.भौ ११६/२०८२/०१/१७ | आलमसारि गुम्बा देखि बक्रा घाट हुँदै अर्जल टोल सम्म बाटो ग्राभेल तथा स्तर उन्नती उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | १०/२०८१-११-१० | ४४४९२ |
| गो.भौ २२८/२०८२/०३/२१ | बोक्रे संगम चोक जाने बाटो कल्भर्ट निर्माण उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | २६/२०८२-०२-०२ | १६२०४.५ |
| गो.भौ २३७/२०८२/०३/२३ | गणेश चोक पुर्व मावा खोला जाने बाटो निर्माण उ.स. | जे.पि.बालुवा प्रशोधन उधोग(६०७४४९३८३) | २७/२०८२-०३-१९ | १२१८२.८२ |
| गो.भौ २५१/२०८२/०३/२४ | पर्शु राईको घर पश्चिम बाहुलि खोल्सिमा कल्भर्ट निर्माण उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | ३६/२०८२-०२-१५ | २००६५.५ |
| गो.भौ २५२/२०८२/०३/२४ | शुनिल शाहको घर हुँदै मधुमल्ला रिसोर्ट टौंडि रोड स्तर उन्नति उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. | २३/२०८२-०१-०७ | ३२६२०.९ |

| | | | | |
|---|---|---|---|---|
| | | (६०६६६६९९४) | | |
| गो.भौ २५५/२०८२/०३/२४ | सेवारो चोक देखि उत्तर जाने बाटोको किङगरिङ मगरको घर छेउमा कल्भर्ट निर्माण उ.स. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | ३५/२०८२-०२-१५ | १३१०९.२ |
| गो.भौ २८८/२०८२/०३/२५ | सत्य साई सेवा संगठन भवन घेराबारा | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | ४०/२०८२-०३-०५ | ८२९०.७५ |
| प्रदेश सरकार गो.भौ २३/२०८२/०३/२४ | जलेश्वरी आ.वि. टहरा र छाना फेर्ने | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | ३१/२०८२-०३-१२ | ३००३ |
| प्रदेश सरकार गो.भौ २७/२०८२/०३/२४ | भगवती मा.वि. | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रा.लि. (६०६६६६९९४) | ३७/२०८२-०३-१६ | ५५४०.६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२७,७४२.०७ |

## ८७ करार कर्मचारीलाई संचयकोष थप रकम

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम सघिय कानुनको अधिनमा रहि स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधासम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । यस पालिकाले केही करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सोहि वरावरको रकम कार्यालयको तर्फ बाट थप गरी सञ्चयकोषमा जम्मा गरिने निर्णय विगत वर्षमा गरेकोमा सोको निरन्तरताका आधारमा यो वर्ष पालिकाले २३ जना कर्मचारीको लागि सञ्चयकोष बापत १० प्रतिशत बापत रु.३४५०७९।७० थप खर्च गरेको छ। यसरी ऐन कानूनमा व्यवस्था नभएको सेवा सुविधा प्रदान गरी खर्च गरेको थप १०% रकम असुल गरि सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| क्रमसंख्या | कर्मचारीको नाम | तलब स्केल | मासिक क.सं.कोष थप | ७ महिनाको जम्मा |
|---|---|---|---|---|
| | घलेन्द्र थापा | ३५४२०.०० | ३५४२.०० | २४७९४.०० |
| 2. | टेक बहादुर श्रेष्ठ | २७४५७.०० | २७४५.७० | १९२१९.९० |
| 3. | भोलानाथ खनाल | २७४५७.०० | २७४५.७० | १९२१९.९० |
| 4. | माहा प्रसाद खड्का | २७४५७.०० | २७४५.७० | १९२१९.९० |
| 5. | बिसम राई | २४७०२.०० | २४७०.०० | १७२९०.०० |
| 6. | लगन लाल अघोरी | २४७०२.०० | २४७०.०० | १७२९०.०० |
| 7. | गितादेवी अघोरी | २१०००.०० | २१००.०० | १४७००.०० |
| 8. | मदन बहादुर सुर्जे मगर | २०७००.०० | २०७०.०० | १४४९०.०० |
| 9. | उदय बहादुर लिम्बु | २०१२५.०० | २०१२.५० | १४०८७.५० |
| 10. | डम्बर राई | १९७७०.०० | १९७७.०० | १३८३९.०० |
| 11. | शुक माया मिभक लिम्बु | १९७७०.०० | १९७७.०० | १३८३९.०० |
| 12. | अन्जना लिम्बु | १९५५०.०० | १९५५.०० | १३६८५.०० |
| 13. | डिकेन्द्र पौडेल | १९५५०.०० | १९५५.०० | १३६८५.०० |
| 14. | मनमाया सुब्वा | १९५५०.०० | १९५५.०० | १३६८५.०० |
| 15. | मिलन राई | १९५५०.०० | १९५५.०० | १३६८५.०० |
| 16. | आयुष भट्टराई | १७८२५.०० | १७८२.५० | १२४७७.५० |
| 17. | चन्द्र बहादुर विश्वकर्मा | १८७७०.०० | १८७७.०० | १३१३९.०० |
| 18. | टेक बहादुर निरौला | १८२७०.०० | १८२७.०० | १२७८९.०० |
| 19. | नबीना बस्नेत | १८२७०.०० | १८२७.०० | १२७८९.०० |
| 20. | बिपना गौतम | १८२७०.०० | १८२७.०० | १२७८९.०० |
| 21. | संगिता बुढाथोकी | १८२७०.०० | १८२७.०० | १२७८९.०० |
| 22. | सबप्ना लिम्बु | १८२७०.०० | १८२७.०० | १२७८९.०० |
| 23. | सुमिना बस्नेत | १८२७०.०० | १८२७.०० | १२७८९.०० |
| **जम्मा** | | | | **३४५०७९.७०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४५,०७९.७ |

८८ **दोहोरो सुविधा**

कोशी प्रदेश सरकारद्वारा जारी गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ७(३) मा स्थानीय तहबाट सवारी साधन प्राप्त गर्ने पदाधिकारीलाई कार्यपालिकाले तोके अनुसार मासिक इन्धन सुविधा प्राप्त हुने उल्लेख छ। साथै सवारी साधन सुविधा उपलब्ध नभएका पदाधिकारीलाई मासिक यातायात सुविधा उपलब्ध गराउने उल्लेख छ भने यातायात सुविधा प्राप्त गर्ने पदाधिकारीलाई इन्धन सुविधा उपलब्ध गराउने व्यवस्था छैन। तर पालिकाले ऐनमा भएको यस व्यवस्थाको विपरित नियमित रुपमा यातायात सुविधा र संचान सुविधा प्राप्त गरिरहेका निम्नानुसारका पदाधिकारीलाई वडा कार्यालयबाट सवारी लगवुक भरी इन्धन सुविधा

तथा संचार सुविधा समेत उपलब्ध गराएको पाइयो। यसरी ऐनमा व्यवस्था नभएको तथा दोहोरो सुविधा हुनेगरी भुक्तानी भएको इन्धन तथा संचार वापतको रकम निम्नानुसारका पदाधिकारीबाट असूल हुनुपर्ने रु

| क्रम संख्या | पदाधिकारीको नाम | पद | संचार खर्च | इन्धन खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | रेणुका देवी याक्चाई मगर | पदाधिकारी जनप्रतिनिधि ( महिला वडा सदस्य ) | १५०० | ९००० | १०५०० |
| २ | डुकुमाया खत्री | पदाधिकारी जनप्रतिनिधि ( महिला वडा सदस्य ) | ६००० | ० | ६००० |
| ३ | सिता देवी मगर | पदाधिकारी जनप्रतिनिधि ( महिला वडा सदस्य ) | ३००० | ५५०० | ८५०० |
| ४ | सर्मिला विश्वकर्मा | पदाधिकारी जनप्रतिनिधि ( दलित महिला वडा सदस्य ) | ३००० | ० | ३००० |
| ५ | पवित्रा विश्वकर्मा | पदाधिकारी जनप्रतिनिधि ( दलित महिला वडा सदस्य ) | ६००० | ७००० | १३००० |
| ६ | संगिता विश्वकर्मा | पदाधिकारी जनप्रतिनिधि ( दलित महिला वडा सदस्य ८) | ५५०० | ० | ५५०० |
| ७ | रेवतकुमार खड्का | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ) | ५००० | ११००० | १६००० |
| ८ | हेमकुमार कट्टुवाल | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ) | ५००० | ११००० | १६००० |
| ९ | चिरन्जिवि पौडेल | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ३ ) | ७००० | ६५०० | १३५०० |
| १० | गणेश राई | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ) | १५०० | १६००० | १७५०० |
| ११ | ओम कुमार दाहाल | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ) | ४५०० | १०००० | १४५०० |
| १२ | चन्द्र बहादुर राई | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ७ ) | ५५०० | ७५०० | १३००० |
| १३ | भुमी प्रसाद कोइराला | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ७ ) | ५००० | १३५०० | १८५०० |
| १४ | सन्तोष कार्की | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ८) | ७००० | १२००० | १९००० |
| १५ | सिताराम बास्तोला | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ८) | ७००० | ११००० | १८००० |
| १६ | पर्वतमान श्रेष्ठ | पदाधिकारी जनप्रतिनिधि ( वडा सदस्य ) | ३००० | १३५०० | १६५०० |
| | | | | **जम्मा** | **२०९०००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१९,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०९,००० |

८९ **उपभोक्ता मार्फत निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने भवन निर्माणको कार्य उपभोक्ता समितिमार्फत गराइ देहायअनुसार रु.१३०२३५०२ खर्च गरेको छ। उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत् गराउँदा नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने देखिएकोले उपभोक्ता समितिमार्फत् सरकारी भवनहरु निर्माण कार्य गराई भुक्तानी गरेको रकम नियमसम्त नदेखिएको रु

| सि.न. | गो.भौ.न./ मिति | निर्माण कार्य | उपभोक्ता समितिको नाम | लागत अनुमान रु. | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | १,२०८२।२।११ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वडा न.३ | वडा न ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उपभोक्ता समिति | ४२९४५१३.९४ | ३६९१४७५ |
| २ | ७,२०८२।२।२८ | रमिते खोला स्वास्थ्य चौकी भवन निर्माण | रमिते खोला स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | ४३३३५१५.८१ | ३४१८९६० |
| | | **जम्मा** | | **८६२८०२९.७५** | **७११०४३५** |

| | |
|---|---|
| अनियमित भएको | ७१,१०,४३५ |

९० **सब कन्ट्र्याक्टरबाट काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नियम ९७. मा (१३क) उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक

निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समितिसँग बिभिन्न काम गर्न गरी सम्झौता गरेकोमा, उपभोक्ता समितिले देहायका निर्माण व्यावसायी मार्फत सवकन्ट्याकमा दि्इ काम गराएको देखियो।नियमावलीमा भएको व्यवस्था विपरीत काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।

| क्र सं | गो.भौ नं/ मिति | उपभोक्ताको नाम | भुक्तानी रकम रु | निर्माण व्यवसायीको नाम | बिजक रकम रु |
|---|---|---|---|---|---|
| १ | १३०। २०८२।२।४ | धुर्पा खोलागाउँ सडक मर्मत उस | १४०४४६७। ०० | मिक्लाजुङ कन्स्ट्रक्सन प्रा लि ६०६८७१८२४ | १४३७४४८ |
| २ | १२३। २०८२।१। २६ | धुर्पा तेर्से आहाले सडक मर्मत उस | ८८७९६८ | मिक्लाजुङ कन्स्ट्रक्सन प्रा लि ६०६८७१८२४ | ९६४११६ |
| ३ | १०८। २०८२।१। १४ | सडक मर्मत संभार (वडा भरी) उपभोक्ता समिति वडा नं. १ | ३५३१५१ | मिक्लाजुङ कन्स्ट्रक्सन प्रा लि ६०६८७१८२४ | ३५८९८० |
| ४ | १७९। २०८२।३। ९ | राम्रि टोल मावाडाँगि र कसेनि बाटो ग्राभेल उपभोक्ता समिति वडा नं. | ४६३६४९। | राजा पोखरी निर्माण सेवा प्रा ली ६०४३२४८०१ | ४५७६५० |

## ९१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ तयार गरेको छ। यो वर्ष नगरपालिकामा कुल १८६ जना वेरोजगार सुचिकृत भएको देखिन्छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत ६०.३३ दिनले ४५२५ दिन रोजगारी उपलव्ध गराई रु.३०,२२,७००.०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सत्र्चालन भएका योजना र सोमा लागेको खर्चको विवरण देहायबमोजिम रहेको छ:

| क्र.सं. | आयोजनाको नाम | रोजगारीमा संलग्न भएका व्यक्तिको सङ्ख्या | रोजगारी दिन | जम्म दिन | ज्यालामा भुक्तानी भएको रकम रु. | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | मिक्लाजुङ डाँडापदमार्ग निर्माण | ५ | १०० | ५०० | ३३४००० | नेपाल सरकार |
| २ | जरुवा गाउँबाट वडाकार्यालय हुँदै स्वास्थ्य चौकी टाँडी वी जाने सडक नाली निर्माण | ५ | ४० | २०० | १३३६०० | IDA |
| ३ | बिहिटार चिप्लेटीकोल्बोटे पैदल मार्ग | ५ | १०० | ५०० | ३३४००० | IDA |
| ४ | मिक्लाजुङ वडा नं ५काबाटो सरसफाई कार्य | ५ | ४० | २०० | १३३६०० | IDA |
| ५ | मावा सडक देखि उत्तरमालबारी बरपिपल सम्म दाया बाया नाली सरसफाई | ५ | ५० | २५० | १६७००० | IDA |
| ६ | वडा नं को स्वास्थ्यकेन्द्र वडा कार्यालय तथावडाको बाटो सरसफाई | ५ | ३५ | १७५ | ११६९०० | IDA |
| ७ | राम्री टोलको बाटोमर्मत सम्भार | ५ | ४० | २०० | १३३६०० | IDA |
| ८ | सानो ढाडे छत्रपुर सडकनिर्माण रोजगार उपभोक्ता समिति | ५ | ६० | ३०० | २००४०० | IDA |
| ९ | चिलाउनेटार बाटो मर्मत | ५ | १०० | ५०० | ३३४००० | IDA |
| १० | लालमाटी देखी कान्छीचोक सडक मध्ये मिक्लाजुङ गापा खण्ड मर्मत तथा सरसफाई | ५ | १०० | ५०० | ३३४००० | IDA |
| ११ | मदन मगरको घर छेउकोबाटो मर्मत उपभोक्ता समिति | ५ | ६० | ३०० | २००४०० | IDA |
| १२ | धोवेनी चौक दक्षीण सडकनाली सरसफाई तथा मर्मत उपभोक्ता समिति | ५ | ६५ | ३२५ | २१७१०० | नेपाल सरकार |
| १३ | रवि सडकको दायाँवायानाली सरसफाई उपभोक्ता समिति | ५ | ५० | २५० | १६७००० | IDA |
| १४ | देवीस्थान सिमसारसरसफाई तथा मर्मत | ५ | ३५ | १७५ | ११६९०० | IDA |
| १५ | वडा नं ७ भरिकासामुदायिक विद्यालयमा सरसफाई कार्यक्रम | ५ | ३० | १५० | १००२०० | IDA |
| | **जम्मा खर्च** | **७५** | | **४५२५** | **३०२२७००** | |

९२ **उपभोक्ता समितिको कार्य निर्माण व्यवसायीबाट गराएको:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन। कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सार्वजनिक निकायलाई दिनु पर्ने र त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी समितिसंग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष उपभोक्ता समितिलाई भुक्तानी गरेको निर्माण कार्यको नमुना परीक्षण गर्दा देहाय बमोजिका कार्य उपभोक्ता समिति मार्फत सम्पुर्ण कार्य निर्माण व्यवसायिले गरेको देखियो। उपभोक्ता समितिसंग सम्झौता गरी उक्त कार्य निर्माण व्यवसायी मार्फत गराउँदा सार्वजिनक खरिद ऐन,२०६३ बमोजिम सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा र मितव्ययीता विपरित भएकोले पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सि.न. | गो.भौ.न/ मिति | निर्माण कार्य | कुल भुक्तानी रकम रु. | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायिको बिजक रकम रु. |
|---|---|---|---|---|---|
| १ | २५२,२०८२।३।२४ | शुनिल शाहको घर उत्तर हुँदै मधुमल्ला रिसोर्ट टाँडी | २६३३२४ | मिक्लाजुङ निर्माण तथा सप्लायर्स प्रालि | २८३५५० |
| २ | १३,२०८२।३।६ | कोलुङ झरना पर्यटन विकास मिक्लाजुङ | ४८५००० | मिक्लाजुङ कन्स्ट्रक्सन प्रालि | २९०११६ |
| ३ | २१८,२०८२।३।२१ | चिलाउने टार सडक स्तरोन्नति | २१६२८६ | राजा पोखरी निर्माण सेवा | २१८१४६ |
| ४ | २१७,२०८२।३।२१ | गोगने कालीखोला सडक मर्मत | २९८०२८ | मिक्लाजुङ कन्स्ट्रक्सन प्रालि | ३२६४५७ |
| | | **जम्मा** | | | **१११८२६९** |

९३ **उपभोक्ता समितिलाई बढी मुअकर भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ।पालिकाले यो वर्ष उपभोक्ता समिति तथा लाभग्राही मार्फत संचालन गरेका सम्पुर्ण योजनामा मुल्य अभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तथा सोही दरमा प्राविधिक मुल्याङ्कन गरेको देखिन्छ। पालिकाले संचालन गरेका केही योजनामा नमुना छनौटको आधारमा परीक्षण गर्दा इट्टामा भुक्तानी गरेको मुल्य अभिवृद्धि कर(प्रति पिस रु.२०.५० मा मुअकर सहित प्रति गोटा रु.२३.१६५।००) र उपभोक्ता समितिले इट्टा खरिद गर्दा भुक्तानी गरेको मुल्य अभिवृद्धि कर मा फरक देखियो। यसरी प्राविधिक मुल्याङ्कनमा समावेश गरी भुक्तानी गरेको मुल्यअभिवृद्धि कर भन्दा न्युन मुअकर भुक्तानी गरेको देखिएकाले पालिकाले वढि भुक्तानी गरेको मुल्यअभिवृद्धि करको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु

| सि.न. | गो.भौ.न./ मिति | आयोजनाको नाम/ उपभोक्ता समितिको नाम | भुक्तानी भएको इट्टा संख्या(खरिद बिल बमोजिम) | खरिद दर/ पिस रु. | न्यून मुअकर/ प्रतिगोटा रु. | जम्मा न्यून मअकर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १,२०८२।२।११ | वडा न ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उपभोक्ता समिति | १७०६५ | १५ | ०.७१५ | १२२०१ | अन्तर सरकारी |
| २ | ७,२०८२।२।२८ | रमिते खोला स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | १७७०० | १५ | ०.७१५ | १२६५५ | अन्तर सरकारी |
| | | **जम्मा** | | | | **२४८५६** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,८५६ |

९४ **ह्युमपाइप खरिद**

२३८,२०८२।३।२४ सार्वजनिक खरिद नियमावहिली,२०६४ को नियम १२३(१)(ख) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष विभिन्न आयोजना तथा स्थानमा जडान गर्ने गरी विभिन्न साइजका ह्युम्पाइप रु.७५८००४।०० मा श्री एन एस कन्स्ट्क्सनबाट कोटेशनको माध्यमबाट खरिद गरेकोमा खरिद गरेका निम्नानुसारका ह्युम्पाइप लेखापरीक्षणको अवधि सम्म प्रस्तावित क्षेत्रमा जडान गरेको प्राविधिक प्रतिवेदन पेश नगरेकोले उक्त ह्युम्पाइप सम्बन्धित क्षेत्रमा जडान गरी सोको प्राविधिक मुल्याङकन सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि.न. | ह्युम्पाइपको विवरण | खरिद परिमाण(पिस) | जडान परिमाण(पिस) | बाँकी परिमाण(पिस) | खरिद दर रु. | जम्मा खरिद रकम (मुअकर बाहेक) रु. |
|---|---|---|---|---|---|---|
| १ | ९० सिएम | ८ | ५ | ३ | २०००० | ६०००० |
| २ | ४५ सिएम | १४ | ३ | ११ | १०००० | ११०००० |
| ३ | ३० सिएम | ४० | ० | ४० | ८००० | ३२०००० |
| | **जम्मा** | | | | | **४९००००** |

| प्रमाण पेश नगरेको | ४,९०,००० |
|---|---|

९५ **नापि बमोजिम भुक्तानी भएको परिमाण भन्दा न्यून खरिद**

सार्वजनिक खरिद नियमावहिली,२०६४ को नियम १२३(१)(ख) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत गरेका विभिन्न आयोजनाहरुको नमुना छनौटका आधारमा परीक्षण गर्दा दर विश्लेषण बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गरेको इट्टाको संख्या भन्दा उपभोक्ता समितिले सो आयोजनाको लागि खरिद गरेको इट्टाको संख्या न्युन देखिएकोले न्युन परिमाणमा खरिद गरेको इट्टाको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गनुपर्ने रु

| सि.न. | गोश्वरा भौचर/ मिति | आयोजनाको नाम | उपभोक्ता समितिको नाम | नापि किताब बमोजिम इट्टाको कार्य(घमि) | नापि अनुसार आवश्यक पर्ने इट्टा संख्या | खरिद गरेको इट्टाको संख्या | न्युन खरिद संख्या | प्रति इट्टा भुक्तानी गरेको रु. | जम्मा बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३५,२०८२।३।२३ | विद्यालय पुर्वाधार मर्मत | श्री महाभारत आधारभुत विद्यालय | ९.३७ | ३५६१ | २५०० | १०६१ | २०.५० | २१७५० |
| | | **जम्मा** | | | | | | | **२१७५०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,७२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२२,०१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २१,७५० |
|---|---|

९६ **प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **८१,६४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **५,७५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४,७१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६६,५१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३३,४४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१८,८४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३९,१७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३९,००५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२०,१२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३०,०७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३८,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२९,६५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१७,३८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ९७ **गिटि ढुङ्गा वालुवा उत्खनन**

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

९७.१ **पुर्व तयारी** उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को वुँदा ४ मा पालिका वा पालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अद्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका सवै व्यवस्थाको पालना नगरी वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान गरी कार्यपालिकाको निर्णयका आधारमा ठेक्का लगाउने गरेको देखिन्छ।मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी ठेक्का बन्दोवस्त गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

९७.२ **उत्खनन परिमाणको यकिन** ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को वुँदा ४ को उपवुँदा ५,६ र ७ मा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची-२(ख) बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची- २(ग) बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्ने,उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग पालिकाले तोक्नु पर्ने र तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधनसहित प्रवेश गर्दाका बखत अनुसूची- ३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्ने उल्लेख छ। पालिकाले सम्झौता तथा सुचना वमोजिम

पालिकावाट निकासीका लागि रसिद छपाई प्रयोग गरेतापनी प्रयोग गरे पश्तात् रसिदको एकिन गरी फिर्ता नगरेको तथा निकासी पश्चात् निरीक्षण वा परीक्षण गरी निकासी परिमाण एकिन गरेको छैन। जसले गर्दा ठेक्का प्राप्त गर्नेले तोकिएकै परिमाणमा मात्र ढुङ्गा,गीट्टी, बालुवा सङ्कलन गरेको भनि आश्वस्त हुने अवस्था देखिएन। पालिकाले मापदण्ड र सम्झौता तथा सुचनामा उल्लेख भएका सबै व्यवस्थाको पालना गरी आन्तरिका आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

### ९८ मिक्लु,मगर,आँपे,मुगु,सफेवा र सोल्टी लगायतका खोलाहरुबाट नदीजन्य पदार्थ संकलन तथा बिक्रि

पालिकाले यस क्षेत्रको नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्य गर्नको लागि गरेको IEE प्रतिवेदन बमोजिम ७५५६६.३७ घनमिटर नदिजन्य पदार्थ उत्खनन कार्यको लागि रु.१८६६५८९०.८७ (मुअकर सहित रु.२१०९२४५६.६८) आय अनुमान गरेको देखिन्छ। उक्त आय ठेक्काको लागि मिति २०८१।७।१ मा प्रकाशित सुचनामा न्युनतम बोलपत्र रकम (मुअकर सहित) रु.१८६६५८९०.९१ रहेको उल्लेख गरी सुचना प्रकाशन गरी २०८१।८।३ भित्र बोलपत्र पेश गर्नुपर्ने गरी बोलपत्र आह्वान गरेकोमा २०८१।८।३ सम्ममा १ वटा मात्र बोलपत्र दाताले रु.२२९०००१७।०० कबोल गरेको र अनुमान गरेको आय भन्दा बढी कवोल गरेको देखिएकोले श्री बिनीता श्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालिको बोलपत्र स्वीकृत गरी मिति २०८१।११।२० मा श्री बिनीता श्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालिले कवोल गरेको मुअकर सहितको रु.२२९०००१७।०० मा २०८२।२।१५ भित्र रकम भुक्तानी गर्ने गरी सम्झौता भएको देखिन्छ। यसबाट पालिकाले उक्त आय ठेक्काको सुचना जारी गर्दा मुअकर बाहेकको रु.१८६६५८९०.९१ लाई नै मुअकर सहितको रकम उल्लेख गरी सुचना प्रकाशन गर्दा सुचनामा रु.२४,२६,५६५।०० न्यून रकम उल्लेख गरेको देखिन्छ। यसरी सम्बन्धित कबोलकर्ताले समेत उक्त रकमलाई मुअकर सहितको मानी रकम कबोल गर्दा पालिकालाई सोहि रकम रु.२४,२६,५६५।०० न्युन आय भएको हुन सक्ने देखिन्छ।

### ९९ संस्थागत विद्यालयको राजस्व

मिक्लाजुङ गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा ५ बमोजिम गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लाग्ने व्यवस्था छ। सो सँग सम्वन्धित अनुसूची ४ मा निजी विद्यालयहरुको आवद्धता र अभिलेखीकरण तथा नविकरणका लागि वार्षिक संस्थागत कर लाग्ने उल्लेख छ। पालिकाको संस्थागत विद्यालयको अभिलेख परिक्षण गर्दा देहायका १३ विद्यालयहरु रहेकोमा आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम कर असुल गरेको देखिएन। संस्थागत विद्यालयहरुवाट प्राप्त गर्नुपर्ने संस्थागत कर रु.६५००।०० तथा विलम्व शुल्क समेत असुल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु

| क्र.सं | विद्यालयको नाम | नविकरण शुल्क |
|---|---|---|
| १ | रिलायन्स इ. सेकेण्डरीस्कूल | ५०० |
| २ | भानु मेमोरियल इ. स्कूल | ५०० |
| ३ | मदरमधुमल्लाइ बो. स्कूल | ५०० |
| ४ | क्लासिकल इ. स्कूल | ५०० |
| ५ | सरस्वती इ. स्कूल | ५०० |
| ६ | निर्मलसिद्धार्थइ.बो. स्कूल | ५०० |
| ७ | मिक्लाजुङ इ. एकेडेमी | ५०० |
| ८ | भिञ्चि इ.स्कूल | ५०० |
| ९ | जलेश्वरी इ.बो. स्कूल | ५०० |
| १० | चिल्ड्रेन अर्चाइडइ. स्कूल | ५०० |
| ११ | ग्रीन्ल्याण्डइ.बो. स्कूल | ५०० |
| १२ | नोवेल्टी इ. स्कूल | ५०० |
| १३ | तोरीबारी विद्यामन्दीर | ५०० |
| | **जम्मा** | **६५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५०० |

१०० **व्यवसाय कर**

मिक्लाजुङ गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा ५ बमोजिम गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लाग्ने व्यवस्था छ। सो सँग सम्वन्धित अनुसूची ४ मा वार्षिक नविकरण शुल्क र तोकिए बमोजिमको दरमा कर लाग्ने उल्लेख छ। पालिकाले आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम कर असुल गरेको देखिएन। तसर्थ आर्थिक ऐन,२०८१ बमोजिम २०८१/८२ मा असुल गर्न बाँकी व्यवसाय कर र नविकरण शुल्क समेत असुल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा १०० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७८,३५० |

१०१ **मावा खोला (भस्मे नाका,महेस चोक उत्तर र महेस चोक दक्षिण) को नदीजन्य पदार्थ उत्खनन्**

१०१.१ **बिक्रि दर** ढुंङ्गा, गीट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा १२(१) बमोजिम ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेको छ। साथै दफा ७ बमोजिम सडक निर्माण वा बिस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अबस्थामा त्यस्तो सामाग्रीको परीमाणका आधारमा लाग्ने बिक्रि मूल्य बापतको रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिने व्यवस्था रहेको छ।यस व्यवस्थाबाट ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थ उपलब्ध गराउँदा ठेक्का लगाउनु नपर्ने र सम्बन्धित निर्माण व्यवसायीले उक्त नदीजन्य पदार्थको रकम बिक्रि दरले सम्बन्धित नगरपालिका वा गाउँपालिकामा बुझाउनुपर्ने देखिन्छ। यस व्यवस्था बमोजिम पालिकाले काँकडभिट्टा लौकहि सडक योजना(पूर्वी खण्ड) र काँकडभिट्टा लौकहि सडक योजना(पश्चिम खण्ड) योजनाको निर्माण कार्यको जिम्मा लिएको श्री इभ्रास्कन/कालिका जे.भी.बाट बिक्रि मुल्य प्रति क्युफिट रु.८ मा मुअकर सहित रु.९.०४ को दरले शुल्क संकलन गर्नुपर्नेमा संकलनको दर प्रति क्युफिट रु.७ मा मुअकर सहित रु.७.९१ को दरले ९२७५० घनमिटरको रु,२५९०८७१७.९४ मा सम्झौता गरी शुल्क असुल गरेको देखिन्छ।उक्त सम्झौता ठेक्का मार्फत नभइ पालिकाले सिधै सम्बन्धित आयोजनामा प्रयोग गर्ने गरी बिक्री गरेकोले कोशी प्रदेश आर्थिक ऐन,२०८१ को असनुसुची ४ बमोजिम ढुंङ्गा, गीट्टी, बालुवाको बिक्रि दर प्रति क्युफिट रु.८ मा मुअकर सहित रु.९.०४ को दरले असुल गर्नुपर्नेमा रु.७.९१ को दरले असुल गरेकोले न्युन असुल गरेको प्रति क्युफिट रु.१.१३ को दरले ३२७२२२० क्यूफिट (९२७५० घनमिटरलाई ३५.२८ ले गुणन गर्दा) को रु.३६,९७,६०९।०० श्री इभ्रास्कन/कालिका जे.भी.बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,९७,६०९ |

१०१.२ **भस्मे नाकामा स्वीकृत परिमाण भन्दा बढी उत्खननः** ढुंङ्गा, गीट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ७ मा नगरपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्ने उल्लेख छ। अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्ने व्यवस्था छ।पालिकाले IEE प्रतिवेदन बमोजिम भस्मे नाकामा ५०७५० घनमिटर नदिजन्य पदार्थ उत्खनन कार्यको लागि मिति २०८१।९।२२ मा श्री इभ्रास्कन/कालिका जे.भी. संग २०८२।जेष्ठ मसान्त सम्म सम्झौता अवधि रहने गरी सम्झौता गरेकोमा तोकिएको परिमाणमा उत्खनन कार्य भएको भनी पालिकाले विभिन्न मितिमा पत्रचार गरेकोमा पत्रको कार्यान्वयन नगरी यस नाकाबाट ७४४४२.०२ घनमिटर उत्खनन गरेको क्रस सेक्सन प्रतिवेदनबाट देखिएकोले बढी परिमाण उत्खनन गरेको २३६९२.०२

घनमिटरको कोशी प्रदेश आर्थिक ऐन,२०८१ को अनुसुची ११ बमोजिम बढी उत्खनन परिमाणको संकलन दर प्रति क्युफिट रु.७ ले ८३६५६५.२२६ क्युफिट (२३६९२.०२ घनमिटरलाई ३५.३१ ले गुणन गरी क्युफिट कायम गरीएको) को रु.५८५५९५६.५८ मा मुअकर सहित रु.६६,१८,१११.७४ र वातावरण संरक्षण ऐन,२०७६ को दफा ३५ को उपदफा १(ख) बमोजिम दश लाख जरिवाना लिने निर्णय गरी सम्बन्धित सम्झौताकर्ता श्री इभ्रास्कन/कालिका जे.भी.लाई २०८२।१।३१ (च.न.१८६०) मा पत्राचार गरेको देखिन्छ। उक्त पत्रको सम्बन्धमा श्री इभ्रास्कन/कालिका जे.भी.लाई चित्त नबुझी सो उपर सम्मानित उच्च अदालत विराटनगरमा मुद्धा दर्ता गरेकोमा उच्च अदालत विराटनगरको मिति २०८२।२।९ को पत्र अनुसार पालिकाले २०८२।१।३१ (च.न.१८६०) मा गरेको पत्र अन्तिम निर्णय नहुन्जेल कार्यान्वयन नगर्नु भनी अन्तरिम आदेश गरेको देखिन्छ। पालिकाको अनुगमन समितिले विभिन्न मितिमा स्थलगत नाप जाँच र मुचुल्का सहित वढि परिमाण उत्खनन गरेको भनि प्रतिवेदन पेश गरेको र कार्यपालिकाले समेत बढी परिमाण उत्खनन गरेको भनी यकिन गरेकोले यस आयोजनाको कार्य गर्नको लागि उत्खनन अनुमति प्राप्त श्री इभ्रास्कन/कालिका जे.भी.ले बढी उत्खनन गरेको २३६९२.०२ घनमिटर ढुंङ्गा, गीट्टी र बालुवाको प्रति क्युफिट रु.८ को दरले हुने रकम रु.६६९२५२१.८० मा १३ प्रतिशत मुअकर सहित हुने रु.७५६२५४९।०० र पालिकाले वातावरण संरक्षण ऐन,२०७६ को दफा ३५ को उपदफा १(ख) बमोजिम दश लाख जरिवाना लिने निर्णय बमोजिम रु.१००००००।०० सहित रु ८५६२५४९।०० श्री इभ्रास्कन/कालिका जे.भी.बाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,६२,५४९ |

१०१.३ **स्वीकृत परिमाण भन्दा बढी उत्खनन परिमाणको दर** कोशी प्रदेश आर्थिक ऐन,२०८१ को अनुसुची ११ को क्रम संख्या १(क) बमोजिम विना अनुमति वा अवैध रुपमा उत्खनन वा संकलन गरेको पाइएमा र क्र.म संख्या १(ङ) बमोजिम नदीजन्य पदार्थ वा प्राकृतिक स्रोतको नियम विपरित उत्खनन, निकासी वा बिक्री गरेमा तोकीएको दरमा जरिवाना गरी उत्खनन वा संकलन गरीएको सामग्री जफत र तोकिएको बिक्री दरको दोब्बर शुल्क (अनुसुची ४ बमोजिम बिक्री दर प्रति क्युफिट रु.८ रहेको र सोको दोब्बर शुल्क रु.१६ बमोजिम प्रति घन मिटर मुअकर सहित रु.६३८.०४८) बमोजिम रु.१५११६६४६।०० (बढी उत्खनन परिमाण २३६९२.०२ घनमिटरको) हुन आउँछ। पालिकाले यस नाकामा ढुंङ्गा, गीट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा १२(१) बमोजिम ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था बमोजिम सिधै उत्खनन अनुमति दिएकोले बिक्रि दर बमोजिम प्रति घनमिटर रु.२८२.४८ मा मुअकर सहित रु३१९.०२४ को दरले २३६९२.०२ घनमिटरको रु.७५६२५४९.६५ असुल गर्नुपर्ने दखिन्छ। आय ठेक्काको सम्बन्धमा पालिकाले सम्झौता/आइइ प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा बढी उत्खनन गरेको सम्बन्धमा आर्थिक ऐन,२०८१ बमोजिम हुने रकम रु.१५११६६४६।०० भन्दा सिधै बिक्रि गरेको दर बमोजिम (रु.७५५८३२३।०० असुल बेरुजु कायम गरीएको) हुने न्युन राजस्व रु.७५५८३२३।०० को सम्बन्धमा यथार्थता यकिन गर्नुपर्ने देखिन्छ।

१०२ **शिक्षक दरबन्दी र पदपुर्ति**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजु गरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ। साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरबन्दी तथा पदपूर्ति देहाय वमोजिम

रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ। विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ । शिक्षक दरबन्दी पदपुर्तिको अवस्था देहाय बमोजिम रहेको छ:

**(विस्तृत विवरण बेरूजु दफा १०२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १०३ विद्यालय अनुदान निकासाको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन गरेको प्रतिवेदन देखिएन।पालिकाले यस वर्ष विभिन्न ३८ विद्यालयको नाममा रु.१३५८७१०३४.५७ (शिक्षण सहयोग अनुदान समेत) निकासा गरेको छ। पालिकाले उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ।

## १०४ विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले आ.व.२०८१।८२ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

## १०५ पाठ्यपुष्तक वितरण

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.८.३ को उपक्रियाकलाप ३.१ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ। साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ।पालिकाले दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा नयाँ विद्यार्थी भर्नाको यकिन गरेको पाइएन।अतः पाठ्यपुस्तक खरिद गरेको विललाई मात्र आधार मानी निःशुल्क पाठ्यपुस्तक अनुदान वापत विभिन्न ३८ विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रकम बमोजिमको पाठ्यपुस्तक खरिद गरी EMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ।

## १०६ दिवा खाजा कार्यक्रम

कार्याक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को २.८.७ क्रियाकलापको बुँदा नं ङ मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थीका लागि दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं (घ) मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट विधार्थीको

सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ। साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था भएकोमा पालिकाले दिवा खाजा वापत यस वर्ष विभिन्न ३८ विद्यालयको नाममा रु.५६,४०,१९५।०० निकासा गरेको छ। थप निकासा दिनुभन्दा अगाडि पहिलो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भयो भएन बारे कुनै प्रतिवेदन जारी नगरी निकासा गरेको कार्य विश्वसनीय नभएको हुँदा कार्यक्रम कार्यान्वियन पुस्तिकाले व्यवस्था गरेको कुराको कार्यान्वियन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१०७ **नमुना विद्यालय**

कार्याक्रम कार्यान्वियन पुस्तिका, २०८१/०८२ को क्रियाकलाप नं. ११.१.२.२९८० नमुना विद्यालय सुधार गरुयोजना अनुरुप भौतिक निर्माण अनुदान अन्तर्गत नमुना विद्यालयले स्वीकृत गुरूयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरूको प्राथामिकतामा उल्लेख गरेका कार्यक्रम सञ्चालन गर्न चालु आ.व.का लागि स्वीकृत बजेटबाट निर्माण गर्ने कार्यको विद्यालय व्यवस्थापन समितिको निर्णयसहित स्थानीय तहमा पेस गर्ने। यस केन्द्रको च. नं. ३६७ मिति २०८१।०३।०५ को पत्रमा उल्लेखित स्थानीय तहमा यस उपक्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहका विद्यालयका लागि गत वर्ष भौतिक पूर्वाधार निर्माणाधीन रहेको स्वीकृत गुरूयोजना तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण सम्पन्न गर्न तथा नयाँ निर्माण गर्न चालु आर्थिक वर्षका लागि प्रति विद्यालय १ करोड रकम सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको छ। विद्यालयबाट विगत वर्षबाट निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वयन योजना र यस आ.व.मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई स्वीकृत गरी तपसिलअनुसार अनुदान उपलब्ध गराउने र विद्यालयसँग निर्माणको सम्झौता गरी नियमानुसार खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गर्ने लगायत सम्पूर्ण कार्यको जिम्मेबार विद्यालयलाई बनाउने गरी सशर्त अनुदानमा विनियोजित रकम विद्यालयलाई निकासा दिने व्यवस्था बमोजिम पालिकाले यस वर्ष श्री मनोहर जनता मावि लाई रु.१,००,००,०००।०० निकासा गरेको देखिन्छ। यस सम्बन्धमा विद्यालयले नै सम्पुर्ण ठेक्का प्रक्रिया गरेकोले यस सम्बन्धमा कुनै कागजात परीक्षण गरीएको छैन।

१०८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई तोकिए बमोजिम वार्षिक १० महिनाको प्रति महिना १६ पिसको दरले वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गत वर्ष विभिन्न विद्यालयमा ६९५ थान बाँकी रहेका र यस वर्ष खरिद गरेका २३१८४ थान सेनिटरी प्याडमध्ये २२७५२ थान विद्यालयमा विवरण गरेको र ४३२ थान प्याड पालिकामा रहेकोले विद्यालयलाई वितरण गर्न बाँकी रहेको विवरण पेश गरेको छ। विद्यालयको नाममा निकासा गरेका प्याड विद्यार्थिले तोकिए बमोजिमको गुणस्तर र परिमाणमा समयमै पाए नपाएको सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

१०९ **प्रविवेदन पेश नगरेको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११० **बढी भुक्तानी**

३११ २०८२।०३।२३ कालिका सामुदायिक माध्यमिक विद्याललाई विद्यालयमा शैक्षिक गुणस्तर सुद्दृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रकम रु.२००००० भुक्तानी गरिएको छ। जसमा दुई कोठाको शिलिङ निर्माण तथा पंखा र विद्युतीय जडान सम्बन्धी रु. १७२२२५।९६ को कार्य स्विकार प्रतिवेदनमा उल्लेख छ। जसमा विद्यालयले थप शिक्षक निर्देशिका र पोर्टफोलियो (कक्षा १-३) खरिद रु.१८२५० बराबरको खरिद गरी जिन्सी दाखिला गरेको छ। यसरी जम्मा रु.१९०४७५ भुक्तानी हुनुपर्नेमा रु.२००००० भुक्तानी भएकोले बढी भएको भुक्तानी रकम रु.९५२५ कालिका सामुदयिक माध्यमिक विद्यालयबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ९,५२५ |
|---|---|

१११ **प्रविधि हस्तान्तरण**

गरिबी निवारणको लागि लघ्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा १९(१) बमोजिम कार्यलयले कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि प्रथम चौमासिक अवधिभित्र आवश्यक सेवा प्रदायक संस्था छनौट गरिसक्नुपर्ने र उपदफा २ प्रथम चौमासिक अवधिभित्र कुनै कारणवश सेवा प्रदायक संस्था छनौट हुन नसकेमा त्यसरी सेवा प्रदायक छनौट हुन नसक्नुको उचित आधार र कारण उल्लेख गरी उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले दुई महिना म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विभिन्न कार्याक्रम सञ्चालन गरेकोमा निम्न प्रविधि हस्तारण सम्बन्धि कार्यक्रम तोकिएको अवधिभित्र संस्थाको छनौट गरी कार्यक्रम सञ्चालन गरेको नदेखिएको तथा प्रविधिको निरन्तर उपयोग गरी उद्यमशिलता विकास भएको सम्बन्धमा उद्योग सञ्चालन गरिरहेको उल्लेख गरे तापनि सोको अनुगमन गरी प्रतिवेदन मार्फत एकिन गरेको नदेखिएकोले हस्तान्तरित प्रविधिको दिगो उपयोग र उद्यमशिलता विकास तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। पालिकाले विगत तिन वर्षमा लघुउद्यम विकास कार्यक्रम अन्तर्गत खरिद गरी २० प्रतिशत लागत साझेदारीमा उद्यमीहरुलाई हस्तान्तरण गरेको प्रविधिको दिगो उपयोग र उद्यमशिलता विकासलाई निरन्तरता दिएको सम्बन्धमा ऐनले तोके बमोजिम अनुगमन गर्नुपर्दछ। पालिकाले विगत तिन वर्षमा हस्तान्तरण गरेको प्रविधि र सोको हालको अवस्था पालिकाले उपलब्ध गराएको विवरण बमोजिम देहाय बमोजिम रहेको देखिन्छ:

| क स | प्रविधिको नाम | समुह/ व्यक्तिको नाम | २०७९/ ८० | २०८०/ ८१ | २०८१/ ८२ | हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | टपरी बनाउने मेशिन | सिर्जनशील दुना टपरी बनाउने लघु उद्यमी समुह | २३५०००.० | ० | ० | सञ्चालित |
| २ | पापड बनाउने मेशिन | सिर्जनशील पापड उत्पादक लघु उद्यमी समुह | ० | २९५०००.० | ० | वडा कार्यालयमा रहेको |
| ३ | टपरी बनाउने डाइ | सिर्जनशील दुना टपरी बनाउने लघु उद्यमी समुह | ० | ५०६६०.० | ० | सञ्चालित |

११२ **कृषी अनुदान**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्याविधि,२०८१ को दफा २६(२) बमोजिम अनुदानग्राहिलाई अनुदान उपलब्ध गराउने कार्यालयले अनुदान सम्बन्धी विवरण वेबसाइटमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने व्यवस्था रहेको छ।साथै कार्यविधिमा कार्यक्रम सञ्चालन विधि/क्रियाकलाप/न्यूनतम मापदण्ड/प्रासाङ्गिक विषय/अनुदानको सिमा लगायतको सम्बन्धमा व्यवस्था गरेको छ। पालिकामा यस वर्ष सञ्चालन गरेका निम्न कार्यक्रममा लाभग्राहीको छनौट विधि, मापदण्ड, आधार, मुल्याङ्कन, उक्त कार्यक्रमको लागि तोकिए बमोजिमको लागत अनुमान र उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरुको सार्वजनिक सुचना आव्हान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राही छनौट गरी विगत वर्षहरुमा प्रदान गरेको लाभग्रिलाई यस वर्ष प्रदान नगर्ने गरी अनुदान प्रदान गर्नुपर्नेमा पालिकाले यस वर्ष

कृषि तर्फ सञ्चालन गरेका विभिन्न कार्यक्रममा उक्त कार्यविधिको पुर्ण पालना गरेको नदेखिएकोले आवश्यक मापदण्ड तयार गरी उपयुक्त लाभग्राहिको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र अनुदान प्राप्त लाभग्राहीको विवरण नियमित रुपमा अद्यावधिक गरी सार्वजनिकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ११२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११३ **पशुपालनमा अनुदानको विवरण**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित भएका पशु तथा मत्यविकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्याविधि,२०८१ को दफा १२(४) बमोजिम सम्बन्धित कार्यालयले सार्वजनिक जानकारीको लागि अनुदानग्राहिको विवरण नियमित अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकरण गर्नुपर्ने व्यवस्था रहेको छ।साथै कार्यविधिमा कार्यक्रम सञ्चालन विधि/क्रियाकलाप/न्यूनतम मापदण्ड/प्रासाङ्गिक विषय/अनुदानको सिमा लगायतको सम्बन्धमा व्यवस्था गरेको छ।पालिकामा यस वर्ष सञ्चालन गरेका निम्न कार्यक्रममा लाभग्राहीको छनौट विधि, मापदण्ड, आधार, मुल्याङ्कन, उक्त कार्यक्रमको लागि तोकिए बमोजिमको लागत अनुमान र सार्वजनिक सुचना आव्हान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राही छनौट गरी विगत वर्षहरुमा प्रदान गरेको लाभग्रिलाई यस वर्ष प्रदान नगर्ने गरी अनुदान प्रदान गर्नुपर्नेमा पालिकाले यस वर्ष पशु तर्फ सञ्चालन गरेका विभिन्न कार्यक्रममा उक्त कार्यविधिको पुर्ण पालना गरेको नदेखिएकोले आवश्यक मापदण्ड तयार गरी उपयुक्त लाभग्राहिको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र अनुदान प्राप्त लाभग्राहीको विवरण सार्वजनिकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

११४ **निरन्तर अनुदान उपलब्ध**

प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्याविधि,२०८१ को दफा ३० बमोजिम अनुदान ग्राहिले एउटै कामको लागि संघ,प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। साथै अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरुलाई प्राथमिकता दिनुपर्नेछ भनि व्यवस्था गरिएको छ। तर पालिकाले विगत वर्ष २०७९/८० र २०८०/८१ मा समेत अनुदान प्रदान गरेका लाभग्राहीलाई यस वर्ष २०८१/८२ मा समेत अनुदान प्रदान गरेको देखिन्छ। किसान तथा कृषक समुहले एक वर्ष अनुदान प्राप्त गरे पश्चात उक्त अनुदानबाट उत्पादन भएको कृषी उपजको केहि अशं बिउको रुपमा प्रयोग गर्नुपर्नेमा उक्त कार्य गरेको देखिदैन। यसरी कार्यविधिले तोके बमोजिम एउटै किसान तथा कृषी समुहलाई लगातार अनुदान प्रदान गर्ने कार्यमा नियन्त्रण गरी अनुदान वितरण कार्यलाई कार्यविधिले तोके बमोजिम वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११५ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ लगायतको प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ। कार्यविधिले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।पालिकाले ६ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष संघीय सरकारबाट रु.१५,११,८८,६८० बजेट प्राप्त भएकोमा रु.१५,११,८८,६८० कोष तथा लेखा नियन्त्रक कार्यालयको IPFMS बाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन:

११५.१ **सार्वजनिक सुनुवाई:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बँदा न. ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ। आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ

११५.२ **पारदर्शिता र जवाफदेहिता** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकुया, भत्ताको दर, प्राप्त हुने वैंक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिनहुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

११५.३ **सामाजिक सुरक्षा भत्ता वितरणको तुलना-** यस पालिकामा आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

| सि.नं. | लाभग्राहीवर्ग | भत्तादर (मासिक) | २०८०।८१मारहेकालाभग्राहीकोसंख्या (औसत४त्रैमासिकको) | २०८१।८२मारहेकालाभग्राहीकोसंख्या (औसत४त्रैमासिकको) |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक (अन्य) | २४०० | २२१४ | २२९१ |
| २ | जेष्ठ नागरिक (दलित) | १५४ | १९४ | १९३ |
| ३ | एकल महिला | २९० | २४९ | २१३ |
| ४ | विधवा | ५८२ | ४५७ | ४८१ |
| ५ | पूर्ण अपाङ्गता | १४० | १२८ | १३१ |
| ६ | अतिअसक्त अपाङ्ता | २३२ | २३५ | २४० |
| ७ | दलित बालबालिका | २०२ | २५४ | २५९ |
| जम्मालाभग्राहीसंख्या | | | ३७३० | ३८०७ |
| जम्माखर्चरकम | | | १४,७३,०२,०९२ | १५,११,८८,६८० |

पालिकामा सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा रु. १४,७३,०२,०९२ खर्च भएकोमा आ.व. २०८१।८२ मा रु. १५,११,८८,६८० खर्च भएको देखिन्छ । गत वर्षको तुलनामा यो वर्ष औसतमा ७७ जना लाभग्राहीको संख्या बृद्धि भई रु.३८८६५८८ बढी खर्च भएको छ भने खर्च रकम २।६३८ प्रतिशतले बृद्धि भएको देखिन्छ।

११५.४ **निष्कृय खाता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बँदा न. २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यू भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ। यस पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न एन.एम.वि बैंक, एन.आइ.सि एसिया बैंक, प्राइम बैंक, नविल बैंक र कृषि विकास बैंक शाखा कार्यालयमा रहेका निष्कृय खाता भएका लाभग्राहीहरुको विवरण माग गर्दा

समेत सोको विवरण प्राप्त नभएकोले पालिकाले निष्कृय खाताको विवरण (लाभग्राहिको नाम, मौज्दात रकम तथा निष्कृय भएको मिति सहित) माग गरी निष्कृय रहेका लाभग्राहीको सम्बन्धमा यकिन गरी सो रकम फिर्ता गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११५.५ **सामाजिक सुरक्षा भत्ता वितरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बँदा न. २२ अनुसार अनुसूची ६ बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी गाउँपालिकामा रहेकोमा ९ वडाहरुको सामाजिक सुरक्षा भत्ता नेपाल एस बि आई बैङ्क, प्राईम कमर्शियल बैङ्क, मुक्तिनाथ बिकास बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, कामना सेवा बिकास बैक र एन एम बि बैकबाट वितरण गराउदै आएको छ। कोलेनिकाको CGAS प्रणालीको प्रतिवेदनमा सामाजिक सुरक्षा भत्ता वापत रु. १५११३३७९२ निकासा अनुरोध पठाई रु. १५,११,८८,६८० खर्च लेखेको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष अन्य जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, ज्येष्ठ एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग र दलित बालबालिका समेत ७ बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण देहाय अनुसार छ ।

| सि.न | लाभग्राहीको प्रकार | दर | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौंथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वितरण संङ्ख्या | रकम | वितरणसंङ्ख्या | रकम | वितरण संङ्ख्या | रकम | वितरणसंङ्ख्या | र |
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ४००० | २२४५ | २६६९७१३७ | २२७३ | २७०७९८०७ | २३१० | २७४८७८२१ | २३३६ | २ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २६६० | १९२ | १५०२९०० | १९४ | १५३७४८० | १९४ | १५२४१८० | १९३ | १ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६६० | २१८ | १७३४३२० | २१८ | १७२९००० | २१३ | १६८९१०० | २०१ | १ |
| ४ | विधवा | २६६० | ४६३ | ३६६२८२० | ४७३ | ३७३९७८३ | ४८७ | ३८४१२१७ | ४९९ | ३ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ३९९० | १३२ | १५७६०५० | १३२ | १५७६०५० | १३० | १५४५७२६ | १२९ | १ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २१२८ | २३७ | १५०२३६८ | २३९ | १५१९३९२ | २३७ | १५१३००८ | २४८ | १ |
| ७ | दलित बालबालिका | ५३२ | २६९ | ४१३९७९ | २५९ | ४०१५०७ | २५१ | ३८९२४१ | २५५ | ३ |
| जम्मा | | | ३७५६ | ३७०८९५७४ | ३७८८ | ३७५८३०१९ | ३८२२ | ३७९९०२९३ | ३८६१ | ३ |

११५.६ **लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बँदा नं. ११ मा मृत्यू भएमा, बसाईँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा

मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ। पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनि यकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले तथा स्थानीय पञ्जिकाधिकारीले कार्यविधिको पालना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।पालिकाले लगत कट्टा भएका तर बैँकमा नगद मौज्दात रहि रहेका हालसम्मका लाभग्राहिको थप यकिन गरी सो रकम फिर्ता गर्नुपर्दछ।

११५.७ **एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बँदा न. २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाको सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने बैँकमा एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण माग गरेकोमा सोको विवरण प्राप्त भएन। पालिकाले उक्त खाताहरुको थप यकिन गरी लाभग्राहीलाई सुसूचित गराई सो रकम फिर्ता गर्नुपर्दछ।

११५.८ **सामाजिक सुरक्षा मौज्दात तथा हिसाब भिडान-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं. २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसूची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेको छ। लाभग्राहिको अद्यावधिक विवरण अनुसार सफल हुन नसकेको भुक्तानीको यकि गरी सोको हिसाब मिलान गर्नुपर्दछ। सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा उपलब्ध गराईने भएकाले लगत कट्टा भएका लाभग्राहीको खातामा लगत कट्टा भएको मिति भन्दा पछाडि पनि भुक्तानी हुनसक्ने भएकाले बैँक बाट सो रकम फिर्ता गर्नुपर्ने विवरण माग गरेको छैन। लगत कट्टा भएका लाभग्राहीको लगत कट्टा लागु हुने मिति समेत यकिन नगरेकोले के कति रकम फर्ता गर्नुपर्ने सम्बम्धमा नमुना छनोटको आधारमा हेर्दा देहायको व्यक्तिको फर्ता गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा थप यकिन गरी सो प्रकृतिको रकम फिर्ता गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ साथै कार्यविधि अनुसार बैँकले विवरण उपलब्ध गराउने तथा पालिकाले अद्यावधिक विवरण अनुसार हिसाब फरफारक गर्नु पर्दछ ।

| सि.नं. | परिचयपत्र नं. | लाभग्राहीको नाम | फिर्ता गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २००८१२३००७६६९ | डबलीमाया दर्जी | ५३३४ | २०८२।०३।३२ को पत्र |
| २ | २०१००६२५०१६२९ | इन्द्र माया भण्डारी | २६६७ | २०८२।०३।१० मा मृत्यू |
| ३ | २०११०९०७०३०३९ | सेर बहादुर श्रेष्ठ | ६००० | २०८२।०८।१२ को पत्र |
| ४ | | गम बहादुर राई | १८००० | २०८१।१०।१४ मा मृत्यू |
| जम्मा | | | ३२००१ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,००१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मिक्लाजुङ गाउँपालिका, मोरङ , मिक्लाजुङ गाउँपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अभय कुमार गुप्ता | २०८०-६-१ | २०८१-४-२ |
| कार्यालय प्रमुख | तुलराज थापा मगर | २०८१-५-५ | २०८२-०५-०८ |
| लेखा प्रमुख | सुशिल वास्तोला | २०७९-५-१२ | २०८१-१०-०९ |
| लेखा प्रमुख | शालिग्राम दाहाल | २०८२-०१-१७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १८,५७८,११८.७ | २०,९४१,३१६ | ८,३०७,२०४.०३ | ० | ० | ३,७५९,८१६ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५१,५८६,४५४.७३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६३०,८८५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५०,९५५,५६९.७३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १२३७६७०३२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५८९६४३३० | चालु खर्च | ३५५०७२७२२ |
| प्रदेश सरकारबाट अनुदान | ३१६७७००० | पूँजीगत खर्च | १८३२६१९१४ |
| राजश्व बाँडफाँट | ९६४१०३९४ | वित्तीय/अन्य व्यवस्था | २३१९९३७०० |
| आन्तरिक आय | १२९७८७७३ | | |
| अन्य आय | २३९९२०३०६ | | |
| कुल आय | ७३९९५०८०३ | कुल खर्च | ७७०३२८३३६ |
| बाँकी मौज्दात | | ९३३८९४९९ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,३७,७५,९१७.२५ | ० | १०,३७,७५,९१७.२५ | १०,४२,००,३६१.२६ | ० | १०,४२,००,३६१.२६ |
| १३००० | अनुदान | | ३७,८४,८१,४६१.६० | ० | ३७,८४,८१,४६१.६० | ३९,००,६८,५०९.११ | ० | ३९,००,६८,५०९.११ |
| १४००० | अन्य राजस्व | | २,९९,३३,०४९.३१ | ० | २,९९,३३,०४९.३१ | ८,३८,१३,८९३.२९ | ० | ८,३८,१३,८९३.२९ |
| १५००० | विविध प्राप्ति | | ३,००,३१६.८० | ० | ३,००,३१६.८० | १,२४,१६२.०० | ० | १,२४,१६२.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ५१,२४,९०,७४४.९६ | | ५१,२४,९०,७४४.९६ | ५७,८२,०६,९२५.६६ | | ५७,८२,०६,९२५.६६ |
| ३ | चालु | | ३५,५०,७२,७२१.५५ | ० | ३५,५०,७२,७२१.५५ | ३८,०५,८४,४२०.३७ | ० | ३८,०५,८४,४२०.३७ |
| २१००० | पारिश्रमिक / सुविधा | | २१,२७,०७,८९२.३४ | ० | २१,२७,०७,८९२.३४ | २१,२२,५०,२५४.४१ | ० | २१,२२,५०,२५४.४१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १३,४८,७३,२५१.७६ | ० | १३,४८,७३,२५१.७६ | १६,०६,५१,८४१.९६ | ० | १६,०६,५१,८४१.९६ |
| २७००० | सामाजिक सुरक्षा | | ४६,०६,७९८.०० | ० | ४६,०६,७९८.०० | ५४,३८,५९४.०० | ० | ५४,३८,५९४.०० |
| २८००० | अन्य खर्च | | २८,८४,७७९.४५ | ० | २८,८४,७७९.४५ | २२,४३,७३०.०० | ० | २२,४३,७३०.०० |
| ४ | पूंजीगत | | १८,३२,६१,९१३.५६ | ० | १८,३२,६१,९१३.५६ | १८,९८,७०,८७६.८२ | ० | १८,९८,७०,८७६.८२ |
| ३१११० | भवन तथा संरचना | | १,७९,२५,७६९.०० | ० | १,७९,२५,७६९.०० | ३,५९,५६,०८०.०० | ० | ३,५९,५६,०८०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ६९,०८,७०७.५६ | ० | ६९,०८,७०७.५६ | ४९,०६,३८२.०० | ० | ४९,०६,३८२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३३,८४,३५०.०० | ० | ३३,८४,३५०.०० | ० | ० | ० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | २,४९,०३५.०० | ० | २,४९,०३५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १५,५०,४३,०८७.०० | ० | १५,५०,४३,०८७.०० | १४,३७,८८,५०९.८२ | ० | १४,३७,८८,५०९.८२ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ४९,७०,८७०.०० | ० | ४९,७०,८७०.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५३,८३,३४,६३५.११ | | ५३,८३,३४,६३५.११ | ५७,०४,५५,२९७.१९ | | ५७,०४,५५,२९७.१९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (२,५८,४३,८९०.१५) | | (२,५८,४३,८९०.१५) | ७७,५१,६२८.४७ | | ७७,५१,६२८.४७ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | (५०,१७,४०७.००) | | (५०,१७,४०७.००) | ३९,६७,४९९.७५ | | ३९,६७,४९९.७५ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | ८,७००.०० | | ८,७००.०० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | (३,०८,६१,२९७.१५) | | (३,०८,६१,२९७.१५) | १,१७,१९,१२८.२२ | | १,१७,१९,१२८.२२ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | १२,३७,६७,०३२.६० | | १२,३७,६७,०३२.६० | ११,२०,४७,९०४.३८ | | ११,२०,४७,९०४.३८ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | **९,२९,०५,७३५.४५** | | **९,२९,०५,७३५.४५** | **१२,३७,६७,०३२.६०** | | **१२,३७,६७,०३२.६०** |

## बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.न. | आयोजनाको नाम | ठेक्का नम्बर | निर्माण व्यवसायीको नाम | जम्मा क्षेत्रफल | बढी भुक्तानी भएको ट्याक कोटको स्प्रे दर | बिटुमिन लिटर | भुक्तानी दर रु. | बढी भुक्तानी(मुअकर सहित) रु |
|---|---|---|---|---|---|---|---|---|
| १ | Mime chowk-Tukure-Kalikot-Asarechowk… kalopatre | ७/MRMM/WORKS/NCB/२०८०-८१ | एस.कपिडि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | १२०७.४२५ | ०.१० | १२० | १३० | १७६२८ |
| २ | Construction of Drain and Blacktop in ward ७ and ८ | ९/MRMM/WORKS/NCB/२०८०-८१ | प्रेमा कस्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ५८०९.७० | ०.१० | ५८०.९७ | १३० | ८५३४५ |
| ३ | Bhandari Chowk to Miney Chowk Kalopatre | १३/MRMM/WORKS/NCB/२०८०-८१ | इनोभेसन कस्ट्रक्सन सर्भिस | १७२०६.१२ | ०.१० | १७२०.६१२ | १२० | २३३३१५ |
| | **जम्मा** | | | | | | | **३३६२८५** |

## बेरूजु दफा १०० सँग सम्बन्धित विवरण - अनुसूची -५

| किराना | | | | | | |
|---|---|---|---|---|---|---|
| सि नं | व्यवसायको नाम | दर्ता मिति | पालिका दर्ता मिति | नविकरण | वार्षिक कर | जम्मा |
| १ | अनित किराना पसल | ९/८/२०७७ | ९/८/२०७७ | १५० | ७५० | ९०० |
| २ | अन्जु किराना पसल | ७/१३/२०७५ | ७/१३/२०७५ | १५० | ७५० | ९०० |
| ३ | अन्जु किराना पसल | ७/१३/२०७५ | ७/१३/२०७५ | १५० | ७५० | ९०० |
| ४ | अमृत डोटल एण्ड किराना पसल | ४/२३/२०७६ | ४/२३/२०७६ | १५० | ७५० | ९०० |
| ५ | अमृत होटल एण्ड किराना खरिद बिक्री केन्द्र | ६/१६/२०७७ | ६/१६/२०७७ | १५० | ७५० | ९०० |
| ६ | आर्यन किराना पसल | ४/१९/२०७६ | ४/१९/२०७६ | १५० | ७५० | ९०० |
| ७ | इन्दिरा किराना पसल | ८/१९/२०७६ | ८/१९/२०७६ | १५० | ७५० | ९०० |
| ८ | ईन्द्र किराना पसल | ७/२८/२०७५ | ७/२८/२०७५ | १५० | ७५० | ९०० |
| ९ | एेलिसा किराना पसल | ८/१४/२०७५ | ८/१४/२०७५ | १५० | ७५० | ९०० |
| १० | कटुवाल किराना पसल | ८/२२/२०७६ | ८/२२/२०७६ | १५० | ७५० | ९०० |
| ११ | कमला किराना पसल | ८/२२/२०७६ | ८/२२/२०७६ | १५० | ७५० | ९०० |
| १२ | खगेन्द्र किराना पसल | ५/२२/२०७७ | ५/२२/२०७७ | १५० | ७५० | ९०० |
| १३ | गणेश किराना | ११/३/२०७५ | ११/३/२०७५ | १५० | ७५० | ९०० |
| १४ | गिता किराना | ९/१५/२०७५ | ९/१५/२०७५ | १५० | ७५० | ९०० |
| १५ | घिमिरे किराना पशल | ४/२३/२०७६ | ४/२३/२०७६ | १५० | ७५० | ९०० |
| १६ | जानुका किराना पसल | ८/१२/२०७६ | ८/१२/२०७६ | १५० | ७५० | ९०० |
| १७ | जितेन्द्र किराना पसल | ११/३/२०७७ | ११/३/२०७७ | १५० | ७५० | ९०० |
| १८ | जे-जे किराना एण्ड कोल्ड सेन्टर | १२/५/२०७६ | १२/५/२०७६ | १५० | ७५० | ९०० |
| १९ | जोशी किराना पसल | २/२९/२०७६ | २/२९/२०७६ | १५० | ७५० | ९०० |
| २० | डिकेश किराना पसल्ा | ४/३०/२०७५ | ४/३०/२०७५ | १५० | ७५० | ९०० |
| २१ | दिपक किराना | ४/२७/२०७५ | ४/२७/२०७५ | १५० | ७५० | ९०० |
| २२ | दिपा किराना पसल | ६/१५/२०७५ | ६/१५/२०७५ | १५० | ७५० | ९०० |
| २३ | देव दर्शन किराना पसल | ६/१३/२०७६ | ६/१३/२०७६ | १५० | ७५० | ९०० |
| २४ | निरौला किराना पसल | ८/१२/२०७६ | ८/१२/२०७६ | १५० | ७५० | ९०० |
| २५ | पुरूषोतम किराना पसल | ६/४/२०७५ | ६/४/२०७५ | १५० | ७५० | ९०० |
| २६ | प्रविन किराना स्टोर | ५/२८/२०७७ | ५/२८/२०७७ | १५० | ७५० | ९०० |
| २७ | प्रशुराम किराना पसल | ४/२०/२०७६ | ४/२०/२०७६ | १५० | ७५० | ९०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
